
# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

साउन २०६८




## पढाऊँ नडुबाऊँ

**विशेष सामग्री**

- **के हो गुणस्तरीय शिक्षा ?**
  - केदारभक्त माथेमा
  - डा. सुरेशराज शर्मा
  - डा. विद्यानाथ कोइराला
  - गुणस्तर मापनका अन्तर्राष्ट्रिय मापदण्डहरू
- **विद्यालयमा सभासद् नै सर्वेसर्वा ?**
- **शिक्षकलाई लिङ्कनको पत्र**


YAMAHA
बल्ल चित्त बुझ्यो !
Mileage 72 KMPL
125CC
हेर्दा अति सुहाउँदो
सबैलाई चित्त बुझ्यो !
YBR 125
MAW
Morang Auto Works, Tripureshwor, Kathmandu : 01-4261160, 4261847
म.क्षे.हु.नि. द.नं. ५६/०६७/६८

# शिक्षक
मासिक

वर्ष ४ पूर्णाङ्क ४०

साउन २०६८
Jul-Aug 2011



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
के.बी. मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे


**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु दर्ता ५३/०६५/०६६


## एसएलसी-२०६७
## सार्वजनिक स्कूलको नतिजा




१.९% अन्य (परीक्षा छाड्ने, नतिजा स्थगित, रद्द र निष्काशित)

# पढाऊँ, नडुबाऊँ


रिपोर्ट
पृष्ठ ४०-४५


# गुणस्तरीय शिक्षा के हो के होइन ?


| | |
|---|---|
| सुदर्शन घिमिरे | २२-२८ |
| तुलसी थपलिया | २९ |
| डा. सुरेशराज शर्मा | ३०-३३ |
| डा. विद्यानाथ कोइराला | ३४-३५ |
| केदारभक्त माथेमा | ३६-३७ |

**समाचार** १०-१३

बढुवाको आवेदन खुला ■ पोशाक भत्ता स्थायीलाई मात्रै ■ भुले स्रोतकेन्द्रका सबै स्कूलमा *शिक्षक* ■ बी.एड. पढ्न कठिनाई ■ ३५७ विद्यालयले इन्टरनेट पाउने ■ आयोग अध्यक्षविहीन ■ लेख्ने विद्यार्थीलाई अवसर ■ शिक्षकको लगानीमा रिक्सा-भ्यान ■ बालमैत्री शिक्षणका लागि हाते पुस्तिका

**अन्य सामग्री**

विद्यालय व्यवस्थापनः सभासद् नै सर्वेसर्वा ?
*दीर्घराज उपाध्याय, १४*

आत्मनिर्भर नागरिक बनाउन आत्मनिर्भर शिक्षक
*डा. दिपु शाक्य, १९*

नतिजा खस्किनुमा सबै जिम्मेवार
*गुणराज लोहनी, ४६*

सोचाइमा मौलिकता काममा सफलता
*कलेन्द्र सेजुवाल, ४८*

गणितः यसरी आउँछ १०० मा १००
*संवाद, ५०*

प्रविधि विकासमा प्रकृतिको प्रेरणा
*डा. तीर्थबहादुर श्रेष्ठ, ५२*

नियमविनाको वर्णविन्यासः सिकारूलाई समस्या
*लावण्य ढुङ्गाना, ५४*

ENGLISH IS FUN TO LEARN
*Ram Hari Rijal, 56*

**स्तम्भ**

विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, मनका कुरा ८, जिज्ञासा र जवाफ ५८, फुर्सद ६१, आलोपालो ६४



***शिक्षक*को ग्राहक बन्दा आधिकारिक व्यक्तिबाट मात्र बन्नुहोस् । पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला ।**

■ हस्त गुरुङ

# निगरानी नगरिएको शिक्षाले विनाश निम्त्याउँछ

सरकारी विद्यालयको यसपालिको एसएलसीको नतिजाले महाभारतको कथा सम्झन बाध्य पार्दछ।

पाण्डव र कौरव हुर्किंदै गएपछि तिनको शिक्षा-दीक्षालाई लिएर हस्तिनापुर दरबारमा चर्चा र चिन्ता गर्न थालियो। राजा पाण्डु हलचल गर्न नसक्ने गरी थलिइसकेका थिए। जन्मान्ध धृतराष्ट्रलाई छोरा-भतिजाहरूको चिन्ताले भन्दा आफूले राजपाट नपाएको कुण्ठाले बढी सताएको थियो।

राजकुमारहरूको पठनपाठनको विषयमा कौरव र पाण्डवका आमाहरू गान्धारी र कुन्तीको पनि कुनै भूमिका थिएन। हस्तिनापुरको उत्तराधिकारी जन्माउन सकेकोमा ती आफैंप्रति कृत-कृत्य थिए, दङ्ग थिए। बाँकी थिए त सबैका संरक्षक भीष्म। राजकुमारहरूलाई कस्तो शिक्षा कसले र कसरी दिनुपर्छ भन्ने कुरा उनले पनि सोचेका थिएनन्।

अन्ततः आफ्नो आश्रम चल्न नसकेर विलखबन्दमा परेका आचार्य द्रोणलाई राजदरबारमै राखेर पढाउन लगाउने निधो भयो। सांसारिक बाध्यतामा परेका द्रोणले दरबारको प्रस्ताव स्वीकार गरे।

शिक्षा शुरु भयो। हस्तिनापुर दरबार राजकुमारहरूलाई शिक्षा दिने आफ्नो कर्तव्य पूरा गरेको ठानेर ढुक्क भयो। तर शिष्यहरू गुरुको अनुशासनमा थिएनन्। दुर्योधनले त राजकुमारको रवाफ देखाउँदै आचार्य विरुद्ध कडा शब्द पनि प्रयोग गर्दथे। यस्तो बेलामा आचार्य कुण्ठित हुन्थे अनि भन्थे, "दुर्योधन, तिम्रो मुखबाट मेरा पापहरू बोलिँदैछन्। पैसाको लागि राज्यको दास बनेर आफ्नो शिक्षा बेच्ने काम गर्ने गुरुले गरेको पापकर्म तिमी मलाई सम्झाइरहेका छौ। मेरो बुद्धि र कर्तव्य त्यसैबेला मारिएको थियो, जतिबेला मैले विद्यालाई धनमा बेच्न सम्झौता गरें।"

गुरु र शिष्य तथा शिष्य-शिष्यहरूबीच सद्भाव र सौहार्द होइन, कटुता र शत्रुता बढिरहेको थियो। तर हुनेवाला राजा र राजकुमारहरूलाई कस्तो शिक्षा दिनुपर्ने हो, शिक्षालयमा कस्तो शिक्षा चलिरहेको छ, गुरुले के पढाउँदै छन् अनि बालकहरूले के कस्तो सिक्दैछन् भन्नेतिर राजभवनले कहिल्यै ध्यान दिएन। न कुनै निगरानी न त सोधखोज। पाण्डव र कौरवले दरबारी शिक्षामा सिकेको सबभन्दा ठूलो कुरा थियो- शस्त्र-अस्त्र चलाउने, जित्ने-हार्ने र मर्ने-मार्ने कला।

सिकेकै कुरा न हुन्छ, शिक्षाको समाप्तिसँगै द्रोणाचार्यका शिष्यहरू युद्धको तयारीमा जुटे। युद्ध भयो। युद्धको दुवै पक्षमा मुख्य पात्र कुरुकुल र पाण्डुकुलका राजकुमारहरू नै थिए। यी दुवै कुलसँगै हस्तिनापुर पनि नष्ट भयो। सन्तानले गरेको दोषका भागी मातापिता हुनु परे झैं राजकुमारहरूको दुष्कृत्यको फल त्यो देशले पनि भोग्नुपर्‍यो।

युद्धबाट सम्पूर्ण नाश भइसकेपछि द्रोणले दिएको शिक्षाको समीक्षा भयो। निष्कर्ष निकालियो– शिक्षाको जिम्मेवारी बोकेको राज्यले न त शैक्षिक क्रियाकलापको निगरानी गरेको थियो, न विद्यार्थीले पाएको शिक्षाको मूल्याङ्कन। शिक्षालाई अन्धकारमा छोडेर राज्य सुतेको थियो। त्यसको परिणाम आयो– सर्वनाश।

गुरु द्रोणले शिष्यहरूलाई युद्धकला सिकाएका थिए। तिनले युद्धकला बाहेक अरू केही सिकेनन्। शान्ति र मेलमिलापका नीतिबारे एकशब्द पनि सुन्न पाएनन्। उनीहरूका लागि युद्ध गर्नु नै सर्वस्व शिक्षा थियो। शिक्षा जस्तो थियो- परिणाम पनि त्यस्तै आयो- युद्ध र विनास।

नेपालको शिक्षा व्यवस्था अहिले यस्तै रोगले ग्रसित छ। सरकारले लगानी गरेको छ। शिक्षक दिएको छ। शिक्षालयको व्यवस्था गरेको छ। तर विद्यालयमा के भइरहेको छ? त्यसको निगरानी गर्ने उत्सुकता र चासो छैन। शिक्षाको आवधिक मूल्याङ्कन नै छैन।

परिणाम, सरकारले शिक्षामा गरेको लगानीको दुईतिहाई अंश खेर गएको छ। यस वर्षको एसएलसीमा सामेल कुल ३ लाख ८७ हजार ७५८ विद्यार्थीहरूमध्ये सरकारी विद्यालयका ३६.०५ प्रतिशत मात्र उत्तीर्ण भएका छन्। सरकारी विद्यालयहरूबाट मात्र परीक्षामा सामेल हुने ३ लाख ७ हजार ६११ परीक्षार्थीको अनुपातमा मात्र हेर्ने हो भने आधाभन्दा निकै कम (४६.६२ प्रतिशत) उत्तीर्ण भएका छन्। अर्थात् सरकारको आधा लगानी खेर गएको छ।

एसएलसीमा यस्तो परिणाम किन आउँछ? उत्तर स्पष्ट छः शिक्षामा सार्वजनिक शिक्षाको सम्पूर्ण जिम्मेवारी वहन गरेको सरकार धृतराष्ट्र बनेको छ। उसले शिक्षाको जिम्मेवारी त्यस्ता शिक्षकलाई बोकाएको छ, जो आचार्य द्रोण जसरी नै जीविकाका लागि पढाउने पेशा रोज्न विवश छन्। त्योभन्दा पनि महत्त्वपूर्ण हाम्रा शिक्षकहरू पनि द्रोणाचार्य जस्तै कुण्ठा र भयबाट ग्रसित छन्। तलब बाहेक, एउटा सच्चा शिक्षकलाई नभई नहुने स्वाभिमान, निर्भयता, स्वतन्त्रता, सम्मान, संरक्षण र उत्प्रेरणा दिन महाभारतकालीन हस्तिनापुर जस्तै हाम्रो राज्यप्रणाली चुकिरहेको छ।

द्रोणाचार्य पछुतोमा बाँचे र धोकाबाट मारिए। आफ्नो सबैभन्दा सत्यवादी भनिएको शिष्य युधिष्ठिरले 'नरो वा कुन्जरो वा अश्वत्थामा हतोहतः' (मान्छे मर्‍यो कि हात्ती- अश्वत्थामा भने मर्‍यो) भनेपछि पुत्रशोकमा उनको मृत्यु भयो।

चिन्तनशील शिक्षकहरूलाई हाम्रो एउटै अनुरोध छ, आफूलाई द्रोणाचार्य र मुलुकलाई हस्तिनापुर हुनबाट बचाउन कसैले सक्छ भने तपाईंले सक्नुहुन्छ। कोसिस गर्ने हैन त?

# यो अङ्क ज्योतिष होइन

अङ्क ज्योतिषले अङ्कको गणना गर्छ । यो विधाले मानिसको नामदेखि अनेक कुराको मान अङ्कमा निकालेर कसलाई के राम्रो वा नराम्रो हुन्छ भनेर भविष्यवाणी गर्छ । यहाँ पनि शब्दको मान अङ्कमा दिइएको छ तर यो चाहिँ ज्योतिष होइन ।

पहिले एउटा प्रश्न;


ज्ञान, कठोर परिश्रम, प्रेम, भाग्य र प्रवृत्ति/व्यहोरामा सबभन्दा ठूलो के हो ?

अङ्ग्रेजीका A देखि Z सम्मका अक्षरको स्थानमान क्रमश: १ देखि २६ सम्म राखेर यी शब्दको कुल मानफल हेरौँ:

कठोर परिश्रम अर्थात् Hard Work को मान यस्तो हुन आउँछ H+A+R+D+W+O+R+K = 8+1+18+4+23+15+18+11 = 98%

यसरी नै हिसाब गर्दा ज्ञानको मान K+N+O+W+L+E+D+G+E = 11+14+15+23+12+5+4+7+5 = 96%

प्रेम (love) ले संसार धान्छ भनिन्छ तर प्रेमको मात्र मान निकै कम हुन्छ L+O+V+E=12+15+22+5=54%




'भाग्य' (luck) एक्लैले त सयको आधा नम्बर पनि पाउँदैन, L+U+C+K = 12+21+3+11 = 47%

त्यसो भए सबभन्दा महत्वपूर्ण के हो त ? अरू केही शब्दको मान आफैँ हेर्न सकिन्छ । के पैसा (Money) हो त ? कि धनसम्पत्ति (Wealth) कि नेतृत्व (Leadership) सबै समस्याको समाधान हुन्छ यदि हाम्रो प्रवृत्ति ठीक छ भने । प्रवृत्तिलाई अङ्ग्रेजीमा ATTITUDE भनिन्छ । संयोगवश, यसको अङ्कमान सयमा सय नै हुन्छ ।


A+T+T+I+T+U+D+E=1+20+20+9+20+21+4+5= 100

सबैले बुझ्ने भाषामा यसलाई व्यक्तिको व्यहोरा भने पनि हुन्छ । कसैले फुइँ दियो भने पनि अङ्ग्रेजीमा ATTITUDE प्रदर्शन गरेको मानिन्छ ।

अङ्कले देखाएको कुरा हो । तैपनि; समस्या समाधानतिर नै अघि बढ्ने हो भने प्रवृत्तिमै सुधार हुनुपर्ने रहेछ ।



# प्रतिक्रिया र सुझाव




## अङ्ग्रेजी सबैथोक होइन है !

भाषा स्वयम्मा ज्ञान होइन, माध्यम मात्र हो । यद्यपि भाषिक सीपको विकासले ज्ञान आर्जनमा मद्दत गर्दछ । भाषिक दक्षता र भाषाको विकास यसको सरलता, उपयोगिता, सहजता र मौलिकतामा निर्भर गर्दछ । भाषा सिकेर मात्रै जानिँदैन; यसको प्रयोग त्यतिकै महत्त्वपूर्ण हुन्छ । विद्यालयमा भाषा घोकाइने र व्याकरणको कसीमा राखेर विशुद्ध बनाउने चेष्टा गरिन्छ । तर यो विधिले मात्र भाषाको सिकाइ र बुझाइ सम्भव हुँदैन ।

अङ्ग्रेजी मोह बढ्नुमा बढी को जिम्मेवार छौं ? राज्यले सही नीति तथा कार्यक्रम तय गर्न नसकेर या विद्यार्थीको अन्तर्राष्ट्रिय ज्ञानको मोह ! आर्जन गर्ने रुचि या अभिभावकको बालबच्चालाई बढीभन्दा बढी जान्ने सुन्ने बनाउने चाहना ? या शिक्षकको विद्यार्थी आकर्षित गर्ने रणनीति ?

अङ्ग्रेजी भाषालाई सीमाभन्दा बढी महत्त्व दिन बाध्य भएर हामीले मानवीय स्वभाव विकास र समुदायको स्तरोन्नति गराउने बृहत् ज्ञानको खाँचोलाई बर्सेकै हौं त? केवल प्राविधिक (तकनिकी) शिक्षा हासिल गर्न आँखा चिम्लेर हामफाल्ने उपक्रम त गरिरहेका छैनौं? विश्वबजारमा दाम र नाम कमाउने हैसियतको अवसर खोजीमा नै आफ्नो मौलिक नेपालीपन हराएर कृत्रिम मानव बन्ने दुष्प्रयास त गरिरहेका छैनौं ? यसर्थ लादेर भन्दा आवश्यकता र सहजतालाई केन्द्रबिन्दुमा राखेर भाषा सिकौं र सिकाऔं । भाषा मात्र नभई ज्ञानको क्षेत्रलाई विस्तार गरी नागरिक अस्मिता र राष्ट्रोन्नतिको कार्यदिशालाई पनि अँगालौं । अन्यथा पुस्तौंसम्म घर न घाटको भएर देशकै भविष्य चौपटमा रहने खतरा रहनेछ । असार २०६८ को *शिक्षक* मासिकको समग्रमा यही निचोड निस्कन्छ र अङ्ग्रेजी भाषा विषयक खोजमूलक यस अङ्कप्रति आभारसहित धन्यवाद ।

कुमार राई
सिर्जनशील प्रावि, होम्ताङ-४, भोजपुर

## एसएलसी परीक्षाफल कम कि बढी !

गत वर्षको तुलनामा यस वर्षको एसएलसी परीक्षाफल रुण्डै ८ प्रतिशतले कम भएको देखिन्छ । यसरी बढ्दै गएको उत्तीर्ण प्रतिशत अचानक घट्नुको कारण मेरो विचारमा सरकारले यस वर्ष परीक्षालाई मर्यादित बनाउन गरेको कडा प्रयासको परिणाम हो । तर परीक्षा जस्तो हुनुपर्ने हो र जतिसम्म सरकारले मिहिनेत गरेको थियो त्यति मात्रामा प्रभावकारी हुनसकेको थिएन । यदि परीक्षालाई पूर्णतया मर्यादित बनाउने हो भने उत्तीर्ण प्रतिशत अझै कम हुने देखिन्छ ।

विद्यार्थीको पढाइको स्तरलाई हेर्दा अहिलेको उत्तीर्ण प्रतिशत पनि धेरै बढी छ । केही राम्रा तथा निजी विद्यालय बाहेकका विद्यालयको शैक्षिक वास्तविकतालाई आधार बनाउने हो भने उत्तीर्ण प्रतिशत ३५ भन्दा बढी हुनसक्दैन ।

यसबाट परीक्षालाई जति मर्यादित बनाउन सक्यो उत्तीर्ण प्रतिशत त्यति नै ओरालो लाग्ने स्पष्ट देखिन्छ । विगतमा बढेको उत्तीर्ण प्रतिशत केवल शिक्षकले आफ्नो विषयमा, प्रअले विद्यालयमा, जिशिअले जिल्लामा र क्षेत्रीय शिक्षा निर्देशकले आफ्नो क्षेत्रमा आफूलाई राम्रो देखाउन र शिक्षा मन्त्रालयले दातृ निकायहरूले दिएको डलर पचाउनको निम्ति गरेको गलत अभ्यासको परिणाम थियो भन्ने पनि छर्लङ्ग भएको छ ।

इन्द्रराज भट्ट
धारीपाटा मावि, धारी, दार्चुला

## तालिमले बुझाएन, *शिक्षक* ले बुझाइदेओस् !

*शिक्षक* पत्रिका शिक्षा क्षेत्रमा सरोकार राख्ने र शिक्षण पेशामा संलग्न वा हुन चाहनेका लागि विश्वसनीय पथ-प्रदर्शक भएको छ ।

शिक्षकका लागि परियोजना कार्य, समस्या अध्ययन, कार्यमूलक अनुसन्धान

## दरबन्दी मिलाउँ

*शिक्षक* मासिकको २०६८ जेठ अङ्कमा दिइएको तालिका अनुसार नेपालका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या रहेको पाइँदैन । तसर्थ हिमाल, पहाड र तराई उपत्यकामा विद्यार्थी सङ्ख्या तलको तालिका अनुसार हुनुपर्ने देखिन्छ ।

| कक्षा | देहायको भन्दा कम विद्यार्थी भएमा | | |
|---|---|---|---|
| | हिमाल | पहाड | तराई/उपत्यका |
| १-३ | २१ | ३६ | ५७ |
| १-५ | ३५ | ६० | ९५ |
| ६-८ | २१ | ३६ | ५७ |
| ९-१० | १४ | २४ | ३८ |

न्यून जन्मदर, शहर एवं तराईतर्फ बसाइँसराइ र निजी विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढेका कारण यस्तो भएको हुनसक्छ ।

विद्यार्थीको अनुपातमा दरबन्दी बढी भएका विद्यालयका शिक्षकहरूलाई शिक्षा मन्त्रालयले समन्वय गरी अन्य मन्त्रालय तथा विभागहरूमा सरुवा गरिदिएमा खेर गइरहेको जनशक्तिको सदुपयोग हुन्थ्यो कि !

लीलाबहादुर राना/टेकमान थापा
सर्वोदय उमावि, बौघागुम्हा-५, पाल्पा

## एसएलसी प्यारोडी

- ■ फलामे ढोकाको नामले प्रसिद्ध थियो एसएलसी
- ● प्लाइको ढोका सरी पनि रहेन एसएलसी

- ■ स्कूले शिक्षाको अन्तिम पडाव थियो एसएलसी
- ● गुणन, भाग सिकाइको उद्गमबिन्दु भयो एसएलसी

- ■ मेहनत र तयारीको पर्याय थियो एसएलसी
- ● गेसपेपर बेचिने मौसम मात्र भयो एसएलसी

- ■ इक्का दुक्का उत्तीर्ण हुने मर्यादित थियो एसएलसी
- ● प्रथम श्रेणी उत्पादन गर्ने मेसिन भयो एसएलसी

- ■ रोजगारी र उच्च शिक्षाको आधार थियो एसएलसी
- ● साक्षरता दर वृद्धिको पूरक मात्र भयो एसएलसी

- ■ 'स्कूल लिभिङ सर्टिफिकेट' थियो एसएलसी
- ● सारेर लेख्ने 'कम्पिटिसन' भयो एसएलसी

- ■ भविष्य तय गर्ने कसी थियो एसएलसी
- ● वर्तमान तय गर्ने कसी समेत रहेन एसएलसी

एसएलसीको पुरानै ख्याति प्राप्त गर्ने कसरी ?
कडा नीति, नियम र अनुगमनको लगाम कसौं बेस्सरी !

- ■ भूतकाल
- ● वर्तमान

केशव सिंह तिंकरी
धारीवाटर मावि, धारी, दार्चुला

र तहगत आधारमा (ज्ञान, बोध, प्रयोग) प्रश्नपत्र निर्माण जस्ता कुरा अति आवश्यक हुन्छन् । त्यसैले परिचय, प्रकार, विषय क्षेत्र, भिन्नता, सीमा (परियोजना कार्य, अवस्था अध्ययन र कार्यमूलक अनुसन्धानको) जस्ता कुरा प्रस्ट हुने गरी विज्ञहरूबाट लेखाइ प्रकाशित गर्न अनुरोध गर्दछु । साथै, तिनै शीर्षकका लागि केही प्रश्न पनि दिइयोस् । यसैगरी प्रस्ट परिचय र आधारसहितका प्रश्नपत्रका नमुना पनि प्रकाशित होऊन् ।

विगतमा शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत शिक्षकका लागि सेवाकालीन तालिम सञ्चालन गरिए । प्रशिक्षक र प्रशिक्षार्थीबाट तालिम लिने-दिने काम भयो । यसमा म पनि संलग्न थिएँ । तर माथिका शीर्षकमा म आफैं प्रस्ट नभएकाले केही गर्न सकिनँ । साँचो अर्थमा त्यो तालिममा ठगिने र ठग्ने काम मात्र भयो ।

तालिम सञ्चालनका लागि केन्द्रबाट खटिने व्यक्ति नै विषयवस्तुमा प्रस्ट नहुने, गोलमटोल तरिकाले कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । त्यसको असर मातहतका सबैतिर पर्ने नै भयो । त्यसैले तालिम सञ्चालन गर्ने निकायले सर्वप्रथम केन्द्रमै दक्ष प्रशिक्षक तयार पार्नुपर्‍यो र प्रभावकारी ढङ्गले तालिम सञ्चालन गर्नुपर्‍यो । अन्यथा, टारा टार्ने तालिममा साधन स्रोत बगाउनुको औचित्य देखिँदैन ।

अत: शिक्षण पेशाका लागि अपरिहार्य परियोजना कार्य, अवस्था अध्ययन, कार्यमूलक अनुसन्धान र प्रश्नपत्र सम्बन्धमा प्रस्ट आधारसहितका नमुनाले *शिक्षक* मा प्राथमिकता पाउने छन् भन्ने विश्वास गर्दछु ।

नेपाली विषयका तालिम विज्ञहरू अङ्ग्रेजी, गणितका भन्दा अल्छी र टालमटोल गर्ने भएकाले उपर्युक्त समस्याको समाधान नेपाली विषयमै होस् भन्ने अपेक्षा पनि गर्दछु ।

माधवप्रसाद भट्टराई
रामदेव जनता उमावि, भ्रमरपुरा, महोत्तरी

## शिक्षण विधिमा

## Role Play को भूमिका

कुनै पनि शिक्षकले आफूले पढाएका कुरा विद्यार्थीले राम्ररी बुझून् भन्ने नै चाहन्छ । यसरी पढाउन शिक्षकले पाठको पूर्वअध्ययन गर्नुका साथै त्यसनिम्ति आवश्यक सन्दर्भ सामग्रीहरूको पनि अध्ययन गरेको हुनुपर्छ । तर यति गर्दागर्दै पनि सम्पूर्ण विद्यार्थीले समान रूपले पढाएको कुरा बुझ्दैनन् । यस्तो हुनुको एउटा कारण शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई आफ्नो कार्यप्रति आकर्षित गर्न नसक्नु हो ।

सिकाइ प्रक्रिया आकर्षक हुनुपर्दछ । शिक्षकले पढाइरहेको पाठमा विद्यार्थीको रुचि जागेको हुनुपर्दछ । सिकाइ प्रक्रियालाई प्रभावकारी र दिगो बनाउन अहिले 'Role play' विधिको प्रचलन बढेको छ । Role play को विधिबाट शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीलाई समान रूपले पाठ्यपुस्तकमा भए अनुरुप पात्रहरू बनाई अध्यापन गर्दा वा शिक्षकले विद्यार्थीहरूलाई एक्ला-एक्लै वा समूहमा राखेर छोटो समयमा राम्ररी पढाउन सकिन्छ । Role Play को विधि अनुसार प्रदर्शन, अभिनय, प्रतिबद्धता र एकाग्रता इत्यादि तरिकाबाट सिकाउँदा सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ ।

पाठ्यपुस्तकका पाठ अनुरुप विद्यार्थीहरूलाई अभिनय गराई पाठका कुराहरूबारे उनीहरूको मानसपटलमा दिगो प्रभाव पार्नु नै यो विधिको मर्म हो । यो तरिकाबाट पढाउँदा विद्यार्थीले पाठ बुझ्ने मात्र होइन, त्यसलाई महसुस पनि गर्न सक्छन् । यो 'गर र सिक' प्रकारको सिकाइ प्रक्रिया पनि हो । यसमा विद्यार्थीले पाठ रटेर कण्ठ पार्नुपर्दैन । उनीहरूले राम्ररी बुझेका कुरालाई सजिलै अन्यत्र व्यक्त गर्न सक्छन् । यसका साथै पढुञ्जेल मात्र याद रहने र पछि बिर्सेर जाने समस्या हुँदैन ।

यसरी सिकेका कुराहरू विद्यार्थीको मस्तिष्कमा स्थायी रूपले रहन्छन् । यस अर्थमा, Role Play सिकाइ विधि विद्यार्थीको शिक्षाको आधार तयार गर्ने एउटा उत्तम विधि हो' भन्न सकिन्छ ।

गीता पञ्जियार 'थारू'
चोइना विणा गुरु गणेश प्रावि, लोहाचोक, ललितपुर

# प्रतिक्रिया र सुझाव

## विज्ञान र गणितका प्रश्न

एसएलसी परीक्षाका निम्ति विज्ञान, गणित जस्ता प्राविधिक विषयका प्रश्नपत्र बनाउँदा पाठ्यक्रम र 'ग्रिड'लाई आधार बनाएर विद्यार्थीले सकेसम्म सिर्जनात्मक उत्तर खोजून् भन्ने लक्ष्य राख्नुपर्छ। तर ३/४ वर्ष यताका एसएलसीका प्रश्नपत्र हेर्दा विज्ञान र गणितका प्रश्नपत्र समेत पाठ्यपुस्तकबाट हुबहु नक्कल गरिएको पाइन्छ। यसले गर्दा एकातिर सिक्ने विद्यार्थी र सहजीकरण गर्ने शिक्षकको ज्ञानको अभिवृद्धि ठप्प भएको छ भने अर्कातिर परीक्षामा चोर्ने विद्यार्थी, चोराउने शिक्षक र अभिभावकलगायत सबैलाई सजिलो भएको छ। त्यस्ता प्रश्नका उत्तरहरू सबै गाइड र गेसपेपरमा पाइन्छन्। फलतः नपढे पनि परीक्षामा चोरेर सजिलै पास भइहालिन्छ वा भइहाल्छन् मानसिकताले धेरैभन्दा धेरै शिक्षक र विद्यार्थीलाई गाँज्दै लगेको छ। के परीक्षा नियन्त्रण कार्यालयले प्राविधिक विषयमा हाम्रो भावी पिँढीलाई डुबाउनै खोजेको हो? हैन भने, यसतर्फ पनिकाले ध्यान पुऱ्याओस्।

कर्मा गेलु शेर्पा
जुनबेसी मावि, सोलुखुम्बु

## यो के गरेको सरकारले ?

शिक्षा नियमावलीले प्रावि तृतीय, निमावि तृतीय र मावि तहका शिक्षकहरूले क्रमशः २१ महिना, १८ महिना र १२ महिनाको तलब बराबर हुन आउने रकम औषधोपचार खर्च पाउने व्यवस्था गरेको छ। उनीहरूको वर्तमान तलब स्केल क्रमशः रु.९,९००, रु.१०,५६० र रु.१३,९९० तोकिएको छ। यो स्केल र नियमको आधारमा उनीहरूले पाउने औषधोपचार खर्च पनि क्रमशः रु.२,०७,९००, रु.१९०,०८० र रु.१,६७,८८० हुने देखिन्छ। अर्थात् प्रा.तृ. शिक्षकले भन्दा निमावि तृतीय शिक्षकले रु.१७,८२० र मा.तृ. शिक्षकले रु.४०,०२० कम उपचार खर्च पाउँछन्। यसलाई न्यायसङ्गत मान्न सकिन्छ कि सकिँदैन?

अनिवार्य अवकाश हुने शिक्षकले अवकाश भन्दा एक महिना अगाडि एक श्रेणी बढुवा हुने सुविधा पाउँदा-पाउँदै पनि यही औषधोपचार खर्च घट्ने डरले बढुवा लिन अस्वीकार गरेका थुप्रै घटना छन्। सरकारले शिक्षकहरूलाई यस्तो स्थितिमा पुऱ्याउनु उचित होला?

अतः अगामी बजेट निर्माणमा नियमावली परिवर्तन गरेर हुन्छ वा तलब स्केलमा पनि न्यायोचित परिवर्तन गरेर हुन्छ त्यस्ता समस्याहरू नपर्ने गरी राष्ट्रसेवकहरूको मनोबल उच्च पार्ने खालको व्यवस्था गरियोस्।

ध्रुवराज खनाल
जनज्योति उमावि, भिमाद-१, तनहूँ


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ। तीनथाना, काठमाडौं, फोन: ४३११८४३)

नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस

काठमाडौं शिक्षा क्याम्पस
पद्मोदय उमाविको भवन, रामशाहपथ, काठमाडौं,
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२३०२४०, विद्यार्थी सूचना-१६१८००७७३०२४१
उक्त नं. हरूमा नेपालभरिका ल्यान्डलाइन फोनबाट सम्पर्क गर्न सकिनेछ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

KSC Notice
- ✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
- ✓ वेबसाइट, नोटिस बोर्ड तथा फेसबुकमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म।
- ✓ एमएड प्रथम वर्षको कक्षा आरम्भ असार २९ गतेबाट।


## कसरी भनुँ !

एक्लो थिएँ कसरी भनुँ,
परिवार मेरो साथमा थियो।
गरिब छु कसरी भनुँ,
बिहान-बेलुकी खान पुगेकै थियो।
इच्छा पूरा भो कसरी भनुँ
आवश्यकताहरू असीमित थिए।
मनमा शान्ति थियो कसरी भनुँ,
हृदय जलिनै रहेको थियो।
जीवन आँसुमा छ कसरी भनुँ,
हाँसो र खुसी बाँचेकै थिएँ।
आज मैले कसरी भनुँ,
म त संसारमा भुलेको थिएँ।
सबैलाई भनेँ मनको व्यथा
सुन्ने एउटा मात्र साथी थियो
को हो भनी बुज्दा-
*शिक्षक* मासिक पत्रिका थियो।

प्रमोदकुमार दास
दीपेन्द्र निमावि, जोगीडाँडा,
रिस्कू-६, उदयपुर

## गजल

जिन्दगीभर चकसँग लडेँ मजाले
रमाउँदै अघि बढेँ मजाले

यात्रुहरू तार्दै बसेँ बगर कुरेर
दाँत झऱ्यो, केश पाक्यो सारै मजाले

आफ्नो कथा-व्यथा पढ्ने कोही भएनन्
विद्यार्थीको संवेदना पढेँ मजाले

स्थायी गर्ने आयोग खुल्ने कहिले रै'छ खै
अस्तव्यस्त रसातलमा गडेँ मजाले

कहिलेसम्म यसैगरी पर्गेलिने होला
सपनीमा माथि माथि चढेँ मजाले

अन्त कतै नलागेर यतै कस्सिएँ
न त टेक्ने न समाउने सडेँ मजाले

डिल्लीराम भण्डारी
शिवालय उमावि, बलराम गुठी, स्याङ्जा

### पाठकमा अनुरोध

लेख-रचना पठाउँदा नाम, ठेगाना र फोन नं. स्पष्ट रूपमा लेखिदिनुहुन अनुरोध छ।

- सं.)

# हाम्रो TEAM

www.hamroteam.org.np

हाम्रो टीम कुशल नेतृत्व, सामूहिक भावना र एकताको कथा हो। यो भविष्यको सपना देख्ने र त्यसलाई साकार पार्नका लागि बाटामा आइपर्ने सबै बाधा पार गर्दै एकताबद्ध भएर अघि बढ्न सक्ने हँसिला, रसिला र मिजासिला तन्नेरीहरूको कथा हो।

हामी सबैसँग हाम्रा आफ्नै लागि, समाजका लागि र राष्ट्रका लागि विभिन्न सपना छन्। एक्लैको सपना सबैको सपनै रहन्छ सबैको सपना एक भए साकार हुन्छ रे! तपाईंले देखेको सपना कस्तो छ? त्यो सपनामा के-के र को-को देख्नुहुन्छ, तपाईंको सपनाको बारेमा निस्फिक्री लेख्नुहोस्। **मेरो सपना** शीर्षकमा तपाईंको रचना ८०० शब्दमा नबढाई लेख्नुहोस् र तलको ठेगानामा पठाउनुहोस्।

**शिक्षक साथी,**
**आफ्ना विद्यार्थीलगायत यस उमेर समूहका चिने-जानेका व्यक्तिहरूलाई यस प्रतियोगितामा भाग लिन प्रोत्साहित गरिदिन अनुरोध छ।**

**केही उत्कृष्ट सपनाहरूलाई आकर्षक पुरस्कार प्रदान गरिनेछ।**
**सहभागी हुनसक्ने समूह:** १५ देखि २५ वर्ष
**भाषा:** नेपाली
यस निबन्ध प्रतियोगिताका उत्कृष्ट चार निबन्ध युथ एफएमको 'अभिरत्न' कार्यक्रममा समावेश गरिनेछ।
**समय:** शनिबार बेलुकी ९-१० बजे
**रेडियो:** युथ एफएम ९६.८ मेगाहर्ज साथै देशका ७ शहर र हेटौंडाको रेडियो आकाशगंगा ८८.५ मेगाहर्ज
**निबन्ध प्राप्त हुनुपर्ने मिति:** १५ भदौ २०६८ (1st September 2011)

**निबन्ध पठाउने ठेगाना:**
**सर्च फर कमन ग्राउण्ड नेपाल**
२९३/२ नर्सरी मार्ग, लाजिम्पाट, काठमाडौं, फ्याक्स: ०१-४४३७१५२
पोष्ट बक्स नं.: २४९०५, इमेल: sapana@hamroteam.org.np

Search for Common Ground

शिक्षक मासिक

YOUTH FM 96.8 MHz VOICE OF YOUTH

# आदर्श विद्यालयका नौ आधार

विद्यालय मानिसको भविष्य निर्माण गर्ने थलो हो । एउटा मानिसले आफ्नो आयुको ठूलो अंश विद्यालयमा खर्च गर्दछ । यस्तो दूरगामी महत्त्व राख्ने विद्यालय निर्विवाद रूपमा आदर्श हुनु आवश्यक हुन्छ । आदर्श थलोबाट तयार हुने जनशक्ति मात्र 'आदर्श' नागरिक हुनसक्छ । एउटा आदर्श विद्यालयका केही आधारभूत चरित्र वा गुण हुन्छन् । तीमध्ये यहाँ नौ महत्त्वपूर्ण गुण वा आकर्षण उल्लेख गरिएको छ ।

**सुगमताः** आदर्श विद्यालयको प्रथम आकर्षण सुगमता हो । विद्यालयमा सजिलै पुग्न सकिने गुण हुनुपर्छ । विद्यालय पुग्ने बाटो हिलो, धूलो र त्रासरहित हुनुपर्दछ । अरु सुलभ यातायातको व्यवस्था भए सरोकारवालाको सहभागिता सहज हुन्छ । सहज सहभागिताले विद्यालय र विद्यार्थीबीचको सम्बन्ध सुमधुर पार्न मद्दत पुऱ्याउँछ । अपनत्व बढ्छ । अपनत्वबाट विद्यालयका गुण र दोष केलाई दोष हटाउने कार्यमा साथ-सहयोग जुट्छ ।

**समावेशीः** विद्यालय सामाजिक संस्था भएकाले यसको व्यवस्थापन समिति तथा शिक्षकहरूको समूह समावेशी हुनु आवश्यक हुन्छ । विद्यालयलाई जात र लिङ्को आधारमा आर्थिक उपार्जन गर्ने थलोको रूपमा हेरिनु ठूलो भूल हुन्छ । जात, लिङ्ग, वर्ण र धर्मका आधारमा होइन सीपयुक्त व्यक्तित्वहरू समावेश भएको विद्यालय आकर्षणको केन्द्रबिन्दु बन्दछ । चित्रकार, सिकर्मी, पोषणविद्, डाक्टर, मनोवैज्ञानिक, वातावरणविद्, अर्थविद्, सङ्गीतकार, खेलाडी, कृषि विशेषज्ञ, कवि जस्ता व्यक्तिको पहुँच विद्यालयमा हुनु आवश्यक हुन्छ ।

**स्तरीयताः** प्रअ र उसको प्रशासनिक दक्षता, शिक्षक र उनीहरूको कार्यकुशलता, विद्यार्थी र तिनले राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा प्राप्त गरेको स्थान नै स्तरीय विद्यालयको पहिचान हो । उत्पादित जनशक्तिले श्रम बजारमा प्राप्त सफलताले विद्यालयप्रतिको आकर्षण बढाउँछ । यो अति आवश्यक एवं गहिरो आकर्षण हो । तसर्थ शिक्षालाई सङ्ख्याका आधारमा नगनेर गुणका आधारमा स्थापित गराउनुपर्दछ ।

**सामाजिकीकरणः** विद्यालय र समाजबीचको सम्बन्ध नङ र मासुको जस्तो हुनुपर्छ । विद्यालयलाई जोन डिबेले बताए जस्तै समाजको सानो आकारको रूपमा लिएर व्यवहार गर्नुपर्दछ । समाजमा प्रचलनमा रहेका मूल्य, मान्यता, पर्व, संस्कार आदिलाई विद्यालयले स्थान दिनुपर्दछ । थारू बस्तीका विद्यालयमा सामाचकेवा; शेर्पा, गुरुङ, तामाङ बस्तीमा ल्होसार, मुसलमान बस्तीमा इदका कार्यक्रम विद्यालयले नै सञ्चालन गर्न सके समाज र विद्यालयबीच अपनत्व बढ्छ र योगदानका आयामहरू वृद्धि हुन्छन् ।

**सरलताः** सरलता भनेको व्यवहारको सजिलोपन हो । विद्यालयका भौतिक, शैक्षिक र प्रशासनिक पक्षहरूको सरल जानकारी विद्यालयको महत्त्वपूर्ण आकर्षण हो । सरल जानकारीको लागि सरल र स्पष्ट नक्सा, फोन, वेबसाइट, भाषा-शैली र व्यवहार सरल एवं स्पष्ट भए विद्यालयप्रति चासो राख्नेको ध्यान तान्न सकिन्छ ।

**सफा र सुन्दरताः** सुन्दरतालाई केवल भौतिक रूपमा मात्र लिने गरिन्छ । तर भौतिकसँगै भाषिक र व्यावहारिक सुन्दरताको महत्त्व बढी हुन्छ । प्रअ र शिक्षकले प्रयोग गर्ने शब्द र सम्बोधन सरल तथा नरम हुनुपर्दछ । हामी पदमा पुगेपछि हाकिम पल्टिने गर्छौं । यसले प्राप्त गरेको भौतिक सुन्दरतामा ग्रहण लगाइदिन्छ ।

**विशिष्टताः** विशेष योग्यता; पहिचान तथा गुणलाई विशिष्टता भनिन्छ । विद्यालयले प्राप्त गरेको लगातारको विजय यात्रा, शैक्षिक सफलता, भ्रमण कार्यक्रम, व्यावहारिक विषयको अध्यापन, शिक्षक, नौलो संस्कृति, प्रयोगात्मक शिक्षण विधि, पोशाक आदिले विशिष्टता झल्काउँछन् । यिनै गुणहरूले विद्यालयप्रति सबैको जिज्ञासा र चासो बढाइदिन्छ । यस्ता विशिष्ट गुणको संरक्षण र सम्बर्द्धन गर्नुपर्दछ ।

**शान्त वातावरणः** हालका दिनहरूमा राजनीतिक भर्ती; द्वन्द्व, चन्दा, अपहरण, गुट-उपगुट आदि विभिन्न कारणले विद्यालय क्षेत्र अशान्त बन्दै आएको छ । यो ग्राह्य कुरा होइन । साथै बाह्य रूपमा मात्र होइन मानसिक रूपमा पनि विद्यालयको वातावरण शान्त हुनुपर्दछ ।

**सम्पन्नताः** हरेक कुराको आकर्षणको व्यवस्थापन र निरन्तरताको आधार पूँजी हो । आरामदायी भवन, आकर्षक फूलबारी, कम्प्युटर, टीभी, चमेना गृह, सवारी साधन, पंखा, पुस्तकालय, पाहुना सत्कार आदिको सफा व्यवस्थापन विद्यालयको नभई नहुने आकर्षण हो । विज्ञापन, रङ, कम्पाउण्ड, गेट र बाटो सम्पन्नताबाट मात्र निरन्तर दुरुस्त राख्न सकिन्छ ।

**युवराज दाहाल**
लक्ष्मीपुर उमावि, पोर्ताहा, त्रिनपा-५, उदयपुर

# शिक्षक सुध्रौं, विद्यालय सुध्रन्छ

सरकारले शिक्षामा बर्सेनि ठूलो धनराशी लगानी गरिरहेको छ । तर हाम्रा सरकारी विद्यालय नेताको राजनीतिक चौतारी र शिक्षकको जागिर पचाउने थलोको रूपमा विकसित हुँदै गएका छन् । ऐन-नियमहरू कागजमै सीमित छन् । तराई क्षेत्रमा त फर्जी विद्यालयका नाममा समेत ठूलो रकम दुरुपयोग भइरहेको देखिन्छ । शिक्षक नियुक्तिमा अनियमिततादेखि, विद्यालयमा जाने छात्रवृत्ति, पीसीएफ, दिवा खाजा तथा पोषण, एसआईपी जस्ता विद्यार्थीको सङ्ख्या गर्ने दिइने अनुदानमा कृत्रिम आँकडा पेश गरी दुरुपयोग गर्ने घटनाहरू बढ्दो क्रममा छन् । शैक्षिक गुणस्तर गिर्दै गएको छ । सरकारी स्कूलमा राम्रा शिक्षक र प्रअहरू नभएका होइनन् तर ती ओझेलमा छन् । राजनीतिक आड र विव्यसभित्रका विकृत मान्छेहरूसँग साँठगाँठ गर्ने शिक्षकको दवदवा बढ्दो छ ।

यो बेथितिका बीच सकारात्मक पक्ष हुँदै नभएका पनि होइनन् । तथापि राम्रो कामलाई प्रोत्साहन गर्ने परिपाटीको टड्कारो खाँचो छ । म स्वयं सामुदायिक विद्यालयमा कार्यरत अस्थायी शिक्षक हुँ । मलाई म अस्थायी छु भन्ने नै लाग्दैन । किनकि मेरो पहिलो कर्तव्य कर्म गर्नु हो । अस्थायी वा स्थायी जे भए पनि मेरो पहिलो धर्म सेवामा रहेको दिनसम्म विद्यालय र विद्यार्थीको हितमा काम गर्नु हो । बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा संलग्न हुनु हो । किनकि मैले जनताले तिरेको करबाट राज्यकोषको तलब-भत्ता खाएको छु ।

शिक्षण हाम्रो पेशा हो । विद्यार्थी हाम्रा केन्द्रबिन्दु हुन् । शिक्षण सिकाइको एउटा लक्ष्य सञ्चार गर्नु हो । सञ्चार सधैं दोहोरो हुन्छ । आफू मात्र बोल्ने, विद्यार्थीलाई बोल्नै नदिने शैलीबाट सार्थक शिक्षण हुन सक्दैन, त्यो प्रवचन वा पढाइ मात्र हुन्छ । पढाउनु र सिकाउनु नितान्त भिन्न कुरा हुन् । सिकाउनु भनेको पाठ्यक्रममा लक्षित सिकाइ उपलब्धिलाई पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको माध्यमले कुशल शैक्षणिक विधिसाथ रमाइलो वातावरणमा आवश्यक शैक्षिक सामग्री प्रयोग गर्दै बालबालिकामा सीप हस्तान्तरण गरी तिनको व्यवहारमा परिवर्तन ल्याउन सक्नु हो । आफूले जानेका कुरा एकोहोरो प्रस्तुत मात्रै गर्नु पढाउनु हो । यसर्थ सोचौं, हामी पढाउने गुरु बन्ने कि सिकाउने शिक्षक ? असल शिक्षक बन्ने कि जागिरे कारिन्दा ? शिक्षण सदैव सक्रिय हुनुपर्छ । कुशल र दक्ष शिक्षकले बालमनोविज्ञान र बालमैत्री आचरण देखाउनुपर्छ ।

हाम्रा कक्षाकोठा बालमैत्री छैनन् । प्रविधिमैत्री त झन् कहाँ हुनु ! बालमैत्री व्यवहार भनेको बालबालिकालाई मित्रवत् व्यवहार गर्नु हो । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९० मा विश्वव्यापी बालअधिकारको घोषणा गऱ्यो । उक्त महासन्धिको बुँदा नं. १ मा भनिएको छ, "प्रत्येक देशले बालअधिकार सम्बन्धी संविधानको व्यवस्था गरी प्राथमिक (आधारभूत) शिक्षालाई मौलिक हकका रूपमा राख्नुपर्नेछ ।"

नेपालको 'बालबालिका सम्बन्धी' ऐन २०४८ को दफा ७ को 'बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्नुहुँदैन' भन्ने वाक्यांशले विद्यालयमा दण्ड र यातनालाई वर्जित गरेको छ । ८ माघ २०६७ मा भएको शिक्षा नियमावलीको छैठौं संशोधनले शिक्षकको आचारसंहिताको नियम १३३(ट) मा समेत विद्यार्थीलाई शारीरिक तथा मानसिक यातना दिन नहुने भन्ने स्पष्ट व्यवस्था गरेको छ । अझै पनि हामी विद्यार्थीलाई छडी प्रयोग गरेर, डर देखाएर, धम्क्याएर आफ्नो काबुमा राख्न खोज्छौं वा उसलाई होच्याउने, हीनताबोध गराउने, कक्षाकोठामा जान्ने/नजान्ने, अपाङ्ग/सबलाङ्ग, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिक, धार्मिक, सामाजिक विभेद गर्छौं भने ती सबै बालविरोधी गतिविधि भित्र पर्छन् ।

आजभोलि सिकाइका नवप्रवर्तित सिद्धान्तहरू प्रतिपादन भइरहेका छन् । त्यस्ता सिद्धान्तलाई पछ्याउँदै प्रविधिको अधिकतम उपायोग गरी बालमैत्रीपूर्ण वातावरणमा शैक्षिक सामग्रीसहितको सक्रिय शिक्षण आजको आवश्यकता हो । सक्रिय शिक्षण कसरी गर्ने त ? जब विद्यार्थीले सुन्छ मात्र, उसले त्यसै बिर्सन्छ । जब उसले देख्न (देखेर/हेरेर) सिक्छ, त्यो सम्झन्छ । अरु उसले जे गर्छ (गरेर सिक्छ) त्यो सम्झन्छ, अरु उसले जे गर्छ (गरेर सिक्छ) त्यो उसले पूर्ण रूपमा बुझ्छ ।

शिक्षण पेशाको मर्यादा स्वयं शिक्षकले नै राख्ने हो । आफूलाई सम्मानित वा अपमानित कस्तो राख्ने हामी आफैंमा निर्भर रहन्छ । हामी जस्तो प्राज्ञिक वर्गले स्वत: स्थायी गर्नुपर्छ भन्नु गलत हो । गहन अध्ययन गरेर शिक्षक सेवा आयोगको जाँच उत्तीर्ण गर्छु भन्ने हिम्मत गर्नुपर्छ । त्रिविका आंशिक प्राध्यापकहरूलाई स्वत: स्थायी गरियो, परिणामत: उहाँहरूकै साख गिऱ्यो ।

यहाँ विज्ञान, व्यवस्थापन र मानविकी पढ्नेहरू शिक्षक तालिमका प्रशिक्षक बन्ने गरेको भेटिन्छ । यो शिक्षा सङ्कायको उपहास हो । शैक्षिक विधि र व्यवस्थापन शिक्षाशास्त्रमा मात्र पढाइन्छ । त्यस्तै; प्राथमिकदेखि उच्च माध्यमिक तहसम्म शिक्षा ऐन-नियमले अनिवार्य शिक्षाशास्त्रका शिक्षकले मात्र अध्यापन गर्नुपर्ने भनेको छ । तर, अवस्था यसको ठ्याक्कै उल्टो छ । यो फितलो नियम कार्यान्वयन पक्षको दृष्टान्त हो ।

अन्त्यमा; सफल विद्यालय बनाउने पहिलो दायित्व हामी शिक्षकहरूकै हो । त्यसका निम्ति हामी कुशल शिक्षक र असल नागरिकका हैसियतले हाम्रो विद्यालयभित्र यी कुरा छन् कि छैनन् निगरानी गरौं:

१) सक्षम विव्यस २) कुशल प्रअ ३) दक्ष र योग्य तथा असल शिक्षक ४) बालमैत्री एवं विद्यार्थी केन्द्रित शिक्षण ५) जागरुक एवं चेतनशील अभिभावक ६) पारदर्शिता ७) अनुशासित विद्यार्थी ८) सम्पन्न भौतिक पूर्वाधार ९) राजनीतिमुक्त एवं शान्तिपूर्ण वातावरण ।

यी नौ वटा कुराले पूर्ण विद्यालय 'अब्बल विद्यालय' हो । नभए यी नौ बुँदा पूरा गराउने दायित्व तपाईं हाम्रै हो । हाम्रा हैन, राम्रा शिक्षक; ठूला हैन, कुशल (असल) शिक्षक बनौं ।

**तारानाथ नेपाल**
झिर्पू उमावि, फुल्पिङकट्टी-४, सिन्धुपाल्चोक

# बढुवाको आवेदन खुला

**शिक्षक** सेवा आयोगले शिक्षकको कार्य सम्पादन मूल्याङ्कन तथा अनुभवका आधारमा गरिने विशेष बढुवाका लागि आवेदन माग गरेको छ। आवेदन दिने अन्तिम म्याद ८ साउन २०६८ तोकिएको छ।

नियममा तोकिएको सेवा अवधिसम्म एउटै श्रेणीमा कार्यरत रही शैक्षिक सत्र २०६५ वा २०६६ मध्ये कुनै एक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा ७५ प्रतिशत अङ्क ल्याउने शिक्षकले बढुवा पाउनेछन्। आयोगका अधिकारीहरूको भनाइमा ७५ प्रतिशत अङ्क प्रायः सबै शिक्षकले पाएकै हुन्छन्।

यो प्रावधानबाट लगभग ३५ हजार शिक्षक लाभान्वित हुनसक्ने प्रारम्भिक अनुमान शिक्षक सेवा आयोगको छ। शिक्षा विभागको तथ्याङ्क अनुसार, स्थायी शिक्षकको सङ्ख्या ८३ हजारभन्दा बढी छ। यसबाट २०४८ सालमा सामूहिक रूपमा स्थायी भएका र २०४९ सालमा लिइएको परीक्षाबाट छनोट भएका प्राथमिक शिक्षकहरू बढी लाभान्वित हुने देखिन्छ। २०४८ मा कम्तीमा एक शैक्षिक सत्र पूरा गरेका सबै शिक्षकलाई स्थायी नियुक्ति दिइएको थियो। आयोगका उपसचिव पदमप्रसाद खरेलका अनुसार, बढुवा पाउनेमा तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा जाने शिक्षकको हिस्सा ठूलो रहनेछ।

**विशेष बढुवाको सेवा अवधि**

| तह र श्रेणी | माथिल्लो योग्यता भएमा | न्यूनतम योग्यता मात्र भएमा |
|---|---|---|
| प्राथमिक तृतीय | १० वर्ष | १३ वर्ष |
| प्राथमिक द्वितीय | १२ वर्ष | १३ वर्ष |
| निम्नमाध्यमिक तृतीय | १२ वर्ष | १५ वर्ष |
| निम्नमाध्यमिक द्वितीय | १५ वर्ष | १५ वर्ष |
| माध्यमिक तृतीय | १५ वर्ष | १८ वर्ष |
| माध्यमिक द्वितीय | १८ वर्ष | १८ वर्ष |

२०५२ सालको परीक्षा पास गरी २०६० सालमा नियुक्ति पाएका १४ हजार र २०६३ मा आन्तरिक प्रतिस्पर्धाबाट स्थायी भएका १२ हजार ९६ जना शिक्षकहरू भने सेवा अवधि नपुग्दा विशेष बढुवाबाट बञ्चित हुनेछन्। आयोगले २०६८ चैत मसान्तभित्र विशेष बढुवा गरिसक्नुपर्ने प्रावधान नियमावलीमा छ।

यता, आवेदनको एकमहिने समयसीमा कम भएको गुनासो शिक्षकहरूले गरेका छन्। हाल वर्षात्को समय पनि भएकाले खासगरी दुर्गम र विकट क्षेत्रका शिक्षकलाई सदरमुकामसम्म आएर कागजात प्रमाणित गर्न कठिन पर्ने देखिन्छ। आयोगले भने तत्काललाई समयसीमा नबढाइने जनाएको छ। आयोगका सहसचिव विष्णुप्रसाद नेपालले भने, "अहिलेलाई साउन ८ सम्मकै म्याद हो। यसको जानकारी नपुगेका कारण आवेदन भर्नबाट वञ्चित भएको पाइएमा त्यसमा पुनर्विचार गर्न सकिनेछ।"

# पोशाक भत्ता स्थायीलाई मात्रै

**सरकारले** ८३ हजार स्थायी शिक्षकलाई पोशाक भत्ता उपलब्ध गराउन रु.६२ करोड २६ लाख ८७ हजार ५०० निकासा गरेको छ। पोशाक भत्ताबापत हरेक शिक्षकले रु.७ हजार ५०० पाउने छन्।

शिक्षकका संघ/सङ्गठनले स्थायीसँगै अस्थायी, राहतलगायत राज्यकोषबाट तलब पाउने सबै शिक्षकलाई पोशाक भत्ता दिनुपर्ने माग गरेका थिए। तर, बजेट नपुग्ने कारण देखाउँदै अर्थ मन्त्रालयले अन्य शिक्षकलाई भत्ता दिन अस्वीकार गरेको छ। परिणामतः सामुदायिक विद्यालयका अस्थायी, महिला परियोजना र राहत अनुदान आदिका गरी लगभग ६५ हजार शिक्षक पोशाक भत्ताबाट वञ्चित भएका छन्। यसमा पीसीएफ शिक्षकको तथ्याङ्क समावेश छैन।

बजेट निकासा भए पनि शिक्षकको पोशाक र त्यसको रङ आदि भने तोकिएको छैन। नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष बाबुराम अधिकारीले स्थायीलाई मात्रै भत्ता दिएर सरकारले शिक्षकहरूबीच विभेद गरेको प्रतिक्रिया दिएका छन्। उनले भने, "पोशाक भत्ता पाउनेभन्दा नपाउने शिक्षकको सङ्ख्या बढी देखिन्छ। एउटै स्कूलका शिक्षकहरू दुई थरी पोशाकमा देखिन्छन् भने पोशाक भत्ता राख्नुको के औचित्य भयो र?"

## भुले स्रोतकेन्द्रका सबै स्कूलमा *शिक्षक*

**दोलखाको** भुले स्रोतकेन्द्र अन्तर्गतका सबै (२२ वटा) विद्यालय *शिक्षक* को स्थायी ग्राहक बनेका छन्। स्रोत केन्द्रमा जेठको दोस्रो साता सम्पन्न प्रअ बैठकले *शिक्षक* को ग्राहक बन्ने निर्णय गरेको थियो।

सो केन्द्रका स्रोतव्यक्ति राम बुढाथोकीका भनाइमा, *शिक्षक* पत्रिका हाम्रा शिक्षक र विद्यालयका लागि अति नै उपयोगी, सूचनामूलक र ज्ञानबर्द्धक ठानेर प्रअहरूको बैठकले स्थायी ग्राहक बन्ने निर्णय गरेको हो। बझाङ जिल्लाका अधिकांश सार्वजनिक विद्यालयहरू यसअघि नै *शिक्षक* को स्थायी ग्राहक बनिसकेका छन्।

# बी.एड. पढ्न कठिनाई

**त्रिभुवन** विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले 'विशेष पाठ्यक्रम'बाट कक्षा १२ उत्तीर्ण गरेका शिक्षकलाई बी.एड.मा भर्ना लिन अस्वीकार गरेको छ । उच्चमाध्यमिक शिक्षा परिषद्ले २०६६ माघमा सञ्चालन गरेको परीक्षामा ४ हजार ७१० जना शिक्षकले कक्षा १२ उत्तीर्ण गरेका थिए ।

शिक्षा शास्त्र सङ्कायका डीन प्रा.डा. प्रकाशमान श्रेष्ठले विषयगत समितिमा छलफल र त्रिवि प्राज्ञिक परिषद्बाट निर्णय नगराई विशेष पाठ्यक्रम उत्तीर्ण शिक्षकलाई बी.एड.मा भर्ना लिन नमिल्ने बताएका छन्। उनका अनुसार, "विशेषको पाठ्यक्रम प्रमाणपत्र तह वा कक्षा ११-१२ को नियमित पाठ्यक्रम सरह छ कि छैन भन्ने निर्णय नभइकन उनीहरूलाई बी.एड.मा भर्ना लिन मिल्दैन ।"

विशेषको पाठ्यक्रमलाई प्रमाणपत्र तहको मान्यता दिन मिल्ने वा नमिल्नेबारे शिक्षाशास्त्रको विषयगत समितिमा छलफल गरेर मात्रै प्राज्ञिक परिषद्मा त्यो प्रस्ताव लैजानुपर्ने हुन्छ। तर, त्यसका निम्ति उच्चमाध्यमिक शिक्षा परिषद्बाट शिक्षाशास्त्र सङ्कायलाई औपचारिक अनुरोध नै नआएको जानकारी डीन श्रेष्ठले दिएका छन् ।

विद्यालय क्षेत्र सुधार योजनाले आधारभूत तह(कक्षा १-८) शिक्षणका लागि प्रमाणपत्र तह सरहको योग्यता अनिवार्य व्यवस्था गरेपछि एसएलसी उत्तीर्ण गरी १० महिने तालिम लिएका प्राथमिक शिक्षकलाई कक्षा १२ को 'विशेष पाठ्यक्रम' मार्फत उक्त परीक्षा लिइएको थियो। शैक्षिक जनशक्ति विकास केन्द्रले दिएको १० महिने तालिमलाई कक्षा ११ को ४०० पूर्णाङ्कसरह मान्यता दिएर कक्षा १२ मा ६०० पूर्णाङ्कको पाठ्यक्रम बनाइएको थियो । यो पाठ्यक्रम शिक्षा मन्त्री अध्यक्ष रहने राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले पनि स्वीकृत गरेको थियो । सो परिषद्मा त्रिवि शिक्षाशास्त्र सङ्कायका पाठ्यक्रम विशेषज्ञ र त्रिवि पाठ्यक्रम विकास केन्द्रका निर्देशक पनि सदस्य छन् । यसै भएर शैक्षिक जनशक्ति विकास केन्द्रका उपनिर्देशक शिवकुमार सापकोटा शिक्षाशास्त्र सङ्कायकै प्रतिनिधि सम्मिलित परिषद्ले पास गरेको पाठ्यक्रमलाई त्रिविले अस्वीकार गर्न नमिल्ने जिकिर गर्छन्। यता, उमाशि परिषद् भने आफ्नो जिम्मेवारी कक्षा १२ को परीक्षा लिने र प्रमाणपत्र दिनेसम्मको मात्रै हो भन्दै आएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र, उमाशि परिषद् र त्रिवि, शिक्षाशास्त्र सङ्कायबीच पर्याप्त समन्वय नहुँदा यो समस्या निम्तिएको देखिन्छ ।

# ३५७ विद्यालयले इन्टरनेट पाउने

**देशभरका** ३५७ वटा सामुदायिक विद्यालयले सरकारी खर्चमा इन्टरनेट सुविधा पाउने भएका छन् । आर्थिक वर्ष २०६७/६८ को बजेट वक्तव्यमा 'सबै सामुदायिक विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउने' उल्लेख भए पनि शिक्षा विभागले हाललाई परीक्षणका रूपमा ७५ जिल्लाका ३५७ विद्यालयका लागि बजेट निकासा गरेको हो । विभागका उपनिर्देशक बलराम तिमल्सिनाका अनुसार यो 'पाइलटिङ कार्यक्रम' मात्र हो ।

विभागले इन्टरनेट सेवाका लागि रु.५ करोड निकासा पठाएको छ। विभागका अनुसार, काठमाडौंमा सबैभन्दा बढी ८ विद्यालय तथा रसुवा, मनाङ, मुस्ताङ, मुगु र डोल्पामा दुई-दुई वटा विद्यालय छानिने छन्। लागत साझेदारीका आधारमा एउटा विद्यालयमा रु.२ लाख खर्च गरेर कम्तीमा पाँच कम्प्युटर, एउटा प्रिन्टसहित इन्टरनेट जडान गर्ने कार्यक्रम बनाइएको छ । त्यसमध्ये रु.१ लाख ४० हजार जिशिकाले उपलब्ध गराउनेछ भने बाँकी रु.६० हजार विद्यालय आफैंले व्यहोर्नुपर्नेछ । यो सुविधा पाउने विद्यालयको छनोट जिशिकाले नै गर्नेछ ।

विद्युत् र इन्टरनेटको पहुँच पुगेका, कम्प्युटर कक्षाका निम्ति छुट्टै कोठा र फर्निचर, कम्प्युटरको प्रयोगबाट सिकाउन सक्ने सीपयुक्त शिक्षकको सुनिश्चितता हुनुपर्ने मापदण्ड बनाइएको छ । छनोट गर्दा सकभर स्रोतकेन्द्र रहेको विद्यालयलाई प्राथमिकता दिइने जानकारी उपनिर्देशक तिमल्सिनाले दिएका छन् ।




## आयोग अध्यक्षविहीन

**शिक्षक** सेवा आयोग २१ असार २०६८ देखि अध्यक्षविहीन बनेको छ । अध्यक्ष उदयराज सोती पाँचवर्षे सेवा अवधि सकिएपछि घर बसेका छन् ।

सोती पछिल्लो पटक २१ असार २०६३ मा आयोगको अध्यक्ष भएका थिए। त्यसअघि २०५८ फागुनमा पनि उनले सोही पदमा नियुक्ति पाएका थिए । आयोगमा सदस्यहरू प्रेमराज उपाध्याय र योगेन्द्र राउत भने कायमै छन् ।


लोक सेवा आयोगका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयका उपकुलपति र शिक्षा मन्त्रालयका सचिव सम्मिलित समितिको सिफारि समा सरकारले आयोगको अध्यक्ष नियुक्त गर्ने प्रावधान शिक्षा ऐनमा छ । स्नातकोत्तर गरी नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको व्यक्ति शिक्षक सेवा आयोगको अध्यक्ष हुनसक्छ। तर, त्रिविमा पनि हाल उपकुलपति पद रिक्त रहेकाले सिफारिस समितिको बैठक बस्न नसकेको जानकारी शिक्षा सचिव शङ्करप्रसाद पाण्डेले दिएका छन्। उनले भने, "त्रिवि आफैं उपकुलपतिविहीन भएको नहुँदा सिफारिस समिति नै अपुरो अवस्थामा छ। त्यसैले हामी अलमलमा परेका छौं।"

## लेख्ने विद्यार्थीलाई अवसर

**तपाईंका** विद्यार्थी लेखनमा रुचि राख्छन् ? उनीहरूको सृजनात्मक प्रतिभा लेखनमा मौलाउने सम्भावना देख्नुभएको छ ? छ भने उनीहरूलाई भनिदिन सक्नुहुन्छ, चाँडै नै विद्यार्थीहरूको अभिव्यक्ति क्षमता बढाउन मद्दत गर्ने राष्ट्रियस्तरका दुईवटा प्रतियोगिता हुन लागेका छन् ।

हिमाल एसोसिएसनको आयोजनामा हुन लागेको स्वतन्त्र गद्य लेखन प्रतियोगिताको नाम 'रेडियो कथा' हो । आयोजक संस्थाका अनुसार प्राप्त भएका संस्मरण, आत्मपरक निबन्ध वा कथाहरूमध्ये छानिएका आलेखहरू रेडियोबाट प्रसारण गरिने भएकाले यसको नाम *रेडियो कथा* राखिएको हो । भाषा, प्रस्तुति, लेखकीय इमानदारी, स्वाभाविकता आदि यसका मूल्याङ्कनका आधारहरू हुनेछन् । पुरस्कृत लेखकहरूले आकर्षक पुरस्कारसहित लेखन सीपका बारेमा थप तालिम पाउने छन् । छानिएका रचना प्रकाशित हुनु यसको अर्को आकर्षण हो । यसको विस्तृत विवरण *शिक्षक* मासिकको असार २०६८ को अङ्कमा प्रकाशित छ । प्रतियोगिताका लागि सामग्री प्राप्त हुनुपर्ने अन्तिम मिति १ असोज २०६८ हो ।

*शिक्षक* मासिकको यसै अङ्कमा घोषणा गरिएको *मेरो सपना* शीर्षक लेखन प्रतियोगिता पनि यस्तै अर्को अवसर हो । हाल कान्तिपुर टेलिभिजनबाट प्रसारण भइरहेको टेलिसिरियल *'हाम्रो टीम'* को प्रस्तोता संस्था सर्च फर कमन ग्राउन्डले अन्य संस्थाहरूको समेत सहभागितामा आयोजना गरेको यो प्रतियोगिता युवाहरूले आफ्ना लागि, समाजका लागि वा देशका लागि के कस्ता सपनाहरू देखेका छन् भन्ने कुरा हेर्ने प्रयत्न पनि हो । यसमा १५ देखि २५ वर्षका प्रतियोगी सहभागी हुनसक्ने छन् । १५ भदौसम्ममा प्राप्त हुनुपर्ने यी लेखहरूमा विद्यार्थीले आफ्नो सपनाका बारेमा निस्फिक्री भएर लेख्ने अवसर पाउने छन् ।



# शिक्षकको लगानीमा रिक्सा–भ्यान




**झापाको** दमकस्थित जनचेतना प्राविले छात्रछात्रालाई स्कूल ल्याउन लैजानका निम्ति शिक्षकहरूको लगानीमा नि:शुल्क रिक्सा-भ्यानको प्रबन्ध गरेको छ। भर्ना अभियान सकिएपछि अभिभावकको मागबमोजिम छात्रछात्रा ओसार्न रिक्सा-भ्यान व्यवस्था गरिएको प्रअ गङ्गाप्रसाद घिमिरेले बताए।

छात्रछात्रा घट्दै गएकाले बन्दै हुने अवस्थामा पुगेको यो प्राविले रिक्सा-भ्यानको व्यवस्थाबाट पुनर्जीवन पाएको छ। गत साल ४० जना मात्र विद्यार्थी थिए भने नानीहरूलाई भ्यानमा ओसार्न थालेपछि यो सङ्ख्या १०० पुगेको छ। केही अभिभावकले निजीबाट छोराछोरी निकालेर जनचेतनामा सारेका छन्। पढाइ पनि अङ्ग्रेजी माध्यममा गर्न थालिएको छ।


प्रअ घिमिरेका अनुसार रिक्सा-भ्यानमा एकपटकमा १२ जना नानी ओसार्न सकिन्छ। रिक्साको वर्षको ३६ हजार भाडामध्ये प्रअ घिमिरेले रु.१२ हजार, स्कूलका अरू चार जना शिक्षकले रु.१२ हजार र अभिभावकले रु.१२ हजार व्यहोर्ने सहमति गरिएको छ। "स्कूल जोगाउनका लागि आफ्नै खल्तीबाट पनि लगानी गर्नुपर्ने भयो। त्यसैले शिक्षक अभिभावक मिलेर यो व्यवस्था गरेका हौं", अभिभावक माधव ढकाल भन्छन्।

स्कूलले गरेको यो व्यवस्थाले बाबुआमा विदेशमा रहेका दिपा नेपाली र रोस्नी नेपाली जनचेतना प्राविमा भर्ना हुन सफल भएका छन्। आफन्तको सहारामा बसे पनि विद्यालय लैजाने ल्याउने सहयोगी नपाएर स्कूल बाहिर भइरहेका उनीहरूलाई भ्यानको प्रयोगले स्कूलसम्म ल्याउन सकेको विद्यालयकी सहयोगी कार्यकर्ता दुर्गा भट्टराईको कथन छ।

# बालमैत्री शिक्षणका लागि हाते पुस्तिका

**विद्यालयमा** बालमैत्री शिक्षण सिकाइको अभ्यास बढाउने उद्देश्यले शैक्षिक जनशक्ति विकास केन्द्रले *बालमैत्री विद्यालयको सेरोफेरो, स्रोत सामग्री २०६८* नामक स्रोत पुस्तिका प्रकाशन गरेको छ।

पुस्तिकाको पहिलो एकाइमा बालमैत्री विद्यालयको अवधारणा, त्यस्ता विद्यालयमा हुनुपर्ने विशेषता; परम्परागत ढाँचाका विद्यालयलाई बालमैत्री विद्यालयमा रुपान्तरण गर्ने तरिका, बालमैत्री कक्षा व्यवस्थापनका विधि जस्ता उपयोगी सामग्रीहरू समेटिएका छन्।




पुस्तिकाको दोस्रो एकाइमा बालबालिकालाई दिइनुपर्ने शान्ति, मानवअधिकार र नागरिक शिक्षाको अवधारणा, क्रियाकलाप तथा महत्त्वबारे चर्चा गरिएको छ। साथै, तेस्रो एकाइमा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक विषयका बालमैत्री शिक्षण सिकाइका तरिकालाई उदाहरणसहित दिइएको छ।

तत्काललाई शैक्षिक तालिम केन्द्र, जिल्ला शिक्षा कार्यालय र सबै स्रोतकेन्द्रमा यो पुस्तक पुऱ्याइने जानकारी केन्द्रका कार्यकारी निर्देशक लक्ष्मीराम पौडेलले दिएका छन्।

स्थलगत

डडेल्धुराबाट दीर्घराज उपाध्याय

# विद्यालय व्यवस्थापन: सभासद् नै सर्वेसर्वा ?

माओवादी सभासद् हरिलाल थापाले ५ असार २०६८ मा दुर्गा उच्च मावि आलिताल-५, डडेल्धुराको प्राङ्गणमा अभिभावक भेला डाक्न लगाए। भेला डाक्नुको उद्देश्य, गएको वार्षिक परीक्षामा ८ कक्षाका केही विद्यार्थीलाई बढी र केहीलाई कम अङ्क दिएको विषयमा छलफल गर्ने बताइएको थियो। तर, परीक्षाको कुरा विद्यालयले पहिल्यै मिलाइसकेकाले त्यसमा खासै छलफल भएन। सभासद् थापाले प्रधानाध्यापक प्रताप सिंह धामीलाई तत्काल राजिनामा गर्न भने। प्रअ सिंहले नमानेपछि 'जिउँदै जलाइदिने' धम्की दिए। अन्ततः प्रअ धामीले असार मसान्तभित्र राजिनामा दिने कबुल गरे।

त्यसअघि, ५ जेठ २०६८ मा यस्तै भेला गरेर सभासद् थापाले स्यालचौडी मावि (आलिताल-४, डडेल्धुरा) का प्रधानाध्यापक महादेव भट्टलाई रु.३० हजार जरिवानासहित पदबाट राजिनामा गराएका

## को के भन्छन् ?



### सभासद्ले हामीलाई पनि धम्क्याए

**जयबहादुर बोहरा**
विद्यालय व्यवस्थापन समिति सदस्य, दुर्गा उमावि, आलिताल

थापालाई संविधान लेख्न पठाएका हौं। विद्यालय सञ्चालन गर्ने काम हाम्रो हो। धामीले विद्यालयमा सुधार गरेका छन्। उनलाई पुरस्कृत गर्नुपर्नेमा उल्टै हटाउने निर्णय गर्नु ठीक थिएन। हामी सहमति नजनाउँदा उनले तल्लो स्तरमा उत्रेर गालीगलौज गरे, धम्क्याए। सनकका भरमा प्रअ हटाउने सभासद्को निर्णय जायज छैन। प्रअले राजिनामा दिनु हुँदैन। उनले राजिनामा दिए हामी पनि व्यवस्थापन समितिमा बस्दैनौं।



### हालीमुहाली गर्ने नियत देखियो

**धनबहादुर देउवा**
पूर्व शिक्षक तथा अभिभावक दुर्गा उमावि, आलिताल

प्रअ धामीले विद्यालयको शैक्षिक र भौतिक अवस्थामा कायापलट गरेका छन्। विद्यालयको मुहार फेरिएको छ। यस्तो राम्रो गर्दा गर्दैका प्रअलाई हटाउने निर्णयमा हाम्रो समर्थन हुनसक्दैन। मैले 'नोट अफ डिसेन्ट' लेखेको छु। धामी बाहेक अर्को प्रअको विकल्प छैन। उनलाई हटाएर विद्यालयको सम्पत्तिमाथि हालीमुहाली गर्न खोज्ने नियतबाट प्रेरित सभासद्को निर्णय मान्न हामी बाध्य छैनौं।



### सभासद्को चर्तिकला देखियो

**प्रतिमान घर्तीमगर**
अभिभावक, दुर्गा उमावि, आलिताल

विद्यालयको प्रगतिका लागि मरिमेटेर लागेका प्रअलाई निकाल्न खोज्ने सभासद् थापाको चर्तिकला देखेर दुःख लाग्यो। सम्मानित भन्दैमा उनले जे भने, हामीले त्यही मान्नुपर्छ भन्ने छैन। उनले डाकेको भेलामा म पनि सहभागी थिएँ। तर, उनले गरेको निर्णयमा म सहमत हुन सकिनँ। त्यही कारण मैले निर्णयमा हस्ताक्षर गरिनँ।

### अन्योलमा छौं

**केशव भट्ट**
शिक्षक, स्यालचौडी मावि

घटनाको वास्तविकता हामीले अहिलेसम्म बुझ्न सकेका छैनौं। शिक्षक भर्नामा अनियमितता गरेको आरोपमा भेलाबाट प्रअ भट्टलाई हटाउने निर्णय गरेको भन्ने सुनेका छौं। अन्योलमा छौं।



### म बोल्न सक्दिनँ

**पूर्व प्रअ, महादेव भट्ट**
स्यालचौडी मावि, आलिताल

भेलाको निर्णय अनुसार मैले पदबाट राजिनामा दिएको हुँ। विद्यालयको यो आन्तरिक मामिला हो। यसमा म धेरै बोल्न सक्दिनँ।

थिए। साथै उनले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डम्बरबहादुर पुनलाई पनि रु.२५ हजार जरिवाना गरेर पदबाट हटाएको घोषणा पनि गराए। प्रअ भट्टमाथि शिक्षक नियुक्ति गर्दा अनियमितता गरेको आरोप लगाइएको थियो। भट्टको राजिनामापछि रिक्त भएको प्रअ पदमा सभासद् थापाका भतिजा उत्तम थापा नियुक्त भइसकेका छन्।


सामान्यत: अभिभावक भेला विद्यालय प्रशासन, प्रअ अथवा व्यवस्थापन समितिले बोलाउनुपर्छ। तर यी दुवै भेला सभासद् थापाको उर्दीमा भएका थिए। कानुन-नियमको दृष्टिबाट ती भेलाको वैधता स्थापित हुने देखिँदैन। मान्छेको भीड वा जमघटलाई मात्रै कानुनले 'नियमित अभिभावक भेला' मान्दैन। अभिभावक भेला वैध र नियमित नै भए पनि प्रधानाध्यापकलाई हटाउने वा राख्ने निर्णय गर्ने अधिकार त्यसलाई हुँदैन। प्रअको नियुक्ति र बर्खास्तीको प्रक्रिया कानुनमै निर्धारित छ।

सभासद् थापाले आफूले आवेगमा आएर धामीलाई धम्की दिएको दाबी गरेका छन्। *(हे.अन्तर्वार्ता)* तर, उनको काम कारबाहीले उनी आफ्नो बाहुबल भएको इलाकाका सार्वजनिक स्कूलमा एकलौटी हालीमुहाली



**दुर्गा मावि** ⏶ अहिले

⏷ पहिले





## ज्यान प्यारो छ, जागिर छाडिदिन्छु

**प्रतापसिंह धामी**
प्रअ, दुर्गा उमावि, आलिताल

म यस विद्यालयको प्रअमा नियुक्त हुँदा यहाँ एकजना पनि स्थायी शिक्षक थिएनन्। अभिभावक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको आग्रह टार्न नसकेर म डोटीको प्रभात उमाविमा पढाउन छाडेर आएको थिएँ। १४ असार २०६२ मा प्रअको जिम्मेवारी सम्हालेयता म विद्यालयको प्रगतिका लागि रातदिन खटेको छु। शिक्षक, अभिभावक र विद्यार्थीको सहयोगका कारण आज हाम्रो विद्यालय डडेल्धुरामै नमुना विद्यालय बनेको छ। हाम्रो जस्तो संरचना र शैक्षिक अवस्था सदरमुकामभन्दा बाहिर विरलै विद्यालयमा भेटिन्छ।

राम्रो काम गर्दागर्दै पनि मलाई हटाउन खोजियो। सभासद् हरिलाल थापाले प्रअ पदबाट राजिनामा नगरे सार्वजनिक रूपमै जलाइदिने धम्की दिएका छन्। यस्तो अवस्थामा म कसरी काम गर्न सक्छु? सबैलाई जागिरभन्दा ज्यान प्यारो हुन्छ। असार मसान्तभित्र राजिनामा गर्छु। विद्यालय व्यवस्थापन समितिले मलाई प्रअ पदमा निरन्तरता दिन निर्णय गरेको छ। तर, जीउज्यानको सुरक्षाको ग्यारेण्टी नभएसम्म म काम गर्न सक्दिनँ। शिक्षकहरूको सुरक्षाको ग्यारेण्टी हुनुपर्‍यो। हो, कसैले गल्ती गरेको छ भने उसलाई नियम अनुसार कारबाही हनुपर्छ। मैले गल्ती गरेको भए नियम अनुसारको निर्णय र कारबाहीमा मेरो सहमति हुन्छ।

प्रअ हुन म अयोग्य ठहरिने तर राहत कोटामा काम गरिरहेका सभासद् थापाका भतिजा चाहिँ अयोग्य नठहरिने? यो पूर्वाग्रही निर्णय हो। डडेल्धुराको ५८ उमाविमध्ये केही विद्यालयमा मात्र स्थायी शिक्षक प्रधानाध्यापक छन्। यो हाम्रो विद्यालयको मात्र समस्या होइन। जिल्लाकै समस्या हो। यसको समाधान जिल्ला शिक्षा कार्यालयले खोज्नुपर्छ। प्रक्रियागत ढङ्गले हुने हरेक निर्णय मलाई मान्य हुन्छ।मलाई हटाएर आफू निकट शिक्षक नियुक्त गरेर विद्यालयमा हालीमुहाली गर्ने सभासद्को नियत हो भन्ने मलाई लागेको छ।



## भेलाले बनाएको प्रअ हुँ

**उत्तम थापा**
नव नियुक्त प्रअ, स्यालचौडी मावि

प्रअ महादेव भट्टलाई जनताको भेलाले हटाएर मलाई प्रअ बनाएको हो। भेलामा काका (सभासद् हरिलाल थापा) सहभागी थिए। तर उनले त्यो निर्णय गर्न दबाब दिएका होइनन्। त्यही भेलाले प्रअ, विद्यालय व्यवस्थापन समितिका अध्यक्षसहित पाँचजनालाई जरिवाना तिराउने निर्णय गरेको हो। जरिवाना तिर्न आए मैले लिनुपर्छ। किनकि त्यो निर्णय आम भेलाले गरेको हो। अहिले विद्यालयको अवस्था सामान्य भइसकेको छ।

स्थलगत

# '...छाडिँदैन, आगो लगाइन्छ' भनेकै हो



**हरिलाल थापा**
सभासद्, डडेल्धुरा

**डडेल्धुरा आलितालका दुर्गा उच्च मावि र स्यालचौडी माविका प्रअहरूलाई तपाईंले धम्क्याएर राजिनामा दिन लगाउनुभएछ नि ?**

धम्क्याएर हैन । स्यालचौडीका प्रअले राहत शिक्षक भर्नामा अनैतिक र अख्तियार दुरुपयोग गरेको प्रमाण भेटिएपछि आफैं राजिनामा दिएका हुन् । दुर्गाका प्रतापसिंह धामीले राजिनामा दिने सहमति भए पनि अझै दिएका छैनन् । उनले कक्षा ८ को परीक्षामा पक्षपात र अनैतिक कार्य गरेको पाइएपछि सर्वपक्षीय भेलामा राजिनामा गर्ने सहमति जनाएका थिए ।

**तपाईंले आफ्ना मान्छे राख्न प्रक्रिया र नियम मिचेको आरोप छ नि ?**

यो आरोप मात्र हो । नियम र प्रक्रिया मिचेको छैन । र, राजनीतिक पूर्वाग्रह पनि छैन । आफ्नै पार्टीको भ्रातृ सङ्गठनका सचिव यज्ञराज भट्टसहित तीन जनालाई पनि कारबाही गरेका छौं ।

**एउटा सभासद्ले शिक्षकहरूलाई कारबाही गर्ने, जरिवाना गराउने, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई हटाउने जस्ता काम गर्न मिल्छ त ?**

कसैलाई बर्बाद गर्ने उद्देश्यले यस्तो गरिएको हैन । स्यालचौडीमा भएको कुरा त राजिनामापछि समाधान भइसकेको छ । दुर्गा उच्च माविमा पनि समाधान भइसकेको कुरालाई नेपाली काङ्ग्रेसका १/२ जनाले उचालेर यस्तो भएको हो ।

**तपाईंले ज्यानै मार्ने धम्की दिएपछि सबै तपाईंसँग डराएका छन् नि ?**

ज्यान मार्ने धम्की मैले कसैलाई दिएको छैन । प्रतापसिंह धामीले भेलामा सप्रमाण भेटिएका ६/७ बुँदा नस्वीकारेपछि आवेगमा आएर मैले 'गलत काम गर्नेहरूलाई छाडिँदैन, आगो पनि लगाइन्छ' भनेकै हो । यसैलाई ठूलो कुरा बनाए ।

**यो घटनामा राष्ट्रिय मानवअधिकार आयोगले पनि चासो देखाएको छ नि ?**

आयोगलाई काङ्ग्रेस समर्थकहरूले चासो देखाउन लगाएका हुन् । पारसको गोलीकाण्ड जस्तो घटनाहरूमा पो आयोगले चासो दिनुपर्छ त । यस घटनामा मेरो विरुद्ध मिडिया खनिएका छन् सत्यतथ्य कुरै आएको छैन । स्थानीय राजनीतिक दल, जिल्ला शिक्षा कार्यालय, शिक्षक संघ सङ्गठन, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति सबैले छानबिन गरुन् ।

कायम गर्ने नियतबाट सक्रिय भएको देखाउँछन् । दुर्गा उमाविका प्राचार्य धामी ८ कक्षाको परीक्षामा अनियमितता गरेको आरोपमा फस्ने नदेखिएपछि सभासद् थापाले उनीमाथि तत्काल अर्को आरोप लगाए- 'प्रअ वा प्राचार्य हुनको निम्ति शिक्षा नियमावली अनुसार योग्यता नपुगेको ।' शिक्षा नियमावली अनुसार माविको

प्रअ वा प्राचार्य हुन 'स्नातकोत्तर उत्तीर्ण स्थायी शिक्षक' हुनुपर्छ। प्रअ धामी स्नातकोत्तर त हुन् तर स्थायी शिक्षक होइनन्। उनलाई प्रअ/प्राचार्य बनिदिनुपर्‍यो भनेर...डोटीको विद्यालयको जागिर छुटाएर ल्याइएको थियो। उता, सभासद् थापाले धामीलाई हटाएर दुर्गा उमाविको प्रअको कुर्सीमा राख्न चाहेका शिक्षक नारायणदत्त जोशी स्थायी त हुन् तर स्नातकोत्तर होइनन्। सभासद् थापाले प्रअको योग्यता सम्बन्धमा उठाएको प्रश्नमा इमानदार देखिएनन्। स्यालचौडी माविका साविकका प्रअ महादेव भट्ट त्यहाँका स्थायी शिक्षक थिए। तर उनको स्थानमा प्रअ बनाइएका सभासद्का भतिजा उत्तम थापा अस्थायी शिक्षक पनि होइनन्। उनी 'राहत कोटा'का शिक्षक हुन्।

शिक्षा कार्यालय, डडेल्धुराका अनुसार जिल्लाका मावि/उमाविमध्ये ५० प्रतिशतमा मात्र सबै योग्यता पुगेका शिक्षक प्रअ छन्। कतिपय माविको प्रअको जिम्मेवारी प्राथमिक तहका शिक्षकले समेत निर्वाह गरिरहेका छन्।

यस्ता तमाम उदाहरण हुँदाहुँदै सभासद् थापाले दुर्गा उमाविका प्रअ धामीलाई 'ज्यान मार्ने' धम्की नै दिएर हटाउन खोज्नु र स्यालचौडी माविका प्रअ भट्टलाई अनियमितताको आरोप लगाएर हटाउनु उचित होईन।

दुर्गा उमाविका प्रअ धामी आफूलाई सभासद्ले राजनीतिक पूर्वाग्रह राखेर हटाउन खोजेको बताउँछन्। लामो समय तटस्थ बसेका धामी गत माघमा नेपाल शिक्षक संघमा आबद्ध भएका थिए। यसपछि नै उनी माओवादीको निशानमा परे। धामी भन्छन्, "मैले विद्यालयको अहित हुने काम गरेको भए मलाई सजायँ दिँदा फरक पर्दैन। तर, सभासद्को भन्दा भिन्न विचार राख्नु न मेरो 'अपराध' भयो।"

आलितालमा सभासद् थापाको आदेश र धम्कीलाई चुनौती दिने मानिस भेटिँदैनन्। ज्यान जोगाउन कोही जरिवाना तिर्छन्, कोही राजीनामा गर्छन्। नेपाल शिक्षक संघ, डडेल्धुराका अध्यक्ष जयबहादुर महरा प्रअ भएर विद्यालयको जिम्मेवारी सम्हालेपछि भएको विद्यालयको प्रगतिको श्रेय धामी सरलाई जाने भयो भन्ने हतास मानसिकताबाट सभासद्को धम्की आएको ठान्छन्।

डडेल्धुराका जिल्ला शिक्षा अधिकारी रामहरिदास श्रेष्ठ भन्छन्, "प्रअको नियुक्ति विद्यालय व्यवस्थापन समितिको निर्णयमा हुने भए पनि विधि-प्रक्रिया पूरा गरेको भए मात्र त्यसलाई जिशिकाले मान्यता दिन्छ। जिल्लाका दुई प्रअले राजिनामा दिएको कुरा पत्रिकामा पढेर थाहा पाएको छु, त्यस सम्बन्धमा लिखित उजुरी पाएको छैन।"

## मानवअधिकार आयोगको अनुगमन

राष्ट्रिय मानवअधिकार आयोगले माओवादी सभासद् थापाले प्रअहरूलाई धम्क्याएर राजिनामा गर्न लगाएको घटनाको स्थलगत अनुगमन गरेको छ। जिल्लाका




तस्बिरहरू: दीर्घराज उपाध्याय

दुवै घटनाका बारेमा अध्ययन गरेका आयोगको क्षेत्रीय कार्यालय धनगढीका निमित्त निर्देशक डा. टीकाराम पोखेल भन्छन्, "दुवै प्रअमाथि सभासद् थापाले धम्क्याएर राजीनामा गर्न बाध्य बाध्य पारेका रहेछन्। प्रअहरूले गल्ती गरेका भए कानुनी उपचार खोज्नुपर्थ्यो, सभासद्ले नै विधिको शासनको बर्खिलापमा गई प्रअलाई राजीनामा गर्न बाध्य गर्नु र जरिवाना तिर्न लगाउनु अनुचित हो।"

पोखेल यो प्रवृत्तिलाई शान्ति प्रक्रियामा आएपछि पनि आफूखुसी सजाय तोक्ने र जरिवाना गर्ने निर्णय द्वन्द्वकालको जनअदालतको पुनरावृत्ति ठान्छन्।

## दुर्गा उमाविमा धामीको योगदान

डोटीको प्रभात उमाविमा पढाउँदै गरेका प्रतापसिंह धामीलाई दुर्गा उमावि, आलितालको प्रअ बनाउनका लागि व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकले कर गरेर २०६२ सालमा ल्याएका थिए। माविको प्रअ हुन स्नातकोत्तर वा १० वर्ष स्थायी सेवा गरेको शिक्षक हुनुपर्छ। उनी स्नातकोत्तर भए पनि स्थायी शिक्षक थिएनन्। तर उनलाई स्थानीय बासिन्दाको विश्वास थियो।

दुई पटक निल र पटक-पटक एसएलसीको नतिजा खराब भएपछि त्यस विद्यालयका शिक्षकहरूले पूरा तलब पाउन सकेका थिएनन्। तर धामीले नेतृत्व लिएको वर्ष विद्यालयकै इतिहासमा पहिलो पटक ३ जना विद्यार्थी प्रथम श्रेणीमा पास भए। २५ मा १६ जना उत्तीर्ण भए। विद्यार्थी सङ्ख्या पनि ४०० बाट बढेर ८०० पुग्यो। जस्तापाताले छाइएका ४ वटा कच्ची भवन भएको विद्यालयले थप ५ वटा पक्की भवन बनाउन भारतीय दूतावासको रु.२ करोड ३८ लाख सहयोग पायो। अहिले १८ कोठाका दुई तले, दुईवटा पक्की भवन निर्माण हुँदैछ। ६ वर्षअघि ३६ हजार विद्युत महसुल तिर्न नसकेर लाइन काटिएको विद्यालयको चल्ती खातामा रु.१६ लाख र मुद्दती

खातामा रु.५ लाख छ। ९ वटा कम्प्युटर छन्। २० वटा अरु थपिँदै छन्। "धामीकै अग्रसरतामा यी सबै काम सम्भव भएको हो।" विद्यालयका पूर्व शिक्षक तथा अभिभावक धनबहादुर देउवा भन्छन्।

**सभासद्को स्वार्थ**

सभासद् हरिलाल थापा आफ्ना समर्थक तथा दुर्गा उमाविका शिक्षक नारायणदत्त जोशीलाई आलिताल स्रोत केन्द्रको स्रोत व्यक्ति बनाउन चाहन्थे। स्रोत केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दुर्गा उमाविका प्राचार्य प्रतापसिंह धामीलाई सभासद् थापाले ६ माघ २०६७ को बिहान जोशीलाई जसरी भए पनि स्रोत व्यक्ति बनाउन दवाव दिएका थिए। तर स्रोत केन्द्र अन्तर्गतका ४० भन्दा बढी प्रअले सर्वसम्मतिबाट नन्दराज पन्तलाई स्रोत व्यक्तिमा चयन गरेपछि सभासद् थापा धामीसँग रिसाएका थिए। त्यसपछि सभासद् थापाले धामीलाई नै हटाएर यिनै जोशीलाई दुर्गा उमाविकै प्रअ बनाउने प्रयत्नमा लागे। यस सिलसिलामा सभासद् थापाले पछिल्लो पटकको नौ कक्षाको परीक्षाको नतिजामा मनपरि गरेको आरोप थापालाई लगाए। शिक्षकद्धय शोभासिंह राना र कर्णबहादुर बोहराले केही विद्यार्थीलाई नम्बर बढी दिएर उत्तीर्ण गरेको विषयलाई लिएर सभासद् थापाले विद्यालयमा भेला डाक्न लगाए।

तर त्यो विवाद सम्वद्ध शिक्षक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्य र अन्य शिक्षक बसेर पहिल्यै टुङ्ग्याइसकेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अनुपस्थिति र प्रअको सल्लाहविना डाकिएको भेलामा सभासद्ले धामीलाई तत्काल राजीनामा गर्न दवाब मात्र दिएनन्, जिउँदै जलाइदिने धम्की नै दिए। शिक्षा नियमावली अनुसार धामी योग्य नठहरिएको जनाउँदै असार मसान्तभित्र धामीले राजीनामा गर्ने र नौ कक्षाको परीक्षामा कमजोरी गरेको भन्दै शिक्षकद्वय शोभासिंह राना र कर्णबहादुर बोहरालाई दुई महिनाले हुन आउने तलबको रकम विद्यालयलाई दिनुपर्ने लिखित निर्णय गर्न लगाए। दुवै शिक्षकको मासिक तलब रु. १० हजार ५ सय र महँगी भत्ता १ हजार २ सय पाउँछन्। यस निर्णयलाई विद्यालय व्यवस्थापन समितिका सदस्य र अभिभावक गरी चार जनाले 'नोट अफ डिसेण्ट' लेखे। धेरैले हस्ताक्षर गरेनन्। *(हेर्नुस् निर्णय)*

आफूलाई साथ नदिने विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई सार्वजनिक कार्यक्रममै सभासद् थापाले तल्लोस्तरमा उत्रेर गालीगलौज समेत गरेको कुरा पीडित सदस्यले बताएका छन्।

राजनीतिक पूर्वाग्रह राखी प्रअ धामीलाई हटाउन खोजेको आरोप लागेका सभासद् थापाले सामान्य घटनामाथि राजनीति भइरहेको बताएका छन्।" प्रअ धामी हटाउन सभासद् थापालाई साथ दिएका दुर्गा उमाविका अभिभावक संघका अध्यक्ष टीकाराम राना भन्छन्, "धामीले विद्यालयका लागि राम्रो काम गरेका छन्। विवाद चाहिँ फेल भएका विद्यार्थीलाई पास गरेर अनियमितता गरेको हो। मिडियाले प्रअको राजीनामाको कुरा मात्र उठाएका छन्।"

**कुनै पनि काम सानो र ठूलो हुँदैन। श्रम गर्न नहिच्किचाऔं। श्रमको सम्मान गरौं। उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरूलाई पनि बनाऔं।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

डा. दिपु शाक्य



# आत्मनिर्भर नागरिक बनाउन **आत्मनिर्भर शिक्षक**

**हालको किताबी र घोकन्ते ज्ञानमा आधारित नेपाली शिक्षाले आत्मनिर्भर नेपाली बनाउन सक्दैन। शिक्षकहरू बालबालिकाका 'रोल मोडल' हुन्। जस्ता शिक्षक हुन्छन्, त्यस्तै विद्यार्थी हुन्छन्।**

शिक्षा केका लागि? विद्वानका लागि कि व्यावसायिकका लागि? यी दुवैमा समान कुरा हो, आत्मनिर्भरता। शिक्षा हासिल गरेपछि मानिसले ज्ञान आफैं आर्जन गर्न सक्छन् कि सक्दैनन्? नयाँ सीप आफैं सिक्न सक्छन् कि सक्दैनन्? यस्ता कुरा आत्मनिर्भरतामा भर पर्ने कुरा हुन्। शिक्षाले कति बालबालिकालाई ज्ञान जान्ने 'तरिका' तथा 'खुसी' सिकाएका छन् भन्ने कुरा महत्वपूर्ण छ। किनभने यसले नै उनीहरूलाई आत्मनिर्भर हुन मद्दत गर्दछ।

एक्काइसौं शताब्दीको समाज ज्ञानमा आधारित समाज (Knowledge based society) हो। इन्टरनेट प्रविधिको विकासले गर्दा सूचना हासिल गर्न एकदम सजिलो भएको छ। एक गिगा बाइटको मेमोरी कार्डमा एउटा कक्षामा पढाइने सबै किताबहरू राखेर हिँड्न सकिन्छ। यस्तो युगमा किताबी ज्ञानले मात्र पुग्दैन। आफूसँग भएको सूचना प्रयोग गरी कसरी ज्ञान आर्जन गर्ने भन्ने बारेमा जानकारी राख्नु आवश्यक छ। हामी ज्ञानको समुद्रमा बाँचिरहेका छौं। जहाँ जीउनको लागि नयाँ ज्ञान तथा प्रविधि जान्ने तरिका नजानी हुँदैन।

हालको किताबी र घोकन्ते ज्ञानमा आधारित नेपाली शिक्षाले आत्मनिर्भर नेपाली बनाउन सक्दैन। नीति-नियम तथा पाठ्यक्रममा बालबालिकालाई कसरी आत्मनिर्भर बनाउने हो भन्ने बारेमा ठोस् आधार चाहिएको छ। साथै, विद्यार्थीलाई ज्ञान बाँड्न बसेका शिक्षकहरू कत्तिको आत्मनिर्भर छन् भन्ने प्रश्न उठाउनु पनि जरुरी छ। किनकि शिक्षकहरू बालबालिकाका 'रोल मोडल' हुन्। जस्ता शिक्षक हुन्छन्, त्यस्तै विद्यार्थी हुन्छन्।

हुनतः पाठ्यक्रममा आधारित भएर पढाउनु पर्ने विद्यालय शिक्षकहरूले कसरी आत्मनिर्भर भएर पढाउने त? भन्ने प्रश्न उठ्न सक्ला। नेपालका शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम बनाउन सीमित अधिकार भए पनि कसरी पढाउने भन्ने बारेमा शिक्षक आत्मनिर्भर छ। पाठ्यक्रममा भएका विषयवस्तुलाई पढाउने तरिका हजारौं हुन सक्छन्। बालबालिकाको क्षमता अनुसार कुन तरिका प्रयोग गरी कसरी बुझाएमा राम्रोसित सिकाउन सकिएला भन्ने कुरा शिक्षक आफैंमा भर पर्छ।

दुर्भाग्य, थोरै नेपाली शिक्षकहरूलाई मात्र विद्यार्थीको आत्मनिर्भरता, शिक्षकको आत्मनिर्भरतामा भर पर्छ भन्ने कुराको बोध छ। तर, कतिले यो कुरा बुझेर पनि बुझ पचाएका छन्। ज्ञान जान्ने आधारभूत तरिका, किताब पढ्नु हो तर किताब पढ्ने शिक्षकहरू थोरै रहेको तथ्य यस शिक्षक मासिकको २०६५ साउन अङ्कले पनि देखाउँछ। बीसौं वर्ष पुरानो ज्ञानमा आधारित शिक्षकहरूले भविष्यका आत्मनिर्भर नागरिक तयार पार्न सक्लान् र?

शैक्षिक जनशक्ति विकास केन्द्रबाट सबै शिक्षकहरूलाई दश महिने तालिम प्रदान गरी नयाँ शैक्षिक ज्ञान तथा सीप सिकाउने प्रयास त भएको हो। तर, यस्ता तालिम उपयुक्त रुपमा कक्षाकोठामा रुपान्तरण हुन सकेका छैनन्। वैशाख २०६८ अङ्कको शिक्षक मासिकमा छापिएको बालकुमार जमरकट्टेलको "हाम्रा पाँच कमजोरी"ले शिक्षकको अध्ययनशीलताको कमीलाई यसको कारण देखाउँछ। सरकारी तालिमलाई ज्ञान तथा सीप आर्जनभन्दा भत्ता, बिदा र बढुवाको माध्यम ठान्ने प्रचलन नेपाली शिक्षकहरूमा देखिन्छ।

अमेरिकाका शिक्षक शिक्षाविद् क्रिष्टोफर क्लार्कले पनि शिक्षकहरू आत्मनिर्भर भई स्वाधीन रुपको तालिम हुनु आवश्यक ठम्याएका छन्। किनकि; १. नचाहने मान्छेलाई जबर्जस्ती कसैले सिकाउन सक्दैन। २. सबै शिक्षकमा आ-आफ्ना विशेषता हुन्छन् त्यसैले सबैलाई एउटै खाले तालिमले काम दिदैंन। ३. राम्रा शिक्षकहरू आत्मनिर्भर भई स्वाधीन रुपमा तालिम लिन सक्छन् भन्ने कुरा धेरै अध्ययनबाट पुष्टि भएको छ। त्यसैले होला, अमेरिकाका शिक्षकहरू आफूलाई चाहिएको अनुसार विश्वविद्यालयमा आफैं तालिम लिन्छन्।

जापानी नागरिकहरू बढी किताब पढ्ने समुदायका रुपमा संसारमा नै प्रसिद्ध छन्। एउटा विषयवस्तु पढाउन पनि जापानी शिक्षकहरू विभिन्न किताबहरूको अध्ययन गर्छन्। साथै, विद्यार्थीलाई कसरी आत्मनिर्भर बनाउन सकिएला भनी आफ्ना तथा विद्यार्थीका व्यावहारिक अध्ययन पनि गर्छन्। यस किसिमका तालीमहरू शिक्षकहरू आफैं मिली स्वाधीन रुपमा स्कूलभित्र या बाहिर आयोजना गरिएको छ। विकसित देश भएकोले यस्ता स्वाधीन रुपका तालिम भएका जस्तो हामीलाई लाग्ला। तर, यस्ता तालीमहरूको इतिहास जापानमा स्रोत र साधन कम भएका बखतबाट नै पाइन्छ। जापानमा आधुनिक शिक्षा शुरु भएको सन् १८७२ को केही वर्षपछि नै यस्ता तालीमहरू शिक्षकहरू स्वयंले नै सञ्चालन गरेको पाइन्छ। यस्ता आत्मनिर्भर शिक्षकका कारण नै जापानले शैक्षिक तथा आर्थिक रुपमा विकास गर्न सकेको हो।

नेपाली शिक्षकहरू स्रोत र साधनको कमीलाई आत्मनिर्भर हुन नसक्ने कारकका रुपमा देखाउँछन्। तर, आत्मनिर्भर हुन स्रोत र साधनले नछेक्ने कुरा जापानको शैक्षिक इतिहासले सिकाउँछ। हामी नेपाली पनि भविष्यका आत्मनिर्भर नागरिक बनाउनका लागि, आत्मनिर्भर शिक्षक बन्न शुरु गर्ने हो कि?

बदलिंदो आकाश फेरिंदो धर्ती

अजय दीक्षित

# जलवायु परिवर्तन
# प्रारम्भ र चुनौती

जोन टिन्डल (सन् १८२०-१८९३) बेलायतको राजधानीका स्कूल-कलेजमा पढाउने शिक्षकका साथै एक मेधावी वैज्ञानिक थिए । उनी विज्ञानका सिद्धान्तलाई अत्यन्त सरल ढङ्गले सार्वजनिक रूपमा प्रस्तुत गर्थे । शिक्षण कार्य सँगसँगै टिन्डल आफ्ना अग्रज वैज्ञानिक जोसेफ फुरनियरले उठाएका प्रश्नको जवाफ खोज्न लागेका थिए । पृथ्वीले सूर्यबाट प्राप्त गर्ने र फेरि फ्याल्ने ऊर्जाको हिसाब गर्दै फुरनियरले पृथ्वीको तापक्रम शून्यभन्दा १५ डिग्री सेल्सियस तल हुन्छ भनेका थिए । यदि फुरनियरको यो हिसाब ठीक भएको भए पृथ्वी हिउँको ठूलो पिण्ड जस्तै हुनेथियो । तर वास्तविकता यस्तो थिएन । टिन्डलले आफ्नो अनुसन्धानद्वारा कार्बनडाइअक्साइड, मिथेन र वाफले पृथ्वीमा रहेको तापलाई पूरै बाहिर फर्किन नदिने रहेछ भन्ने पत्ता लगाए । अर्थात् केही ऊर्जा वायुमण्डलमै रहिरहन्छ जसका कारण पृथ्वी एकदमै चिसो हुन पाउँदैन । यसरी सन् १८५९ मै टिन्डलले 'ग्रीन हाउस ग्यास' को प्रभाव र त्यसको प्रक्रिया पत्ता लगाएका थिए । हिजो-आज चर्चामा रहेको जलवायु परिवर्तनको विज्ञान यही आविष्कारमा आधारित छ ।

टिन्डलले त्यो प्रयोग गर्नुभन्दा करिब पाँच वर्षअघि अमेरिकाको येल विश्वविद्यालयका प्रोफेसर बेन्जमिन सिलिम्यान खनिज तेलसम्बन्धी प्रयोग गर्दैथिए । अमेरिकाको एउटा सानो व्यापारिक कम्पनीले सिलिम्यानलाई चट्टानबाट निस्कने कालो, चिल्लो र गन्धयुक्त पदार्थ बाल्न योग्य छ वा छैन भन्ने पत्ता लगाउने जिम्मा दिएको थियो । सिलिम्यानको प्रतिवेदनले सो बाल्न योग्य छ भन्ने निर्क्योल गऱ्यो र विश्वमा शुरु भयो खनिज तेलको व्यापारिक दोहन र प्रयोग । खनिज तेल आविष्कारले औद्योगिक क्रान्तिलाई सहयोग पुऱ्यायो, पश्चिमी मुलुकहरूले अभूतपूर्व भौतिक प्रगति गरे । तर विस्तारै ती मुलुकहरूको अर्थ-राजनीति खनिज तेलको दोहन र प्रयोगमा जकडिन पुग्यो ।

आफ्नो प्रतिवेदनमा सिलिम्यानले त्यो पदार्थ बाल्दा कार्बनडाइअक्साइड निस्कने र त्यसबाट 'हरितगृह प्रभाव' पैदा हुने कुरा उल्लेख गरे कि गरेनन् भन्ने तथ्य ऐतिहासिक दस्तावेजबाट स्पष्ट हुँदैन । तर त्यसको केही वर्षपछि नै टिण्डलको अध्ययनले देखाए जस्तै खनिज तेलको प्रयोगबाट निरन्तर 'हरित गृह प्रभाव' पैदा हुँदै आएको छ । वर्तमान विश्व कार्बनडाइअक्साइड जस्ता हरितगृह ग्यासका कारण शुरु भएको जलवायु परिवर्तनको प्रभाव र जोखिमको चपेटामा छ । सिलिम्यान र टिण्डलले गरेको आविष्कारको झण्डै १४० वर्षपछि; १९८० दशकको शुरुमा संयुक्त राष्ट्रसंघको तत्वावधानमा जलवायु परिवर्तनको प्रभाव कम गर्ने युएनएफसीसीसीको प्रक्रिया शुरु भयो ।

डेढ सय वर्षअघिको त्यस कालखण्डमा हाम्रा प्रधानमन्त्री जङ्गबहादुर बेलायतको यात्रामा रहेका भए पनि यता नेपाली समाज पश्चिमी समाजमा हुँदै गरेको त्यस्तो वैज्ञानिक परिवर्तन बारे पूरै बेखबर थियो । जङ्गबहादुरले मुगल बादशाहलाई हराउने अङ्ग्रेजी शासकको प्रविधि र त्यसको तागतबारे केही बुझे र पानी तान्ने पम्पको प्रविधि नेपाल भित्र्याए पनि । तर त्यतिकै भरमा नेपालमा वैज्ञानिक संस्कार भित्रिन सम्भव थिएन, भित्रिएन । हिजो आजको वास्तविकता पनि खासै फरक छैन । हामीमा त्यस्तो संस्कारको कमी छँदैछ । भाषणबाजीमा 'वैज्ञानिक' शब्दको अन्धाधुन्द प्रयोग हुनु बेग्लै कुरा हो ।

जङ्गबहादुरले साथमा ल्याएको पानी तान्ने पम्प पनि प्रयोगमा आएन । तिनले बेलायत यात्रा गरेको केही दशकपछि खनिज तेलबाट चल्ने गाडी चन्द्रागिरि पहाडको बाटो छिचोल्दै मानिसको पिठ्यूँमा बोकिएर काठमाडौं भित्रियो । आज काठमाडौंमा लाखौं आयातीत सवारी साधन गुड्छन्, पेट्रोल डलरमा किनिन्छ, पेट्रोल ढुवानीकर्ता हड्तालमा उत्रन्छन्, सावाँ र ब्याज तिर्न नसक्दा तेल आपूर्ति समयमा हुँदैन, तेल लिने ताँतीमा कुर्दा-कुर्दा घण्टौं समय नास हुन्छ । तथापि पश्चिमी मुलुकहरूले अनुभव गरेको खनिज तेलको अर्थ-राजनीति र प्रविधिको जटिल चक्रमा हामी अझै परिसकेका छैनौं, वैकल्पिक पथहरू छान्न र प्रयोगमा ल्याउन तिनलाई जस्तो आर्थिक कठिनाई हामीलाई छैन । तर हामीले त्यतापट्टि सोच्नै थालेका छैनौं । यो चाहिँ हाम्रो विडम्बना हो । यसैले नयाँ पुस्ता र तिनलाई बाटो देखाउने शिक्षकहरूले नै यस्ता विकल्पबारे चिन्तन शुरु गर्नु वाञ्छनीय भएको छ ।

औद्योगिक क्रान्ति शुरु हुनुअघि २८० पीपीएम (१० लाखमा

**प्रिय पाठकहरू, यो स्तम्भ सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्था *आइसेट नेपाल* र *शिक्षक* मासिकको सहकार्य हो । यस स्तम्भमा जलवायु परिवर्तनको सेरोफेरोमा; विज्ञान, प्रविधि, विकास एवं समृद्धि र नीतिनिर्माणसम्बन्धी रोचक र उपयोगी सामग्रीहरू प्रस्तुत गरिनेछ । यो खुला बहसमा सहभागी हुन तपाईंहरूलाई पनि स्वागत छ ।**

**आफूलाई लागेका कुरा लेख्नुहोस्- mail@teacher.org.np; iset@ntc.net.np**






२८० भाग) को स्तरमा रहेको विश्वव्यापी कार्बनडाइअक्साइडको मात्रा हिजोआज ३९० पीपीएम पुगेको छ। यसको असर जलवायु परिवर्तनमा देखिएको छ। औसत तापक्रम बढेको छ, पानी पर्ने चरित्रमा फेरबदल भएको छ, समुद्र सतह माथि उठ्दैछ, वनस्पतिको चरित्र समेत परिवर्तन हुँदैछ। यस्तो प्रभाव अरूले जस्तै हामी नेपालीले पनि भोग्दैछौं; यद्यपि नेपालले उत्सर्जन गर्ने हरित गृह ग्यास विकसित मुलुकको तुलनामा एकदमै नगण्य छ। जलवायु परिवर्तनले हाम्रो मुलुक र मुलुकवासीको जीवनमा कस्तो प्रभाव पर्ला? यो क्रम बढ्दै जाँदा भविष्यका जोखिम के-कस्ता होलान्? यस्ता प्रश्नमा हामीले धेरै सोच-विचार गरेका छैनौं; तर अब गर्नै पर्छ।

ऐतिहासिक, राजनीतिक र भौगोलिक सन्दर्भका कारण धेरै नेपालीहरू खानेपानी, बिजुली, स्वास्थ्य सेवा, यातायात, शिक्षा, वैकल्पिक जनजीविका, खाद्य सुरक्षा जस्ता सेवाबाट अझै वञ्चित छन्। प्रचलित भाषामा भन्ने हो भने हामी अविकसित छौं, पछाडि परेका छौं। यो स्थिति परिवर्तन गर्नु हाम्रो सामूहिक चुनौती हो। योसँग जुध्न सजिलो छैन। हामीसँग आर्थिक स्रोतहरू पर्याप्त छैनन्, संस्थागत सीमितताहरू जँघारको रूपमा छन्, क्षमता छैन, हामी सुसङ्गठित र अनुशासित पनि छैनौं। जलवायु परिवर्तनको असरले यो चुनौतीमा अर्को बोझ थपिदिएको छ। जलवायु परिवर्तनका समस्या सिर्जनामा हाम्रो कुनै भूमिका नभए पनि त्यसको प्रभाव भोग्न भने हामी अभिशप्त छौं।

धनी-गरिब, विकसित-अविकसित सबै मुलुकका बासिन्दालाई प्रभाव पार्ने जलवायु परिवर्तनको निम्ति जिम्मेवार ठानिएका मानवीय बानी-व्यवहार सुधार्ने कि नसुधार्ने? हरित गृह प्रभाव सिर्जना गर्ने कार्बनडाइअक्साइड जस्ता हानिकारक ग्यासको उत्सर्जन घटाउने कि न घटाउने? घटाउने भए कसले कहिले कति घटाउने? जलवायु परिवर्तनसम्बन्धी समस्याको समाधान खोज्ने सन्दर्भमा विश्व राजनीति यिनै प्रश्नको वरिपरि घुमिरहेको छ। हानिकारक ग्यासको उत्सर्जन घटाउने कुरा होस् वा उपयोग र जीवनशैली परिवर्तन- सबै सवाल मूलत: सम्पन्न र शक्तिशाली राष्ट्रहरूसँगै सम्बन्धित छन्। यस्तै सवालमा उनीहरुबीच लेनदेन, मोलमोलाइ र विवाद चलिरहेको छ। नेपाल जस्ता मुलुकको स्थिति 'साँढेको जुधाइमा परेको बाच्छो' को जस्तो छ। तर यो जुधाइबाट मिचिनेमा बाच्छो अर्थात् कमजोर मुलुक मात्र पर्दैनन्, सम्पन्न र शक्तिशाली मुलुकका बासिन्दा पनि मिचिन्छन्। धेर-थोर जे भए पनि जलवायु परिवर्तनको असर पृथ्वीका सबै बासिन्दाले व्यहोर्नै पर्ने हुन्छ।

अमेरिकी राष्ट्रपति ओबामाका वैज्ञानिक सल्लाहकार प्रोफेसर जोन होल्ड्रेन भन्छन्, "मानवको सामु जलवायु परिवर्तनसँग जुध्ने तीनवटा विकल्प छन्: न्यूनीकरण गर्नु अर्थात् घटाउनु, अप्ठ्यारो परिस्थितिसँगै बाँच्ने बानी पार्दै जानु, अभ्यस्त हुनु या सङ्कट व्यहोर्नु।" न्यूनीकरण त गर्नैपर्छ, कोही अभ्यस्त हुन पनि सक्षम होलान् तर धेरै चाहिँ सङ्कट बेहोर्नैमै पर्नेछन्। जलवायु परिवर्तनले ल्याएको सङ्कट व्यहोर्न बाध्य वा विवश हुने ठूलो जमातमा सामाजिक, आर्थिक र अन्य कारणले पिछडिएका अहिलेकै कमजोर वर्ग वा समूह वा देशहरू नै पर्नेछन्।

जलवायु परिवर्तनको समस्याका अतिरिक्त विकासको परम्परागत परिभाषा र शैलीको असफलताका कारण पनि विकल्पका बारेमा सोच्नु जरुरी भइसकेको छ। प्रचलित विकासको बाटोले पिछडिएका मुलुकमा सकारात्मक परिवर्तन ल्याउन सकेको छैन। त्यसले जलवायु जस्ता बृहत् पक्षलाई स्थिर मानेर काम कारबाही अघि बढाउँछ। जबकि जलवायु परिवर्तनले स्थितिलाई अस्थिर, अनिश्चित वा चलायमान बनाइरहेको छ। यसर्थ पुराना विधिको स्थानमा नयाँ विधि खोज्नैपर्ने भएको हो। तर त्यस्तो विकल्पको प्रस्ताव कसले राख्ने? कसरी राख्ने?

जलवायु परिवर्तन अत्यन्त अप्ठचारो समस्या हो। विश्लेषकहरू यसलाई 'दुष्ट' वा नराम्रोसँग जेलिएको समस्या सम्म भन्छन्। यसको एउटा तह खोल्दा अर्को समस्या निस्किन्छ, त्यो तह केलाउन थाल्यो, फेरि अर्को नयाँ समस्या निस्किन्छ। त्यसको समाधान खोज्दा विज्ञान, प्रविधि, आर्थिक पद्धति, आनीबानी, सामाजिक व्यवस्था, भौगोलिक स्थिति, प्रचलित विकासको बाटो, राजनीति जस्ता यावत् विषयहरू गाँसिएर आउँछन्। यो समस्यासँग जुध्न कुनै एउटा खास अस्त्र, विधि या उपाय काम लाग्दैन। त्यैसैले धेरै थरी मानिसहरु आ-आफ्नै ढङ्गले यो समस्याको समाधान खोज्न तल्लीन छन्। यहाँनेर के बिर्सनुहुँदैन भने यो समस्याको सिर्जना पनि यसरी नै विभिन्न तहमा भइरहेको छ।

आज समग्र विश्व प्रणाली फितलो र अनिश्चित भएको छ। भविष्य यस्तै हुन्छ भन्न सक्ने अवस्था छैन। त्यसो भए जलवायु परिवर्तनका कारण सिर्जित समस्या समाधान गर्न के गर्ने त? ल्याटिन भाषामा एउटा भनाइ छ, 'डचूस एक्स मकिना' अर्थात् 'मेसिनबाट आएका भगवानले यस्तो अप्ठचारोबाट निकाल्छन्।' हाम्रो भाषामा चाहिँ 'रामबाण' भनौं। तर न त 'डचूस एक्स मकिना' सम्भव छ, न 'रामबाण' नै। वर्तमान विश्वका जलवायु परिवर्तनलगायतका समस्या समाधान गर्ने बृहत् अवधारणा प्रस्तुत गर्न सक्ने कुनै एउटा नेता छैनन् र हुने पनि छैनन्, न त यस्ता योजना बनाउने विशेषज्ञ नै छन्। एक-दुई व्यक्तिबाटै समग्र समाधान आउने जमाना गइसकेको छ। हाम्रो सन्दर्भमा भनौं: जङ्गबहादुर फेरि जन्मिँदैनन्, त्यो स्वीकार्य पनि छैन, आवश्यक पनि छैन। न त गान्धीले नै पुन: अवतार लिएर नयाँ आन्दोलन शुरु गर्छन्।

त्यसो भए के गर्ने त? यो प्रश्नको जवाफ चित्ताकर्षक छैन तर सरल छ: 'समस्या समाधानका लागि भिन्नै र थुप्रै तरिकाहरू खोज्ने, चरण-चरणमा समाधान पहिल्याउन प्रयत्नरत रहने।' यसो गर्नका लागि निश्चित तर लचिलो कार्यविधि तयार गर्ने। एउटा चरणको प्रयास काम नलागे अर्को चरणमा नयाँ विधि प्रयोग गर्ने। एकअर्काबाट सिक्ने; सिक्दै जाने। यसो गर्नु नै हामी सबैको हितमा हुनेछ।

रिपोर्ट

सुदर्शन घिमिरे

# गुणस्तरीय शिक्षाः के हो, के होइन ?

**नेपालमा शिक्षाको गुणस्तरबारे चासो र चिन्ता बढ्दै गएको भए पनि यसबारेमा ठोस र सार्थक वहस चाहिँ अझै हुन बाँकी नै छ ।**

काठमाडौंको कालीमाटीस्थित ज्ञानोदय माविबाट २०६७ को एसएलसी परीक्षामा सहभागी १४९ मध्ये १४२ जना उत्तीर्ण भए । तीमध्ये २४ जनाले विशिष्ट श्रेणी र ११० जनाले प्रथम श्रेणीमा सफलता हासिल गरे । त्यसमा पनि जगदीश उप्रेतीको प्राप्ताङ्क (९३.०५ प्रतिशत)लाई सम्भवतः सार्वजनिक विद्यालयतर्फको सबैभन्दा उच्च ठानिएको छ । कम्प्युटरबाहेक आफूले ज्ञानोदयमा हासिल गरेको शिक्षा 'स्तरीय' भएको जगदीशको कथन छ । संयोगवश जगदीशहरूकै सम्मानमा आयोजित कार्यक्रमको अवसरमा शिक्षा सचिव शङ्करप्रसाद पाण्डेले ज्ञानोदयको कम्प्युटर ल्यावको उद्घाटन गरे ।

ज्ञानोदयका प्रधानाध्यापक धनञ्जय शर्मा चाहिँ आफ्नो विद्यालयको स्तरप्रति जगदीश जस्तो सन्तुष्ट देखिँदैनन् । एसएलसी उत्तीर्ण विद्यार्थीको सम्मान कार्यक्रममा भेटिएका अधिकारी भन्दैथिए, "सरकारी पाठ्यक्रमले निर्दिष्ट गरेका कुरा जानेका आधारमा दिइएको नम्बरले मात्र स्तरीय सिकाइ सुनिश्चित गर्दैन । नेतृत्व क्षमता, निरन्तर सिक्ने प्रवृत्ति, सामाजिक र मानवीय मूल्यमान्यता, आत्मविश्वास जस्ता कुरा हामीले चाहिने मात्रामा विद्यार्थीलाई दिनसकेका छैनौं । विद्यार्थीको समग्र विकासमा सघाउने शिक्षा मात्र स्तरीय शिक्षा हुनसक्छ ।"

## के हो गुणस्तरीय शिक्षा ?

गुणस्तरीय शिक्षाको बारेमा चासो र चिन्ता सबैतिरबाट प्रकट हुने गरेको भए पनि यो विषयलाई परिभाषित गर्न सहज र सरल भने छैन । यो सापेक्षित अवधारणा हो । उदाहरणका लागि; आजभन्दा ५०/६० वर्षअघि संस्कृतका श्लोक कण्ठ गर्ने या नेपाली फरर पढ्न सक्ने व्यक्ति 'जान्ने' कहलिन्थ्यो । आज कण्ठ गरेर भन्ने कुरालाई भन्दा व्यक्तिको सिक्ने प्रवृत्ति, मानसिक, शारीरिक, सामाजिक र संवेगात्मक विकास कसरी भएको छ भन्ने पक्षलाई बढी महत्त्व दिइन्छ । केही वर्षअघिसम्म स्मरण पक्षलाई स्तरसित जोडिन्थ्यो भने हिजोआज विश्लेषणात्मक र मौलिक सोचलाई स्तरीय शिक्षाको कसी मान्न थालिएको छ । त्यसैले 'गुणस्तर'को कुरा धेरै हदसम्म सापेक्ष हुन्छ भन्नेमा द्विविधा देखिँदैन ।

२००७ सालको राजनीतिक परिवर्तनपछि मात्र नेपालमा 'मास एजुकेशन' शुरु भएकाले धेरै वर्षसम्म विद्यालयको सङ्ख्यात्मक विस्तार नै प्रमुख मुद्दा बनिरह्यो । २०३६ सालपछि जब ठूलो सङ्ख्यामा निजी विद्यालयहरू सञ्चालनमा आउन थाले र एसएलसीमा सार्वजनिक विद्यालयको भन्दा तिनको नतिजा राम्रो देखिन थाल्यो, विद्यालय शिक्षाको गुणस्तरीयता पनि चर्चाको विषय बन्न थालेको हो । स्नातक-स्नातकोत्तर पढेका मानिसले समेत रोजगारी पाउन नसकेपछि गुणस्तरको बारेमा चासो र चिन्ता बढ्न गएको हो ।

शिक्षा के हो, कस्तो हुनुपर्छ भनेर शताब्दीयौंदेखि चिन्तनमनन् भइरहेको भए पनि दोस्रो विश्वयुद्धले विश्व राजनीतिक रङ्गमञ्च र मूल्यप्रणालीमा ल्याएको महत्त्वपूर्ण परिवर्तनका कारण 'शिक्षाको स्तर' लाई लिएर अन्तर्राष्ट्रियस्तरमा बहस शुरु भएको भारतीय शिक्षाविद् प्रा. कृष्णकुमारको कथन छ । युनेस्कोको लागि सन् २००४ मा तयार पारेको *हिस्ट्री अफ दि क्वालिटी डिबेट* शीर्षकको दस्तावेजमा उनले लेखेका छन्, "रङ, वर्ग र लैङ्गिक विभेदका बारे सोचमा आएको परिवर्तनले अन्ततः शिक्षामा पनि सुधार र परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्यो, शिक्षाको स्तर माथि बहसको थालनी हुनगयो ।" विकसित विश्वबाट प्रारम्भ भएको यो बहसलाई सन् १९९० मा थाइल्याण्डमा सम्पन्न 'सबैका लागि शिक्षा' सम्बन्धी शिक्षामन्त्रीहरूको अन्तर्राष्ट्रिय सम्मेलनले पहिलोपल्ट विश्वव्यापी बहस र चासोको विषय बनायो । सन् २००० मा सेनेगलमा

भएको संसारभरका शिक्षामन्त्रीहरूको दोस्रो सम्मेलनले यसलाई अझै अगाडि बढायो। युनेस्कोले 'सबैको लागि शिक्षा' अभियानका ६ वटा लक्ष्यमध्ये एउटा लक्ष्य 'स्तरीय शिक्षा' लाई बनाएको थियो।

'स्तरीय शिक्षा'बारे शिक्षाविद् अन्ड्रेई हेप्बर्नले दिएको परिभाषा सबैभन्दा सटिक प्रतीत हुन्छ। उनी भन्छन्, "गुणस्तरीय शिक्षाले एकै पुस्तामा समाजलाई रुपान्तरण गर्ने सामर्थ्य राख्छ। यसले बालबालिकालाई गरिबीको दुष्चक्र, श्रमको शोषण र रोगव्याधीबाट बचाउँछ र उनीहरूलाई ज्ञान, सीप र आत्मविश्वास दिलाउँछ, जसले उनीहरूलाई आफूभित्रको सम्भावनाको अधिकतम खोजी गर्ने र क्षमताको अधिकाधिक प्रयोगको बिन्दुसम्म पुऱ्याउँछ।"

### गुणस्तरको मापदण्ड र सूचक

शिक्षा आफैँमा अभौतिक कुरा भएकाले यसलाई मापन गर्ने कुरा सरल नहुनु अस्वाभाविक होइन। निकै विशद् र बृहत्तर विषय भएको कारणले एउटा मात्र आँखाबाट वा एक्लो मापदण्ड बनाएर यसलाई मापन गर्न सकिँदैन। बरु, शिक्षा हासिल गरेको व्यक्तिको ज्ञान, सीप र अभिवृत्ति हेरेर त्यसको आधारमा उसले हासिल गरेको शिक्षाको स्तर आकलन गर्न सकिने कुरामा खासै विमति भेटिन्न। शिक्षाको अभिप्राय र व्यक्तिसित त्यसको सम्बन्ध मूलतः यिनै तीन कुरा (ज्ञान, सीप र अभिवृत्ति) सित सम्बन्धित देखिन्छ।

स्तरीय शिक्षाको मापदण्ड र सूचकको कुरा गर्दा, पाठ्यक्रमले राखेका लक्ष्य र सिकाइको उपलब्धि स्तर मापनको एउटा महत्त्वपूर्ण आधार हुनसक्ने देखिन्छ। किनभने, स्कूलहरूका लागि निर्दिष्ट पाठ्यक्रम बनाइएको हुन्छ र जाँच पनि सोही आधारमा लिने गरिन्छ। त्यसले सिकाइएका कुरा विद्यार्थीले कति सिक्न सके वा जाने भन्ने कुरा नै स्तर मापनको एउटा आधार बन्न आउँछ। कक्षागत वा तहगत रूपमा विद्यार्थीको सिकाइ उपलब्धि मापन गरेर त्यसको अवस्था थाहा पाउन सकिन्छ। नेपालमा सन् १९९७ यता कक्षा ३, ५ र ८ को राष्ट्रियस्तरमा उपलब्धि जाँच गर्ने काम एकाध पटक भएको छ। शिक्षा विभागले यसपालि कक्षा दशको उपलब्धि मापनको सिलसिलामा अनुसन्धान गराइरहेको छ।

के कति ज्ञान हासिल गरे स्तरीय हुने, के कति भए चाहिँ स्तरहीन भन्ने कुरा छुट्याउन पनि त्यति सजिलो छैन। उहिले उहिले शिक्षा मूलतः ज्ञान आर्जनसित सम्बन्धित थियो, तर आज हासिल ज्ञानबाट समाज रुपान्तरणमा के कस्तो योगदान पुग्न सक्यो वा के कति आर्थिक उपार्जन भयो भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन गएको छ। डिग्री धारी भएर पनि ज्ञान हासिल गरेको क्षेत्रमा कैयौंले माखो मार्न नसकेपछि या त्यस क्षेत्रमा काम गर्न वा सृजना गर्न असमर्थ भएपछि उपलब्धिको कुरा पनि साथसाथै जोडिन आइपुगेको हो। शिक्षाविद् डा. नकुल बानियाँ भन्छन्, "शिक्षाले उत्पादित गरेको जनशक्ति नेपाली समाजको लागि कत्तिको उपयोगी सिद्ध भयो भन्ने कुरा पनि स्तरीय शिक्षाको एउटा कसी हुनसक्छ।" पछिल्ला दशकहरूमा नेपालका विद्यालय र विश्वविद्यालयको शिक्षा पूरा गरेका मानिसहरूले बजारमा प्रतिस्पर्धा गर्न नसकेको भनी दुवै तहको शिक्षाको स्तरमाथि नै गुनासा र असन्तुष्टिहरू व्यक्त हुँदै आएका छन्। "काम पायो भने स्तरीय हुनेभयो, पाएन भने भएन।" डा. बानियाँ भन्छन्, "पढाइ पूरा भएपछि बजारमा मानवीय पूँजी खपत भयो भएन भन्ने कुरालाई एउटा मानक बनाउन सकिन्छ।"

व्यक्ति तथा समाजका मूल्यमान्यता, आचरण

**एक्काइसौं शताब्दीका युवायुवतीमा हुनुपर्ने ज्ञान, क्षमता, प्रवृत्ति र मूल्यबोध**

| | |
|---|---|
| **ज्ञान** | गणित, विज्ञान, समाज विज्ञान (इतिहास, भूगोल, संस्कृति आदि) लगायतका 'कोर' विषयमा राम्रो ज्ञान, अन्तर्राष्ट्रिय भाषाको दक्षता र वैयक्तिक ज्ञान |
| **योग्यता र सीप** | सृजनशील सोच, समालोचनात्मक र समस्या समाधान सीप (कारण र परिणाम खोतल्ने, प्रश्न गर्ने, अनिश्चयको सामना गर्न सक्ने, विश्लेषण, संश्लेषण र मूल्याङ्कन गर्ने सीप) आफ्नो विचार बोलेर र लेखेर अभिव्यक्त गर्ने सीप, योजना निर्माण र व्यवस्थापन कौशल, जीवनपर्यन्त सिक्ने सीप (कसरी सिक्ने भनेर सिक्ने, ज्ञानलाई नयाँ परिस्थिति हेरेर ग्रहण र उपयोग गर्ने, स्वनिर्देशित भई ज्ञान हासिलमा लागिरहने), अन्तरसांस्कृतिक सञ्चार दक्षता (भिन्न भिन्न सांस्कृतिक सन्दर्भसित सञ्चार गर्ने र सम्झौता तथा द्वन्द्व निवारण गर्ने सीप), सूचना र सञ्चार तथा सूचनाप्रविधि सीप |
| **प्रवृत्ति र आचरण** | लचकता र अनुकूलनशीलता (Adaptability) जोखिम लिने, आफैं सुरुआत गर्ने तत्परता, स्व-उत्प्रेरित, आफैं र अरू सबैलाई सम्मान गर्ने, प्रतिबद्ध, अरूका भावना बुझ्ने र रेस्पोन्स गर्ने, आफूले जिम्मेवारी लिएको काम समयमै पूरा गर्ने, सकारात्मक सोच |
| **मूल्य-मान्यता** | सामाजिक र मानवीय कार्यमा एकता, लैङ्गिक समानता, सहिष्णुता, भिन्न मतको सम्मान, पारस्परिक समझदारी, मानवअधिकारको सम्मान, अहिंसक, मानव जीवन, प्रकृति तथा स्वाभिमानप्रतिको सम्मान, आफ्नो रुचि र स्वार्थहरूको पूर्ति या स्वतन्त्रताको उपभोग गर्दा अरूलाई हानि नपुऱ्याउने |

*(अमेरिकी शिक्षाविद् डा. मेरी जे पिगोजीले स्तरीय शिक्षाका सूचकहरू शीर्षकमा तयार पारेको प्रस्तुतिमा आधारित)*

# रिपोर्ट

## स्तर मापनः युनिसेफको मापदण्ड

### १. स्तरीय सिक्ने मानिस

राम्रो स्वास्थ्य र पोषण • प्रारम्भिक बालविकासको अनुभव • सिक्नका लागि नियमित सहभागिता • सिक्नका लागि परिवारको सहयोग

### २. स्तरीय वातावरण

**भौतिक पक्षः** स्तरीय भौतिक सुविधाको उपलब्धता • स्तरीय पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शैक्षिक सामग्री पुस्तकालय आदि • कक्षामा विद्यार्थीको सङ्ख्या

**मनोसामाजिक पक्षः** शान्त, सुरक्षित र स्वतन्त्र वातावरण • शिक्षकको व्यवहार • प्रभावकारी अनुशासन • समावेशी वातावरण • अहिंसा

**स्वास्थ्य सेवाको उपलब्धता**

### ३. स्तरीय विषयवस्तु

विद्यार्थी केन्द्रित, भेदभावरहित र मापदण्डमा आधारित पाठ्यक्रम • स्थानीय र राष्ट्रिय विषयवस्तु • साक्षारता • गणितीय सीप • जीवनोपयोगी सीपहरू • शान्ति शिक्षा

### ४. स्तरीय प्रक्रिया

**शिक्षकः** शिक्षकको पेशागत सिकाइ र तालिम • शिक्षकको योग्यता र स्कूलको प्रभावकारिता • निरन्तरको पेशागत विकास • विद्यार्थीकेन्द्रित सिकाइमा निरन्तर सहयोग • सक्रिय र मापदण्डमा आधारित सहभागितात्मक मोडल • शिक्षकलाई पृष्ठपोषण दिने संयन्त्र • विद्यार्थीले सिक्छन् भन्ने शिक्षकको विश्वास • शिक्षकको काम गर्ने वातावरण

**सुपरीवेक्षण र सहयोगः** प्रशासनिक सहयोग र नेतृत्व • स्कूलमा प्रयुक्त भाषामा विद्यार्थीको पहुँच • असमानता घटाउने काममा प्रविधिको प्रयोग • प्रक्रिया र सुविधामा विविधता

### ५. स्तरीय उपलब्धि

साक्षारता र गणितीय सीप • सुधारात्मक प्रक्रियाद्वारा उपलब्धिको लेखाजोखा र सुधार • अभिभावकको दृष्टिमा उपलब्धि • समुदायमा सहभागिता, निरन्तरको सिकाइ र आत्मविश्वास • खोजिएको विषयमा अनुभवजन्य उपलब्धि • स्वास्थ्य • जीवनोपयोगी सीप

*स्रोतः डिफाइनिङ क्वालिटी एजुकेशन, युनिसेफ*

तथा प्रवृत्ति र शिक्षालयबीच गहिरो सम्बन्ध रहेको मानिन्छ। राम्रो शिक्षालय त्यो हो, जसले उपयुक्त शिक्षण विधिको माध्यमद्वारा विद्यार्थीहरूमा सही मूल्यमान्यता र प्रवृत्तिको विकास गराउन सक्छ। मूल्यमान्यता र आचरणका कुरा मूलतः समाजले बोकेको मूल्यमान्यता र संस्कृतिमा आधारित हुन्छन्। तर केही कुराहरू विश्वव्यापी रूपमै स्वीकार गर्न थालिएको छ, जस्तो- मानवअधिकार, भ्रातृत्व र स्वतन्त्रताप्रतिको सम्मान। आफूलाई सुम्पिइएको काम समयमै सम्पन्न गर्ने, सकारात्मक सोच, जोखिम लिने आँट आदि आचरणगत कुरा पनि विश्वव्यापी रूपमा नै स्तरीय शिक्षाको मानकमा पर्न थालिसकेका छन्। ललितपुरको आदर्श सौल उच्च माविका प्राचार्य भीम सापकोटा थप्छन्, "यदि शिक्षाले उच्च मानवीय मूल्यमान्यतालाई विद्यार्थीको जीवनपद्धतिमा अनुवाद गराउन सकेन भने व्यक्तिलाई जतिसुकै क्षमतावान बनाए पनि त्यो शिक्षा स्तरीय कहलिन सक्दैन।"

संयुक्त राष्ट्रसंघीय बालकोष 'युनिसेफ'ले चाहिँ स्तरीय शिक्षालाई बालबालिकाको आँखाबाट हेर्ने गरेको छ। सन् २००० मा प्रकाशित *डिफाइनिङ क्वालिटी एजुकेशन* नामक दस्तावेजमा युनिसेफले भनेको छ, "गुणस्तरीय शिक्षा लिन पाउने हरेक बच्चाको अधिकार हो।" आफ्ना अभिभावकको न्यानो माया र सिकाइ प्रक्रियामा सक्रिय सहयोग पनि बच्चाको स्तरीय शिक्षासित जोडिएको युनिसफेको ठम्याइ छ। त्यसैगरी, उसले स्कूलको वातावरण सुरक्षित र स्वतन्त्र, लैङ्गिक हिसाबले संवेदनशील र पर्याप्त शैक्षिक र भौतिक पूर्वाधार रहनुपर्ने जिकिर गरेको छ। गुणस्तरलाई मापन गर्ने प्राविधिक मोडल शिक्षामा हुने लगानी, प्रक्रिया र नतिजामा टेकेर उसले सिलसिलेवार रूपमा पाँच वटा बुँदामा स्तरीय शिक्षाको मापदण्ड नै तयार गरेको छ *(हे. बक्स)*। उता युनेस्कोले चाहिँ गुणस्तरलाई अभिव्यक्त गर्ने गरी सिकाइको 'चौखम्बे' अवधारणा विकसित गरेको छ। यस भित्र व्यक्तिले ज्ञान आर्जन (Learning to know), केही गर्न (Learning to do), सहकार्य गरेर जिउन ((learning to live together) र केही हुन (learning to be) पर्दछन्।

युरोपेली राष्ट्रहरूको साझा संस्था युरोपियन कमिसनले चाहिँ चार तरिकाले शिक्षाको स्तर मापन गर्ने चेष्टा गरेको छ। सन् २००० पछि तयार पारिएको दस्तावेजमा युरोपेली देशहरू विषयगत उपलब्धि, सफलता र परिवर्तन, अनुगमन, स्रोत र संरचना गरी चारवटा आँखाबाट १६ बुँदामा स्तरीयताको मापन गर्न सकिने निष्कर्षमा पुगेका देखिन्छन्। *(हे. गुणस्तर मापनका १६ आधार पृ. २६)*।

ग्राहकको सन्तुष्टिको मोडल पनि शिक्षाको स्तर मापनका लागि उपयोगी हुने कतिपय शिक्षाविद्को तर्क छ। यो उद्योग र व्यवसायमा धेरै दशकदेखि प्रयोग हुँदै आएको मोडल हो। ग्राहकको सन्तुष्टिको आधारमा कुनै पनि सेवा वा वस्तुको गुणस्तरीयता निर्धारण गर्नु यो मोडलको विशेषता हो। शिक्षाको सन्दर्भमा विद्यार्थी र अभिभावकलाई ग्राहक मान्ने हो भने उनीहरूको सन्तुष्टिको आधारमा तिनले पाएको शिक्षा कुन गुणस्तरको हो भनेर नाप्न सकिन्छ।

## शिक्षाको गुणस्तर नाप्ने नेपाल सरकारको मापदण्ड

**मापदण्ड–१ पाठ्यक्रम**

प्रत्येक तहका लागि पाठ्यक्रमको ढाँचाअनुसार सिकाइ-उपलब्धि निर्धारण । • सिकाइ-उपलब्धिहरू विद्यार्थीहरूको उपलब्धि मापदण्डका आधार हुनेछन् । • प्रत्येक तहका प्रत्येक कार्य-सम्पादन मापदण्डहरू प्रत्येक विद्यार्थीद्वारा हासिल हुने सुनिश्चितता गरिनेछ । • सामाजिक आर्थिक अवस्था, जातीयता, लिङ्ग र स्थानीयता आदिका कारणले विद्यार्थीले प्राप्त गर्ने ज्ञानमा कुनै फरक नहुने । • स्थानीय पाठ्यक्रमको विकास । • कक्षाको तह बढ्दै जाँदा विद्यार्थीहरूलाई व्यावसायिक सीपहरू उपलब्ध गराइने ।

**मापदण्ड–२ शिक्षक**

आधारभूत शिक्षाका लागि शिक्षकको न्यूनतम शैक्षिक योग्यता एसएलसीबाट कक्षा १२ उत्तीर्ण । • शिक्षक हुनका लागि पूर्वसेवाकालीन तालिम र अध्यापन अनुमतिपत्रको अनिवार्य । • शिक्षकहरूको उपलब्धिको लेखाजोखा गरी उनीहरूको पेशागत विकासका लागि अवसरहरू उपलब्ध गराइने । • विद्यालय र कक्षाकोठामा शिक्षकको नियमितताको अनुगमन । • शिक्षकले अध्यापनसम्बन्धी काममा बिताउने समय १०० प्रतिशतको नजिक हुनुपर्ने । • कक्षाकोठाको शिक्षण-सिकाइमा शिक्षकले विषय र विषयवस्तु सुहाउँदो शैक्षिक सामग्रीहरू प्रयोगको सुनिश्चितता । • विद्यार्थीको उपलब्धिको सुधारका लागि समयमै उपलब्ध गराइने पृष्ठपोषणका लागि शिक्षकहरू जवाफदेही ।

**मापदण्ड–३ कक्षाकोठा**

औसतमा एकजना विद्यार्थीले ०.७५ वर्गमिटर क्षेत्रफल पाउनेछन् । • एउटा कक्षामा ४० जनाभन्दा बढी विद्यार्थी हुने छैनन् । • प्रत्येक कक्षाकोठामा पर्याप्त प्रकाशको व्यवस्था, दोहोरो हावा खेल्ने व्यवस्था हुनेछ । • कक्षाकोठा विद्यार्थीका चाहनाअनुसार बालमैत्री बनाइनेछन् । उमेर समूहका विद्यार्थीका लागि सुहाउँदो कक्षाकोठा र विभिन्न क्रियाकलाप गराउन मिल्ने बालमैत्री फर्निचर हुनेछ ।

**मापदण्ड–४ मूल्याङ्कन**

कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय, कक्षा १० को अन्त्यमा क्षेत्रस्तरीय र कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा । • विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्याङ्कन प्रणाली । प्रत्येक कक्षाका अन्त्यमा निर्णयात्मक मूल्याङ्कन । • वर्षभरिको विद्यार्थीको उपलब्धिको लेखाजोखा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको योगबाट गरिने । माथिल्लो कक्षामा जानका लागि प्रत्येक विषयमा विद्यार्थीले ५० प्रतिशत अङ्क ल्याउनुपर्ने ।

**मापदण्ड–५ गुणस्तरसँग सम्बन्धित अन्य**

एक वर्षमा कम्तीमा २२० दिन विद्यालय खुल्ने कुराको सुनिश्चितता हुनेछ । • शैक्षिक सत्र निर्धारणका लागि स्थानीय निकायलाई स्वायत्तता दिइने । • एक शैक्षिक वर्षभरिमा विद्यालयमा कुनै पनि राजनीतिक बाधा नपर्ने गरी विद्यालयहरू शान्तिक्षेत्र घोषित हुनेछन् । • प्रभावकारी अनुगमन र सुपरीवेक्षण प्रणालीका साथमा शिक्षा नियमावलीको नियमनिष्ठ कार्यान्वयनको सुनिश्चितता हुनेछ । • पुरस्कार र दण्डलाई जवाफदेहितासँग सम्बन्धित गराइनेछ । • कक्षा १ देखि ५ सम्म कक्षा शिक्षक र कक्षा ६ देखि १२ सम्म विषय शिक्षकको व्यवस्था हुनेछ । • नेतृत्वको गुणस्तरसम्बन्धी मापदण्डका आधारमा प्रधानाध्यापकको छनोट गरिनेछ । • विद्यालयको व्यवस्थापन स्थानीय निकायले समुदायको निकट परामर्शमा गर्नेछ । • हरेक तहको विद्यालयको भौतिक सुविधाको राष्ट्रिय आधार निर्माण गरेर ती आधारहरू पूरा गर्न स्थानीय निकायलाई उत्प्रेरित गरिनेछ ।

*विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६ बाट साभार र सम्पादित*

### खाँचोः वस्तुनिष्ठ र परिष्कृत मापदण्डको

नेपालमा पहिलो पटक विद्यालय क्षेत्र सुधार योजनाले स्तर मापनको मापदण्ड पहिचान गर्ने प्रयास गरेको छ । यसमा गुणस्तर मापनका पाँचवटा मापदण्ड उल्लेख गरिएको छ । तर विज्ञहरू समेत राखेर बनाइएको यो मापदण्डमा 'बालमैत्री फर्निचर हुन्छ' जस्ता कार्यक्रमगत र साना-मसिना कुरालाई समेत स्तर मापनको महत्त्वपूर्ण आधारको रूपमा राखिनु चाहिँ विडम्बनापूर्ण नै लाग्छ । *(हे. बक्स-२)* सरकारले पहिलोपल्ट बनाएको यस मापदण्ड धेरै नै हचुवा र झारा टार्ने खालको भएकाले यसमाथि छिट्टै पुनर्विचार गर्नुको विकल्प छैन ।

शिक्षाको गुणस्तर- गाउँ र शहर, निजी र सरकारी, देश र विदेश, दुर्गम र सुगम, धनी र गरिब, पुरुष र महिला, सूचना प्रविधिमा पहुँच हुने र नहुने आदि विभिन्न पक्षसित अन्तरसम्बन्धित हुने कुरामा सबैको सहमति भेटिन्छ । बालबालिका र उसको पारिवारिक पृष्ठभूमि, समाजको आर्थिक सामाजिक स्तर, सांस्कृतिक परिवेश र सन्दर्भ, विद्यालयको भौतिक वातावरण र शिक्षक-अभिभावकको सोच, विद्यालयको सुशासन, शिक्षाको राष्ट्रिय मापदण्ड लगायतका विषय र सन्दर्भहरू पनि यो अभिन्न रूपमा गाँसिएको हुन्छ । "यिनै सन्दर्भहरूलाई आधार बनाएर शिक्षाको मापदण्ड निर्धारण गर्नुपर्छ", त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति एवं शिक्षाविद् केदारभक्त माथेमा भन्छन्, "तर विद्यालयमा पाठ्यक्रमले तय गरेबमोजिम पढाइ हुने ग्यारेन्टी पहिलो शर्त हो । किनभने पढाइ नै नभइकन स्तरको कुरा गर्न सकिँदैन ।"

# गुणस्तर मापनका १६ आधार

## १. गणित

गणितको आधारभूत ज्ञान पाठ्यक्रमको अभिन्न अङ्ग मानिन्छ। गणितको अध्ययनले बालबालिकामा तार्किक र विश्लेषणात्मक क्षमताको विकास गराउँछ। बालबालिकालाई दिइने गणितको ज्ञान तथा सीपले उनीहरूलाई समाजमा सहभागी हुन, राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न योग्य बनाउँछ। यसले ज्ञानमा आधारित समाज निर्माणको वातावरण निर्माण गर्दछ। त्यसैले गणित शिक्षालाई सिकाइको प्रारम्भिक चरणदेखि नै अनिवार्य विषयको रूपमा समाविष्ट गर्ने गरिएको हो।

## २. पढाइ

हरेक बालबालिकाको सिकाइको लागि पढाइ सीप (वाचन र बोध) को ज्यादै महत्त्वपूर्ण भूमिका हुन्छ। पढाइमा सफलता हासिल गर्नका लागि शिक्षकले पढाएको र किताबका पाठहरू बुझ्ने र पढ्ने क्षमता हुनु आवश्यक छ। साक्षारता सीप विद्यालयभित्र मात्र सीमित रहँदैन, यो त जीवनपर्यन्त शिक्षाको लागि अति नै आवश्यक हुन्छ। जसले व्यक्तिलाई समाजसित घुलमिल (Integration) गर्न र व्यक्तित्व विकास (personal development) गर्न सघाउँछ।

## ३. विज्ञान

विज्ञानले विद्यार्थीहरूलाई आफ्नो वरिपरिको वातावरणबारे खोजी गर्न र परीक्षण गर्ने साधन प्रदान गर्दछ। यसले विद्यार्थीहरूमा विश्लेषण गर्ने क्षमताको विकास गराउँछ, जसले उनीहरूलाई आफू वरिपरिको प्रकृति र वातावरणबारे 'सेन्स' दिन्छ। यसले वातावरण, सजीव वस्तुहरू, स्वास्थ्य तथा अरू मुद्दाहरूमा उनीहरूलाई जिज्ञासु बनाउँछ र विश्लेषणात्मक तरिकाले सोच्न प्रेरित गर्दछ। विज्ञानले विद्यार्थीहरूमा प्रकृति र मानिसबीचको अन्तरसम्बन्ध तथा प्राकृतिक स्रोतहरूको सीमितता बारे जागरुकता विकास गर्दछ। विज्ञानसित सम्बन्धित विषयहरूले उद्योग र व्यवसायको आधारस्तम्भको काम गर्छ। राष्ट्रिय दृष्टिकोणबाट सोच्दा, प्रविधिको विकासको लागि दक्ष अनुसन्धानकर्ताहरू अपरिहार्य छन्। जसले देशलाई विकासको उच्चतम् अवस्थामा पुऱ्याउन सक्छन्।

## ४. सूचना तथा सञ्चारप्रविधि

नयाँ प्रविधिको महत्त्वको बारेमा द्विविधा र अन्योल छ। सूचना तथा सञ्चारप्रविधिले वर्तमानलाई मात्र प्रभावित तुल्याइरहेको छैन, भविष्यमा त सामाजिक संरचनामै असर पार्ने देखिन्छ। यसले सिक्ने, बाँच्ने, काम गर्ने, उपभोग गर्ने, मनोरञ्जन गर्ने र यहाँसम्म कि आफूलाई अभिव्यक्त गर्ने तरिकामा समेत द्रुतगतिले परिवर्तन गरिरहेको छ। त्यसैले, शिक्षकले विद्यालय भित्र र बाहिर हुने सिकाइमा तालमेल मिलाउन सक्नै पर्दछ। यदि स्कूलले सूचना तथा सञ्चारका नवीनतम् र अन्तरक्रियामुखी प्रविधिहरूको अनन्त सम्भावनाको दोहन गर्न सकेनन् भने प्रभावकारी सिकाइ हुनसक्दैन।

## ५. विदेशी भाषा

विश्व बजारका पेशागत तथा व्यक्तिगत अवसरहरू प्राप्त गर्न विभिन्न विदेशी भाषाहरूमा प्रवीणता हासिल गर्नु आवश्यक छ। हाल युरोपका देशहरूमा पूँजी र सामानहरूको प्रवेश र परिचालनको तुलनामा मानिस र विचारहरूको आवतजावत न्यून छ। भाषिक कठिनाइका कारण युवाहरू विदेशमा अध्ययन गर्न र काम गर्न जान हच्किन्छन्। विदेशी भाषाको महत्त्व भविष्यमा झन्-झन् बढ्दै जाने देखिन्छ।

विदेशी भाषाको दक्षता नवीन ज्ञान तथा प्रविधि सिक्ने महत्त्वपूर्ण औजार हो। एक-अर्को देशका नागरिकहरूबीच आपसी समझदारी कायम गर्न तथा एकअर्काको सभ्यताबाट सिक्ने अवसर पनि भाषाले प्रदान गर्दछ। विदेशी भाषाको ज्ञान राजनीतिक रूपमा समेत महत्त्वपूर्ण छ।

## ६. सिक्ने तरिका सिक्नु

औपचारिक शिक्षाको समाप्तिपछि पनि व्यक्तिले जीवनको हरेक क्षणहरूमा आफूलाई आवश्यक पर्ने ज्ञान तथा सीपहरू हासिल गर्न सक्नुपर्दछ। सिक्ने व्यक्तिले त्यतिबेला मात्र प्रभावकारी रूपमा सिक्न सक्दछ जब उसलाई कसरी सिक्ने र कुन-कुन साधनहरू प्रयोग गरेर सिक्ने भन्ने कुराको ज्ञान हुन्छ।

सिकेको ज्ञानलाई व्यवहारमा प्रयोग गर्ने तथा त्यसको विश्लेषण, संश्लेषण र मूल्याङ्कनसम्बन्धी सीपहरू बौद्धिक सीप

हुन् । यो सीपहरू बाहेक सिक्ने उत्प्रेरणा र अभिवृत्ति पनि सिक्ने तरिका भित्रै पर्दछन् ।

अन्तर्राष्ट्रियस्तरमा बढ्दो घुलमिल, नयाँ सूचनाहरूको अत्यधिक वृद्धि र प्रवाहले गर्दा नसोचिएको गतिमा परिवर्तन आइरहेको छ, जसले विद्यालय शिक्षा र जीवनपर्यन्त सिकाइबीच निकटको सम्बन्ध अझै गहन बनाइदिएको छ । सफल हुन, पेशागत संसारमा प्रविष्ट गर्न र भविष्यको समाजमा पदार्पण गर्न यी कुराहरू जरुरी छ ।

## ७. नागरिक शिक्षा

नागरिक कहलिन योग्य युवा युवतीहरूले सार्वजनिक सरोकारका कुराहरूबाट के सिकिरहेका छन् र त्यसलाई कसरी लिइरहेका छन् भनी जान्न हरेक समाज उत्सुक हुन्छ। धेरै जसो देशहरूमा जनसमुदायको ठूलो हिस्साले वास्तविकता नबुझी अरूलाई हिंसा, बेरोजगारी र आपराधिक क्रियाकलाप जस्ता विषयमा लागेका आक्षेप लगाउने गर्दछ। असल नागरिक कसलाई भनिन्छ भनेर बुझाइदिनेदेखि नागरिक संस्कृति (civic culture) को विकास गराउने काम औपचारिक शिक्षाकै हो। सरकार र नीतिनिर्माता मात्र होइन, जनसाधारणको लागि पनि यो उत्तिकै महत्त्वको विषय हो।

## ८. पढाइ छाड्ने दर

आर्थिक विकास र बढ्दो प्रतिस्पर्धाले समाजका केही व्यक्तिहरू किनारामा पर्न जान्छन्। ज्ञानमा आधारित समाजले मानिसलाई दुई भागमा विभक्त गर्न थालेको छ- पर्याप्त योग्यता र सीप भएका र नभएका । तीव्र गतिमा परिवर्तित भइरहेको यस्तो वातावरणले हरेक व्यक्तिले आफ्ना ज्ञान र सीपहरूलाई हरबखत अद्यावधिक गर्न अपरिहार्य तुल्याइदिएको छ । यसका लागि न्यूनतम ज्ञानको आवश्यकता पर्दछ। अनिवार्य शिक्षा पूरा नगरेका व्यक्तिहरू जीवनपर्यन्त सिकाइमा सहभागिता हुनसक्ने सम्भावना न्यून रहन्छ । राम्रोसित स्कूले शिक्षा पूरा नगरेका र सिक्ने सवालमा नकारात्मक प्रवृत्ति भएका युवायुवतीहरूको जीवनका घुम्तीहरूमा अनेकन समस्याहरू आइरहन सक्छन् ।

## ९. उच्च माध्यमिक शिक्षा उत्तीर्ण दर

उच्च माध्यमिक शिक्षा उत्तीर्ण दर उच्च हुनु सफल शैक्षिक प्रणालीको महत्त्वपूर्ण सूचक हो । श्रम बजारमा प्रवेश पाउन, उच्च शिक्षा आर्जन गर्ने र तालिम हासिल गर्ने मौका पाउनका लागि उच्च माध्यमिक शिक्षा उत्तिकै जरुरी छ । युवाहरूलाई आधुनिक समाजका मागहरू सामना गर्न स्कूले शिक्षाको योगदान छ भन्ने कुरालाई बेवास्ता गर्न मिल्दैन । व्यापारको अन्तर्राष्ट्रियकरण, प्रविधिको विश्वव्यापीकरण र सूचनाप्रविधिको द्रूत विकासले समाजलाई थप जटिलतातर्फ लगिरहेको छ । सिकाइमा आधारित समाजमा सफलतापूर्वक सहभागी हुन उच्च माध्यमिक शिक्षाले आधार तयार गरेको हुन्छ ।

## १०. उच्च शिक्षामा सहभागिता

उच्च शिक्षाबाट प्राप्त हुने अवसरहरूको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ। सन् १९९० को दशकको श्रमबजारको माग र अहिलेको श्रमबजारको माग बिल्कुलै भिन्न छ। बढ्दो प्रतिस्पर्धा र विश्व वातारणमा युवाहरूले सफलता हासिल गर्नका लागि अरू ज्यादा सीप र दक्षताको जरुरत पर्दछ, जसले उनीहरूलाई अरूसित प्रतिस्पर्धा गर्न सक्षम बनाउँदछ ।

## ११. विद्यालय शिक्षाको मूल्यांकन र परिचालन

सबै खालका शिक्षा प्रणालीलाई मूल्याङ्कन र परिचालनको आवश्यकता पर्दछ। मूल्याङ्कन विद्यालय तह, क्षेत्रीय तह र राष्ट्रिय तहमा विभिन्न प्रयोजनका लागि गरिन्छन्। मूल्याङ्कनले शिक्षाको उद्देश्यहरू हासिल भए कि भएनन् भनेर भनेर जाँच्छ। यसले शिक्षाका कर्मचारीहरूदेखि, प्रअ, शिक्षक र आम नागरिकहरूलाई समेत समाधानमुखी र सुधारात्मक सूचना तथा जानकारीहरू उपलब्ध गराउँछ। मूल्याङ्कनले विद्यालयको योजना बनाउने र सुधारका लागि छलफल गर्ने आधार तयार गर्छ। मूल्याङ्कनका सूचकहरूले स्कूललाई अरू स्कूलसित तुलना गर्ने अवसर प्रदान गर्दछ। निरीक्षक वा अन्य अध्ययनकर्ताहरूले हरेक विद्यालयको उपलब्धिको तुलनात्मक अध्ययन गर्न सक्छन्। यिनीहरूले इच्छित लक्ष्य र उपलब्धि हासिल गर्ने प्रक्रियामा आफ्नो ध्यान केन्द्रित गर्न सघाउँछन्। आन्तरिक वा बाह्य दुवैखाले मूल्याङ्कनले स्रोत साधनहरू र तालिमको आवश्यकता एवं उपयोगको के कस्तो प्रभाव पर्‍यो भन्ने कुरा उजागर गर्दछ। बाह्य र आन्तरिक दुवै खालका मूल्याङ्कनहरू एकअर्काको लागि परिपूरकको रूपमा काम गर्दछन् ।

## १२. अभिभावकको सहभागिता

आफ्ना बालबालिकाको शिक्षाप्रति अभिभावकमा गहिरो लगाव रहेको हुन्छ। उनीहरू विद्यालय शिक्षाको सवालमा आलोचनात्मक रूपले हेर्ने र नयाँ नयाँ कुराको माग गर्ने उपभोक्ता हुन् । उनीहरूले विद्यालयको व्यवस्थापन र शिक्षकहरू आवश्यक सहयोग गरी विद्यालय सुधारमा योगदान पुऱ्याउन सक्छन्। वा उनीहरू विद्यालयमा बाधा/व्यवधान खडा गर्न र द्वन्द्व सृजना गर्न सक्छन् ।

बालबालिकाको गुणस्तरीय शिक्षाका लागि अभिभावकहरू राष्ट्रिय वा स्थानीयस्तरमा विभिन्न किसिमले सहभागिता जनाउन सक्छन् ।

## १३. शिक्षकको योग्यता र तालिम

शिक्षकहरूले उनीहरूको भूमिका र मर्यादामा अभूतपूर्व रूपमा परिवर्तनको महसुस गरेका छन्। शिक्षकहरूसितको अपेक्षा पनि बहुआयामिक हुन पुगेको छ। विद्यार्थीलाई छनोट र लचकताको जति बढी अवसर दियो, शिक्षकहरू पनि विद्यार्थीको बदलिँदो आवश्यकता र अपेक्षाहरूलाई सम्बोधन गर्न उत्तिकै लचकदार हुन जरुरी छ। सामाजिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनले अरू चुनौतीहरू सृजना गरेको छ। कतिपय अवस्थामा यसलाई पारिवारिक तथा सामाजिक विघटनले समस्याहरू थपिदिएको

छ। परिवर्तित अवस्थालाई सम्बोधन गर्न कतिपय शिक्षकहरूसित यथेष्ट तालिम वा अनुभव नहुन सक्छ।

## १४. पूर्व प्राथमिक शिक्षामा सहभागिता

पूर्वप्राथमिक शिक्षाले विभिन्न कोणबाट गहन महत्त्व छ। सर्वप्रथम, यसले बालबालिकाको संवेगात्मक तथा संज्ञानात्मक विकास र सामाजिक एकीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। जसका कारण बालबालिकाहरू विद्यालय वातावरणमा समाहित हुन र माथिल्ला कक्षाहरूमा असफल हुनबाट जोगिन सक्छन्। दोस्रो, यसले परिवारलाई महत्त्वपूर्ण सहयोग पुऱ्याइरहेको हुन्छ। सामाजिक संस्थाका रूपमा परिवारको बदलिँदो भूमिका निर्वाह गर्न अभिभावकहरू असमर्थ बन्दै गइरहेका छन्। जसको कारण उनीहरूले आफ्ना छोराछोरीलाई शैक्षिक तथा सामाजिक वातावरण उपलब्ध गराउन सकेका छनन्।

## १५. कम्प्युटरमा विद्यार्थीको पहुँच

सूचनामा आधारित समाजले एकअर्काबीच सञ्चारको मार्ग प्रशस्त मात्र गर्दैन, यसले जीवनशैली, काम, उपभोग, मनोरञ्जन र अभिव्यक्तिमा समेत महत्त्वपूर्ण प्रभाव पार्दछ। सबै विद्यार्थीहरूलाई कम्प्युटरको प्रभावकारी उपयोग गर्न सक्षम बनाउने हो भने उनीहरूलाई त्यसको सञ्चालन गर्ने उपयुक्त अवसर पनि दिनुपर्दछ। इन्टरनेट र शैक्षिक सफ्टवेयरहरूको अधिकतम दोहन गर्ने हो भने शिक्षक र विद्यार्थीलाई पर्याप्त मात्रामा राम्रो क्षमता भएका कम्प्युटर उपलब्ध गराउनुपर्दछ। पूर्वाधार मात्रले विद्यार्थीहरूमा उच्चस्तरको प्रतिस्पर्धात्मक क्षमता विकास गर्छ भन्ने छैन। विद्यालयको वातावरण, प्रविधिको व्यवस्थापन, स्तरीय सफ्टवेयरहरू र शिक्षकको प्रतिस्पर्धात्मक क्षमता ज्यादै महत्त्वपूर्ण पक्ष हुन्।

## १६. प्रतिविद्यार्थी लगानी

कुल वित्तीय स्रोतमा शिक्षा क्षेत्रको हिस्सा कति हुने भन्ने निर्णय सरकारको लागि महत्त्वपूर्ण हुन्छ। शिक्षामा लगानी दीर्घकालीन प्रतिफलका लागि गरिन्छ। सामाजिक सद्भाव कायम गर्न, अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउन र दिगो विकासका लागि शिक्षामा गरिने लगानीको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसैले प्रति-विद्यार्थी लगानी जति बढी हुन सक्यो, उपलब्धि उति नै राम्रो हासिल हुन सक्छ।

*(युरोपियन कमिसनद्वारा सन् २००० मा प्रकाशित प्रतिवेदन 'युरोपियन रिपोर्ट अन दि क्वालिटी अफ स्कूल एजुकेशन'मा आधारित)*




तुलसी थपलिया

# 'स्थायित्व' र 'सिकाइ'बीचको यात्रा



'गर्दै-सिक्दै' प्रक्रियाले नै मानव सभ्यतालाई अगाडि तान्दोरहेछ । यसको आशय हो- हाम्रो सिकाइको ठूलो हिस्सा अनुभवमा आधारित हुँदोरहेछ । आफ्ना आवश्यकता पूरा गर्ने वा परेका समस्या समाधान गर्ने क्रममा गरिएका अनुभवलाई सङ्गृहीत गर्ने, अर्को त्यस्तै सन्दर्भमा उपयोग गर्ने र प्रसार गर्ने जस्ता प्रक्रियाले सिकाइलाई अरू परिस्कृत गर्न सहयोग पुऱ्याउँदोरहेछ । यस्तो हुन सकेन भने सिकाइको गोलचक्करमा फसिने र अरू उन्नत स्तरमा प्रवेश गर्ने सम्भावना सीमित हुने अवस्था आउँदोरहेछ । सिकाइको उन्नयन सम्बन्धी यो सामान्य प्रक्रिया शिक्षाको गुणस्तर सुधारका सन्दर्भमा पनि उही रूपमा उपयोग गर्न सकिने रहेछ ।

अनुभवबाट आर्जित एउटा तहको सिकाइलाई स्तरीकरण गरी सबैले मान्न सक्ने स्वरुप दिने कार्य उत्तिकै महत्त्वपूर्ण हुनेरहेछ । यो प्रक्रियाबाट आर्जित ज्ञानको मानकीकरण गरी स्थायित्व प्राप्त हुने र विद्यमान अभ्यासहरूको लेखाजोखा गर्न आधार समेत प्राप्त हुनेरहेछ । यसरी सर्वस्वीकार्य भइसकेपछिपछि त्यही ज्ञानले हाम्रा अभ्यासहरूमा कसी लाउने मानकको काम गर्दोरहेछ र हामी त्यसको विशिष्ट चरित्र (Specification) मार्फत नै गुणस्तरलाई परिभाषित गर्न प्रयत्न गर्दारहेछौं । त्यसैले Crossby ले गुणस्तरलाई 'conformance to specifications' र 'defect avoidance in education process' को अर्थमा; Juran ले 'fitness for purpose' को अर्थमा अनि Deming ले 'uniformity and dependability' को अर्थमा वयान गरेका रहेछन् । यस्तो परिभाषालाई 'प्राविधिक' अर्थमा बुझ्न थालियो । पाठ्यक्रम, शैक्षणिक दिन वा विद्यालय घण्टा वा शिक्षकको योग्यतालगायत शैक्षणिक विधि जस्ता प्रक्रियागत पक्षबारे हाम्रा ज्ञानले यसरी नै स्थायित्व प्राप्त गर्दै आएका छन् । ती मानक र स्तरको परिपालना यकिन गर्न जाँचबुझ, लेखाजोखा गर्न अनुगमन, निरीक्षण र बाह्य परीक्षण (Audit) जस्ता उपायहरू अवलम्बन गर्न थालिएको छ । हाम्रो सन्दर्भमा; भर्खरै स्थापित गुणस्तर परीक्षण केन्द्र (Education Review Office) लाई समेत यसै सन्दर्भमा बुझ्न सकिन्छ ।




यसप्रकार पहिलो खम्बाले के खोज्ने (what to look for) भन्ने प्रश्नमार्फत गुणस्तर कायम गर्न आधार दिन खोज्दोरहेछ । तर, एकपटक मान्यता प्राप्त गर्दैमा त्यो ज्ञान अकाट्य हुँदोरहेनछ, बरु त्यसले माथिल्लो चरणमा पाइला टेक्न एउटा सिँढीको मात्र काम गर्दोरहेछ; परिमार्जन र सुधारको सन्दर्भमा कसरी सुधार गर्ने (How to improve) भन्ने प्रश्नलाई खोतल्ने लचकता पनि छोड्दोरहेछ । यस खम्बाले 'अपेक्षा'को गतिशीलतालाई स्वीकार गर्दै गुणस्तरलाई उपभोक्ताको आवश्यकता र अपेक्षाको सापेक्षतामा व्यक्त गर्ने तर्फ जोड दिनेरहेछ ।

'स्तरीकरण'को खम्बाको चरित्रको ठीक विपरित सुधारको खम्बाले 'लचकता', 'स्वायत्तता' जस्ता विशेषतालाई जोड दिएर 'PDCA (Plan, Do, Check, Act) मार्फत निश्चित गन्तव्य भन्दा पनि निरन्तर सुधारका अर्थमा गुणस्तरलाई व्यक्त गर्छ । यो सन्दर्भमा पूर्वनिर्धारित विशिष्टता र मापदण्डको पालना मात्र पर्याप्त हुँदैन । Mortimore ले भनेझैं गुणस्तरलाई कुनै स्तर (Standard) भेट्टाउनभन्दा पनि वर्तमानको स्तरमा मूल्य थप्ने (Value addition) निरन्तर प्रयत्नका अर्थमा बुझ्न थालियो । अनि गुणस्तर सिर्जना (Innovation) गर्ने तागतसँग गाँसिन पुग्यो; गल्ती गर्न नडराउने मात्र होइन जोखिम लिन 'प्रोत्साहन' गर्ने जस्ता चरित्रले विशेष महत्त्व पाउन थाले । गुणस्तर सुधारका सन्दर्भमा सिकाइमूलक सङ्गठन (Learning Organization) विकेन्द्रित व्यवस्थापन र Quality Circle, TQM जस्ता अवधारणाको विकासलाई यसै सन्दर्भमा हेर्न सकिन्छ । स्तरीकरणको खम्बाले दिएको आधारलाई टेक्दै सिकाइलाई अरू उन्नत बनाउन 'सिकाइ' खम्बाले थाँक्रोको काम गर्दोरहेछ ।

यसरी गुणस्तरका सन्दर्भमा स्तरीकरण र मानकको आफ्नै महत्त्व हुँदोरहेछ र यसले व्यवस्थापकलाई लेखाजोखा गर्न आधार दिएर स्थायित्व प्रदान गर्दोरहेछ । साथै यो एउटा सापेक्षिक अवधारणा भएका कारण एउटा सन्दर्भमा बनेको गुणस्तरको मानक अर्को सन्दर्भमा बेकम्मा ठहरिन सक्ने रहेछ । अर्थात् निश्चित गन्तव्य भन्दा पनि यो एउटा निरन्तर उन्नत अवस्थामा पुग्न गरिने प्रयत्न र अभ्यास रहेछ । त्यसो भन्यौं भने फरक-फरक अवस्थामा रहेका व्यक्ति वा संस्थालाई गुणस्तरको मापोले आफूलाई उत्प्रेरित राख्ने गतिशील लक्ष्य प्रदान गर्न सक्ने रहेछन् । तसर्थ गुणस्तरलाई गतिशील अर्थमा बुझ्ने हो भने यसलाई स्तरीयता (Standard) र सिकाइ (Learning) गरी दुई खम्बाबीचको निरन्तर यात्राका अर्थमा अर्थ लगाउन उपयुक्त हुने देखिन्छ ।

विश्लेषण

डा. सुरेशराज शर्मा



# गुणस्तरीय शिक्षा र

**स्मरणशक्तिको दक्षताले मात्रै पुग्दैन, सिर्जनशील सोच, अनुशासन र सामूहिकताको भावना पनि हुनुपर्छ । तब मात्र शिक्षा स्तरीय, सार्थक र प्रतिफलमुखी हुन पुग्छ ।**

स्तरीय शिक्षा केलाई भन्ने ? स्तरको मापन कसरी र कसले गर्ने ? नेपालमा स्तरीय शिक्षाप्रतिको धारणा कस्तो रह्यो ? अब कस्तो हुँदै जाला ? यही सोचको सेरोफेरोमा आफ्ना धारणाहरू यहाँ राख्न खोजेको छु ।

गुरुकुलीय शिक्षापद्धतिमा सुयोग्य शिक्षकहरू विद्यार्थीमा ज्ञान र चरित्र भरिदिएर आफ्नो दायित्वबाट हलुङ्गो भएको महसुस गर्थे । उनीहरूले ज्ञानलाई लोप हुन नदिन निरन्तरताको शृङ्खला नै चलाएका थिए । तिनले ज्ञानका साथसाथै चारित्रिक गुण र नैतिक बल पनि प्रदान गर्थे । गुरुले शिक्षामा पोख्त भनेर निर्णय गरेकै दिनदेखि ती व्यक्तिहरू विद्वान् कहलाउँथे । औपचारिक परीक्षापद्धति र दीक्षान्त समारोहको चलन थिएन । गुरुको निर्णय नै गुणस्तरको पहिचान हुन्थ्यो ।

अहिले ज्ञानको फाँट बृहत् हुँदै गएको छ । ज्ञान र सीप सिक्ने विधिहरू पनि पृथक् भएका छन् । कतिपय कुरामा शिक्षा महँगो पनि हुँदै गएको छ । निगरानीका ढाँचाहरू पनि कहीं व्यवस्थित र कहीं छरपस्ट हुँदै गएका छन् । यस्तो परिप्रेक्ष्यमा यस लेखको मनसाय हो– नयाँ पिँढीका हरेक बालक तथा युवाले सिक्नैपर्ने कुराहरू सिक्न पाउनुपर्छ; आलङ्कारिकपन र व्यापारिक मनोवृत्तिका कारण कमजोर वर्ग छुट्नुहुँदैन । कमजोर वर्गको हित केबाट हुन्छ, त्यो हेरिनुपर्छ । कमजोर वर्गको हितका लागि भनेर संरचना बन्ने तर बलियाहरूले मात्रै लाभ लिन सक्ने हुन गई ती कार्यक्रमले कम महत्त्व वा कम प्राथमिकतामा परेर लापरवाहीमा अन्त्य हुनुहुँदैन ।

विद्यार्थीले सिक्नैपर्ने कुराहरू राम्ररी सिकाइएको हुनुपर्छ । परीक्षामुखी र परीक्षाको नतिजालाई मात्र फल वा गुणस्तर सम्झने प्रवृत्ति हुनुहुँदैन । सिकेको ज्ञान र सीप जहाँ पनि काम लाग्ने हुनुपर्छ । त्यसभित्र पूर्णता र सिर्जनशीलताको अंश प्रचुर मात्रामा रहनुपर्छ र अरू बढी चारित्रिक पक्ष समेटिएको हुनुपर्छ । अहिले पाइए जस्तो स्मरणशक्तिको दक्षताले मात्रै पुग्दैन, सिर्जनशील सोच, अनुशासन र सामूहिकताको भावना पनि हुनुपर्छ । तब मात्र शिक्षा स्तरीय, सार्थक र प्रतिफलमुखी हुन पुग्छ । यस कुरामा अभिभावक वर्ग चनाखो हुनुपर्छ । शिक्षकमा आफ्नो कर्तव्यलाई नहेरी आफ्नै क्षणिक लाभको पछि दौड्ने प्रवृत्ति हुन गयो र उनीहरूले नै शिक्षाको मर्यादा राखिदिएनन् भने स्तरीय शिक्षाको चाहना कोरा सपना मात्र हुन पुग्छ । स्नातक हुनेले प्रमाणपत्र बोक्नमा र त्यसलाई भजाउनमा रमाउनेभन्दा जुनसुकै पेशा लिए पनि प्रमाणपत्रले खोजेको खँदिलोपन तथा त्यसले अपेक्षा गरेको आत्मविश्वास र आचरण बोकिरहन सके मात्र गुणस्तर प्रवाहित हुन सक्छ ।

पाश्चात्य मुलुकबाट फैलिँदै गएको शिक्षाले थुप्रै कुराको परिपक्वता भइसकेपछि मात्र स्नातक भन्ने उपाधि दिने गर्छ । परिपक्वतामा पनि उत्कृष्टताको अन्तिम तहमा पुगिसकेका व्यक्तिका लागि 'डाक्टर अफ फिलोसफी' को उपाधि दिइन्छ । समाजशास्त्रमा उपाधि पाउनेले भाषामा पनि पोख्त हुनुपर्ने भयो । चिकित्सा विधामा पहिलो उपाधि पाउनेले औषधिमूलोबाट उपचार गर्ने, रोग ठम्याउने विधिको राम्रो प्रयोग गर्ने र चिरफार गर्नुपरे त्यो पनि गर्न सक्ने हुनुपर्‍यो । स्नातक हुने मानिसमा कति गुणस्तर खोज्ने भन्ने मान्यता निकै बलियो हुन्थ्यो । युरोपेली मुलुकले उपाधि दिने सवालमा कतिसम्म होसियारी अपनाए भने १२ कक्षा पास गरेर स्कूलबाट निस्किएको विद्यार्थीले स्नातक तहमा अध्ययन गर्न सकिहाल्छ भन्ने सोच बनाएनन् । फलस्वरूप स्कूल पूरा गरेपछि विश्वविद्यालयमा अध्ययन गर्ने क्षमता भएकाहरूलाई ठम्याउँदा १०-१५ प्रतिशत मात्र योग्य हुन्छन् भनेर राम्रो प्रतिभा भएकालाई मात्र भर्ना गर्ने गरे । त्यति विद्यार्थीका लागि लाग्ने अध्ययन खर्च सरकारले नै बेहोर्न थाल्यो । विद्यार्थीहरूले स्नातक भई परिपक्वता प्रदर्शन गरेपछि मात्रै उनीहरूलाई उपाधि दिने संस्कार पनि बसालियो । त्यहाँ त्यो संस्कार अहिलेसम्म चलिरहेकै छ ।

उच्चशिक्षा लिने उमेरका ५०-६० प्रतिशतभन्दा बढी विद्यार्थी विश्वविद्यालयमा हुनुपर्दछ भन्ने कुरा आजको 'नलेज इकोनोमी' को युगमा झनै महत्त्वपूर्ण हुँदै गएको छ । तर गुणस्तर भने अन्तर्राष्ट्रियस्तरकै हुनुपर्छ पनि भन्ने गरिन्छ । त्यस्तो स्तरको खँदिलो शिक्षा महँगो हुन्छ । थोरैलाई भए सरकारकै खर्चमा पनि पुग्थ्यो होला । राम्रो योग्यता भएकालाई खँदिलो शिक्षा दिने क्रममा पढाउने मानिस मात्र राम्रो भएर हुँदैन, पढ्ने मानिस राम्रो भएमा मात्रै उत्तीर्ण धेरै हुन्छन् । अहिले त पढ्नै नसक्ने र पढ्नै नखोज्नेहरू पनि उत्तीर्ण हुन खोज्छन् । सबैलाई उत्तीर्ण गराउँदै जाने हो भने स्तर नपुगेकाले पनि प्रमाणपत्र वा उपाधि पाउने हुन्छन् ।

कति पढेकाले कति जान्नुपर्दछ ? जान्नुपर्ने भनेर तोकिएको स्तर सबै ठाउँमा एउटै हुन्छ त ? एसएलसीमा ३२ नम्बर ल्याए पास हुने भने जस्तै बिजुली जडान गर्ने र जान्नुपर्ने कुरा एकतिहाइ जान्नेबित्तिकै जान्ने भयो भन्न मिल्ला ? प्लम्बिङमा त्यस्तै हुन्छ, टेलिकम्युनिकेसनमा त्यस्तै

# सीपको मापन

**परीक्षामा राम्रो गर्नेलाई मात्र राम्रो पढेको देख्ने संस्कार हटाउनुपर्छ, राम्रो गर्न नसकेकोमा विद्यार्थीलाई दोष दिनेभन्दा राम्रो सिकाउन नसकेकोमा शिक्षकले पनि उत्तिकै दोष लिने संस्कार चाहिन्छ । अर्थात् पढाइ शिक्षककेन्द्रित मात्र होइन, बढी विद्यार्थीकेन्द्रित हुनुपर्दछ ।**



हुन्छ । यी कुरामा जान्ने हुन पूरै जान्नुपर्छ । यो कुरा डाक्टरी पेशामा त झनै लागू हुन्छ । त्यहाँको पासको स्तर र त्यो जान्ने प्रक्रिया अवश्य पनि फरक छ । मेडिसिन, इन्जिनियरिङ, कृषि जस्ता भिन्नाभिन्नै विधाको परीक्षण गर्ने स्तर पनि अवश्य नै फरक छ । तसर्थ प्राविधिक विधामा जुन सीपमा पोख्त बनाउनुपरेको छ, त्यो सीप सिकाउने प्रशिक्षक नै पहिले पोख्त हुनुपर्छ । हाल भइरहेजस्तो जाँचमा प्रश्नपत्र बनाउने, परीक्षाको कापी जाँचेर उत्तीर्णाङ्क वा विशिष्टाङ्क दिने, कक्षाकोठाको बोर्डमा लेखेर सिकाउन सक्ने भएर मात्र हुँदैन ।

जे कुरा सिक्यो भनेर उत्तीर्ण घोषित गरिन्छ, त्यो कुरा जानेकै मान्छेलाई मात्र उत्तीर्ण गर्नुपर्छ । मेडिकल विधामा स्नातक हुने मानिसले आफूले राम्ररी जानेको छु, गरेर देखाउन सक्छु भनेर परीक्षक समूहलाई विश्वस्त नपारी उत्तीर्ण नहुने प्रक्रिया हुन्छ । उसले कार्यगत अनुभव (Internship) एक वर्ष गरेकै हुनुपर्छ । अनि मात्र मेडिकलको पहिलो उपाधि पाइन्छ । त्यसपछि मेडिकल काउन्सिलले लिएको लाइसेन्सिङ जाँचमा पनि उत्तीर्ण भएको हुनुपर्छ । यस्तो मापदण्ड नर्सिङमा, इन्जिनियरिङमा, फार्मेसीमा र पशुस्वास्थ्यमा पनि लागू हुन्छ । कानुन विधामा, एकाउन्टिङमा, व्यवस्थापनमा र शिक्षाशास्त्रमा स्नातक हुने व्यक्तिमा पनि यस्तै मापदण्ड लागू हुन्छ । तीबाहेक अन्य जुनसुकै विषयको अध्ययन गरे पनि आफूले अध्ययन गरेको विषयमा दक्खलचाहिँ हुनैपर्छ, स्नातक भइसकेपछि त्यही विषयसँग सम्बन्धित कामबाट गरिखान सक्ने बन्नैपर्छ । अहिलेको भूमण्डलीकरणको परिवेशमा हेर्दा विश्वविद्यालयले मात्र उपाधि दिएर पुग्दैन, छुट्टै प्रमाणीकरण परिषद् (Accreditation Council) ले प्रमाणीकरण गरेको संस्था वा व्यक्तिले प्रमाणीकरण गरेको कागज पनि खोजिन्छ, नत्र विदेशमा त्यही ज्ञान र सीपको 'प्राक्टिस' गर्न स्वीकृति दिइँदैन । अहिले पनि कतिपय नामुद विश्वविद्यालयले विद्यार्थीको ल्याकतको श्रेणी विभाजन गर्दैनन् । त्यहाँ पढेर पढाइ पूरा गरेको प्रमाणपत्र भनेपछि पुग्छ । पूर्ण रूपमा प्रशिक्षित नभई प्रमाणपत्र दिइँदैन । दिइएपछि उसको योग्यतामा कसैले शङ्का गर्दैन । हार्वर्ड विश्वविद्यालयले पनि यसै गर्छ ।

प्राथमिक र माध्यमिक तहमा दिइने शिक्षा सबैजसो ठाउँमा उस्तै उद्देश्यले दिइन्छ । उद्देश्यमा भाषा शिक्षा, गणित शिक्षा, स्वास्थ्य र वातावरण शिक्षा, विज्ञान र सामाजिक शिक्षा परेका हुन्छन् । पाठ्यक्रमकै रूपमा यी विषय सिकाउँदा सिर्जनात्मक चिन्तन (Creative Thinking) लाई प्रोत्साहित गर्ने, सामुदायिक कार्यमा रुचि जगाउने, कलाको फाँटमा रुचि जगाउने तथा खेलकुद र शारीरिक व्यायाममा प्रचुर लगाव अतिरिक्त क्रियाकलापका रूपमा जगाउने गर्नुपर्छ । केही अपवाद छाडी धेरै विद्यालयहरूमा यस्तो सुविधाको वातावरण दिने र अभिरुचि जगाउने प्रयास गरिएको कमै पाइन्छ । किनभने ती फाँटमा दक्खल भएका शिक्षकहरू नै तयार गरिएका हुँदैनन् । चरित्र निर्माण गर्ने काम यही तहमा बढी हुन्छ, तर यसतर्फ नै ध्यान कम गएको छ । शिक्षणविधिलाई शिक्षकले लेक्चर दिने, पाठ दिने, घोक्न बढी प्रोत्साहित गर्ने गराइ सबै गतिविधि पाठ्यपुस्तकमुखी र परीक्षामुखी गराइएको पाइन्छ । फलत: हिजोआज गुणस्तरको कुरा जाँचमा कति प्रतिशत अङ्क ल्याएको छ भन्ने कुराको सेरोफेरोमा नै बढी रहेको देखिन्छ । बालकको विकास सैद्धान्तिक पाठहरूबाट भन्दा त्यहाँ सञ्चालित कार्यक्रमका माध्यमबाट बढी हुन्छ । प्रत्येक विद्यार्थीका सबै क्रियाकलापलाई शिक्षकले दिन सकेको समय र क्रियाकलापले बढी असर पारेको हुन्छ । अभिभावकको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । परीक्षामा राम्रो गर्नेलाई मात्र राम्रो पढेको देख्ने संस्कार हटाउनुपर्छ, राम्रो गर्न नसकेकोमा विद्यार्थीलाई दोष दिनेभन्दा राम्रो सिकाउन नसकेकोमा शिक्षकले पनि उत्तिकै दोष लिने संस्कार चाहिन्छ । अर्थात् पढाइ शिक्षककेन्द्रित मात्र होइन, बढी विद्यार्थीकेन्द्रित हुनुपर्दछ ।

यी त भए प्राय: ८-१० वर्षसम्म विद्यार्थीले अनिवार्य रूपमा स्कूलमा बिताउँदा सिक्नुपर्ने कुरा । तर यी पक्षहरूको विकासलाई अहिलेको नेपालको शिक्षाले राम्रो स्थान नदिएको हुँदा यसबाट शिक्षा अपुरो भएको छ, स्तरीय भएको छैन भन्ने देखिन्छ ।

यसरी १० वर्षसम्म पढेका छात्रछात्राहरू मोटामोटी रूपमा तीन किसिमका हुनपुग्छन् । अङ्ग्रेजी भाषा, गणित र विज्ञानमा विशिष्टता भएका एकथरी विद्यार्थीहरू उच्च

शिक्षाका प्राविधिक विषयहरूतिर जाने लक्ष्य एवं प्रतिभा राख्छन् । त्यस पक्षमा अहिले पनि हाम्रो शिक्षा राम्रै छ वा राम्रो हुँदै गएको छ । अर्को वर्गले पढाइ सामान्य रूपले लगेको हुन्छ । माथि पढ्न जान सक्छ होला, तर पढाइलाई माथि लैजान आर्थिक र भौगोलिक कठिनाईले असर गरिरहेको हुन्छ । बाबुआमाले बाहिर पढ्न पठाउन नसक्ने र घरकै काममा सघाउनुपर्ने बाध्यता पनि धेरैलाई परेको हुन्छ । त्यस्ता छात्रछात्रालाई उच्चशिक्षातिर लैजानेभन्दा रोजगारीमूलक शिक्षातिर उन्मुख गराउनुपर्दछ । तर नेपालमा त्यस्तो धारको धेरै विकास भएको छैन । भएको पनि महँगो भएकाले कमजोर वर्गका लागि त्यो धार कठिन हुन गएको देखिन्छ ।

दस कक्षासम्म पढेका तर एसएलसी नगरेका युवाका लागि अढाइवर्षे र एसएलसी पास गरेका युवाका लागि भनौँ १५ महिने सघन सीपमूलक तालिम प्रदान गर्ने र प्राविधिक एसएलसीको प्रमाणपत्र दिने गर्नुपर्छ । यस्तो तालिममा ३ देखि ६ महिनासम्मको कार्यगत तालिम (on the job training) पनि सकभर दिने र यसको प्रमाणीकरण सीटीईभीटीले दिने प्रक्रियालाई सुदृढीकरण गर्नुपर्छ । श्रम विभाग, घरेलु उद्योग, कुनै गैरसरकारी संस्था आदि अन्य निकायहरूले दिने तालिमलाई पनि यसै प्रणालीभित्र ल्याउन सकिन्छ । यस प्रकारको तालिमको पाठ्यक्रम सीटीईभीटीबाट स्वीकृति पाएको हुनुपर्छ । यस्तो तालिम निजी क्षेत्रका स्वीकृतिप्राप्त संस्थाले चलाए पनि आधा प्रशिक्षार्थीको खर्च सरकारले बेहोर्ने, सरकार आफैँले चलाएको कार्यक्रममा ५० प्रतिशत विद्यार्थीले शुल्क तिर्नुपर्ने र ५० प्रतिशत विद्यार्थीले आर्थिक सहायता पाउने व्यवस्था गर्नुपर्छ । तालिम दिन कम्तीमा प्रत्येक अञ्चलका ग्रामीण क्षेत्रमा एक र शहरी क्षेत्रमा एक तालिमकेन्द्र आवासीय सुविधासमेतका हुनुपर्छ । विद्यार्थी छनोट गर्ने कार्यको व्यवस्था गर्दा पिछडिएको वर्गले त्यो मौकाबाट वञ्चित हुनुहुँदैन । आवासीय सुविधा पुऱ्याउन नसकिएका र प्रशिक्षक पुऱ्याउन पनि कठिन हुने ठाउँमा प्रत्येक गाउँ विकास क्षेत्रमा घुम्ती तालिमकेन्द्र तीन वर्षभित्र पुऱ्याउनै पर्ने व्यवस्था गर्नुपर्छ । त्यो कार्य १० कक्षासम्मको शिक्षा पाउन नसक्नेका लागि कामलाग्दो हुन्छ । यहाँ सिकाइने तालिम भने ३ देखि ६ महिनाको तर सघन हुनुपर्छ । तालिमको प्रमाणीकरणचाहिँ सीप प्रशिक्षण निकायले गर्नुपर्ने प्रावधान राख्नुपर्छ । त्यसको व्यवस्था पनि घुम्ती टोलीले नै गर्नुपर्छ । यस्तो तालिम कार्यक्रम प्राथमिक शिक्षा पूरा गरेका र १३-१४ वर्ष उमेर पुगेका युवासमूहप्रति लक्षित हुनुपर्छ । साक्षर गराउन प्राथमिक शिक्षा अनिवार्य गराइएका युवालाई साक्षर हुनुभन्दा कमाएर खान सक्ने सीप पाउनु ठूलो हो र त्यस कुराको तालिम दिनु सरकारको दायित्व हो भनेर किटान गर्नुपर्छ । अर्थात् 'शिक्षा सबैका लागि' भन्ने नाराको सट्टा 'रोजगारीमूलक सीप सबैलाई' भन्ने लक्ष्य राखिनुपर्छ ।

यस्ता कार्यक्रमको गुणस्तर मापन गर्ने आधारहरू छुट्टै प्रकारका हुन्छन् । त्यहाँ सिकाउने प्रशिक्षक आफैँ त्यस काममा पोख्त हुनुपर्दछ र उसले प्रशिक्षार्थीसित पूरै समय बिताउनुपर्दछ । सिकाउन खोजेको सीपमा पोख्त नै तुल्याउनुपर्दछ । सीप सिकाउने औजार वा उपकरण दुरुस्त अवस्थामा चाहिन्छ, यथासम्भव सबै प्रशिक्षार्थीका हातमा छुट्टै सेट हुनुपर्दछ । जस्तै: कार्पेन्ट्री सिक्नेले हथौडा, बसिला, करौँती, काठ; वेल्डिङ सिक्नेले ग्यास भरिएको सिलिन्डर, वेल्डिङ मेसिन; रेस्टुराँमा खाना पकाउने सीप सिक्नेले किचेनको सेटअप; प्लम्बिङ सिक्नेले थ्रेड कटिङ मेसिन, रेन्चो; नर्सिङ सिक्नेले नर्सिङको टुलसेट, स्टेथेस्कोप, थर्मामिटर आदि । एकजना प्रशिक्षकले बढीमा २० जनालाई मात्र सिकाउन सक्छ । प्रशिक्षार्थीले सिक्यो कि सिकेन भन्ने मापदण्डमा उत्तीर्णाङ्क शतप्रतिशत हुनुपर्छ । यसरी सिकेकाले तुरुन्तै काम पाउँछन् । कसै कसैले त आफ्नै पसल खोल्छन् । टेक्निकल एसएलसी गर्नेले दुई किसिमको काम गर्छन्– प्रयोगशालामा स्याम्पल टेस्ट गर्छन्, वर्कसप फ्लोरमा काम गर्ने सीपयुक्त कामदार भई काम गर्छन्, आफ्नै व्यवसाय गर्नेले चाहिने सामग्री आफैँ जोड्छन् र सेवा प्रदान गर्छन् । यिनको परीक्षामा केही सैद्धान्तिक पक्ष हुन्छ । बढी सिकेको सीपको परीक्षण पनि हुन्छ । उत्तीर्णाङ्क त्यहीअनुसार निर्धारण गरिन्छ । स्तर कस्तो भयो भनेर थाहा पाउनुपऱ्यो भने तालिम पाउनेहरूले तुरुन्तै अर्थात् २-३ महिनाभित्र नै काम पाए भने राम्रो स्तर भयो भनिन्छ । यस्तो सीप विकसित मुलुकमा अप्रेन्टिसीपका रूपमा उद्योगहरूकै फ्लोरमा पनि सिकाइन्छ ।

एसएलसी पूरा गरी मध्यमस्तरीय प्राविधिज्ञले सिक्ने सीपमा व्यावहारिक ज्ञान (Technical Skill) को पोख्ततामा जोड दिइएको हुन्छ । प्राय: प्रशिक्षार्थीले आधा समय सैद्धान्तिक ज्ञान र आधा समय प्रयोगात्मक ज्ञानमा बिताउँछ । यसको तालिम अवधि प्राय: तीन वर्षको हुन्छ । यहाँ पनि प्रशिक्षकहरू प्रयोगात्मक विधामा पूर्ण पोख्त हुनैपर्दछ । यी तह उत्तीर्ण हुनेहरू सिभिल, मेकानिकल, इलेक्ट्रिसियन, टेक्निसियन, ओभरसियर, ड्राफ्टमेन, सेनेटरी टेक्निसियन, चिकित्सातर्फ स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, ल्याब टेक्निसियन आदि बन्छन् । यिनले सीप जति काम गर्ने ठाउँमै सिक्छन्, सैद्धान्तिक ज्ञान मात्र ट्रेनिङ सेन्टर वा टेक्निकल स्कूलमा । कृषि-प्राविधिज्ञहरूले प्राय: खेतबारी, फार्महाउस, गोठ वा पशु चिकित्सालयमा सिक्छन् । यहाँ पनि उत्तीर्णाङ्क बढी नै राखिएको हुन्छ र प्रयोगात्मक विधामा निकै धेरै राखिन्छ । यो तहको जनशक्तिले पछि सुपरभाइजर र प्रशिक्षक पनि हुनुपर्ने हुँदा इन्स्ट्रक्टरको तयारीसम्बन्धी सघन ज्ञान हासिल गरेकै हुनुपर्दछ । त्यस्ता व्यक्तिहरूका लागि काम पनि गर्दै जाने र उपाधि पनि लिने गरी पढ्ने वातावरण

**दस कक्षासम्म पढेका तर एसएलसी नगरेका युवाका लागि अढाइवर्षे र एसएलसी पास गरेका युवाका लागि १५ महिने सघन सीपमूलक तालिम प्रदान गर्ने र प्राविधिक एसएलसीको प्रमाणपत्र दिने गर्नुपर्छ । यस्तो तालिममा ३ देखि ६ महिनासम्मको कार्यगत तालिम पनि सकभर दिने र यसको प्रमाणीकरण सीटीईभीटीले दिने प्रक्रियालाई सुदृढीकरण गर्नुपर्छ ।**

**सरकारले पूर्ण रूपमा स्वायत्तता दिएका, अनुसन्धानको क्षेत्रमा पनि दक्खल भएका र सम्बन्धनमुखीभन्दा आफैंले यी कार्य गर्न सक्ने हैसियत राखेका केही आङ्गिक क्याम्पसलाई साना आकारका विश्वविद्यालय बनाउनेतर्फ अविलम्ब सोच्नुपर्ने बेला भएको छ। नत्र हाम्रा विश्वविद्यालयका उत्पादनहरू विश्वपरिवेशमा ठडिन नसक्ने हुनसक्छन् वा सस्तो स्तरको प्रमाणपत्र दिने कारखाना मात्रै हुन जान्छन्।**

बनाउनुसमेत आवश्यक छ। तालिमको स्तरको केन्द्र भनेकै इन्स्ट्रक्टर हो भनी मानिन्छ। सीप परीक्षण गर्ने क्रममा पनि मुख्य प्रशिक्षकको भूमिका यिनैले खेल्छन्।

एकजना इन्जिनियरसित २ देखि ३ जनाले सहायकका रूपमा काम गर्ने हुँदा प्राविधिज्ञको अनुपातमा दुई वा तीन गुणा सहायक चाहिने अनुमान गरिन्छ। यस तहमा योग्यता पाएकाहरूले केही वर्षको अनुभव र ज्ञानपछि सिनियर टेक्निसियन, मास्टर क्राफ्ट्समेन हुनुका अतिरिक्त इन्जिनियर नै हुने इच्छा गरी उच्चशिक्षामा जान खोजे भने आधारभूत विज्ञानको विधामा गणित, भौतिकशास्त्र, रसायनशास्त्र वा जीवशास्त्रको ज्ञानमा पनि राम्रो पकड भएको देखाउनुपर्दछ, नत्र ती कोर्स पढ्ने प्रवेश परीक्षाकै सँघार पार गर्न सक्तैनन्। तसर्थ यस्ता टेक्निसियनले रोजगारीका लागि आवश्यक सीपमा राम्रो पोख्तता एवं उच्चशिक्षामा जान चाहिने आधारभूत ज्ञानको पकडतिर पनि ध्यान दिनुपर्दछ। उच्चशिक्षामा जाने आकाङ्क्षाले ज्ञान र सीपमा पोख्त भएर तत्कालै आकर्षक काम पाउने सम्भावना खोजेको हुन्छ। दुवै हातमा लड्डु हुन पनि सक्छ र दुवै हातको लड्डु भुईंमा झर्न पनि सक्छ, यो राम्ररी बुझ्नुपर्दछ। यस विधामा गुणस्तरको मापन मुख्यत: चाँडै आकर्षक काम पाउने कुराले निर्धारण गर्दछ। टेक्निकल स्कूलले आर्जन गर्न सकेको प्रतिष्ठाका आधारमा कुनै ठाउँबाट निस्कनेहरूले दोब्बर-तेब्बर पारिश्रमिकमा शुरुमै काम पाउँछन्, कुनै त कामै नपाउने पनि हुन्छन्। यहाँ कुन डिभिजनमा पास गरेको छ भन्ने कुराको सट्टा कहाँ पढेको हो र सीप कति जानेको छ भन्ने कुराले र विदेशमा पनि काम पाउने प्रमाणीकरण (Accreditated Certificate) पाएको छ कि छैन भन्ने कुराले गुणस्तरको निर्धारण गर्छ। यही कुरा स्वास्थ्य, कृषिजस्ता अन्य विधामा पनि लागू हुन्छ।

विचार गर्नुपर्ने अर्को कुरा के हो भने प्रत्येक युवाका बाबुआमा र प्रत्येक युवाको एउटा आकाङ्क्षा आकर्षक विश्वविद्यालयको प्राज्ञिक उपाधि (Acadamic Degree) आर्जन गर्नेमा हुन्छ। किनकि कुनै व्यक्तिको हैसियतको एउटा मापदण्ड नै त्यसैलाई मान्न खोजिन्छ, चाहे त्यसको उपादेयताभन्दा कागजी मूल्य नै बढी भएको किन नहोस्। कैयौं युवाहरू स्नातक र स्नातकोत्तर तहको उपाधि पाएर पनि लोकसेवा आयोग जस्ता संस्थाले लिने परीक्षामा न उत्तीर्ण हुन सक्छन्, न रोजगारी दिनेले खोजेको ज्ञान र सीप नै प्रदर्शन गर्न सक्छन्, न त जानेको ज्ञानका आधारमा आफैं कुनै काम सिर्जना गर्न सक्छन्। प्राविधिक विषय र व्यावसायिक विषय राम्रो ठाउँमा पढेकाहरूले सजिलै काम पाउँछन्। त्यति मात्र होइन, ती देशबाहिर पनि काम पाउँछन्। तर साधारण विषय पढ्ने र जाँच पनि गेसपेपर पढेर, जाँचमा चोरचार गरेर बल्लबल्ल उत्तीर्ण गरेकाहरू सजिलै उपाधि त पाउलान्, तर कामचाहिँ सजिलै पाउँदैनन्। भनसुन र बल लगाएर काम पाए पनि राम्ररी काम गर्न सक्तैनन्, सधैं संरक्षण र अरूको पछि लाग्न खोज्छन्। यहाँ 'अरू' भन्नाले राजनीतिक पार्टीहरू हुनसक्छन्, अनेक प्रकारका ठेकेदार र व्यवसायीहरू पनि हुनसक्छन्। कोही-कोही त ठग पनि हुनसक्छन्। तर स्तरीय शिक्षा लिई डिग्री पाएकाहरूले भने त्यति भौंतारिनुपर्दैन। अर्थात् गुणस्तरसहितको उपाधि हो कि सजिलै आर्जन गरेको उपाधि हो, त्यहाँ गएर कुरा अड्किन्छ। स्तरलाई व्याख्या नगरिएको स्नातकोत्तर तह होस् वा २-३ वटा डिग्री बोकेको किन होस्, त्यसले अलमलिनु स्वाभाविकै हुन्छ। दुर्भाग्यवश अहिले यस वर्गमा पर्नेहरू धेरै छन्।

उच्चमाध्यमिक शिक्षा दिने संस्थाहरू अहिले नै तीन हजारभन्दा बढी सङ्ख्यामा पुग्नु, त्यहाँ पूर्णकाल काम गर्ने आफ्नै योग्य शिक्षकको व्यवस्था नहुनु, प्राय: आंशिक शिक्षक राखिनु र परीक्षामा राम्रो नतिजा ल्याउने मात्र उद्देश्य राखी विस्तार हुनु आदि स्थितिको मूल्याङ्कन गर्दा आउँदा वर्षहरूको स्तर वृद्धि गर्ने क्रममा यो राम्रो सुरुआत होइन भन्नुपर्छ। अहिले निजी क्षेत्रको सक्रियतामा प्राविधिक र व्यावसायिक कलेजहरूको विस्तार हुँदैछ। त्यहाँ पढाउने फ्याकल्टीको राम्रो संरचना खडा नगरी कलेज मात्र विस्तार गर्न खोज्ने अहिलेकै ढाँचा रहिरहने हो भने आउँदो ५-१० वर्षपछि हामीले विगत वर्षमा गर्न सकेको सीमित उपलब्धि पनि धराशायी नहोला भन्न सकिँदैन।

अब विश्वविद्यालयतिर हेरौं। विश्वविद्यालय भनेका मूलत: शिक्षण र अनुसन्धान गर्ने संस्था हुन्। विश्वविद्यालयलाई अनुसन्धान र शिक्षणमुखी उत्कृष्ट केन्द्र बनाउनमा सरकारले चासो नदेखाएको हुनाले हाम्रा संस्थाहरू विश्व प्रतिस्पर्धामा उभिन कठिन हुँदै गएको देखिन्छ। हाम्रा विश्वविद्यालयहरू शिक्षण तथा सम्बन्धन दिने ढाँचाका छन् र उच्चशिक्षाको ठूलो अंश सम्बन्धनप्राप्त कलेजमा छ। अहिलेको संरचनामा सम्बन्धनप्रदत्त कलेजले पाठ्यक्रम बनाउन, परीक्षा सञ्चालन गर्न र अनुसन्धानको कार्य गर्नमा कुनै भूमिका नखेलेका हुँदा त्यहाँ पाठ्यक्रममा निरन्तर सुधार हुने र शिक्षकहरूमा बदलिएको पाठ्यक्रमलाई पढाउन सक्ने क्षमताको विकास हुने गुन्जायस रहँदैन। फलत: पाठ्यक्रमलाई बदलिँदो आवश्यकताअनुरूप आधुनिकीकरण गर्न झन् असम्भव हुँदै जाने पक्का छ। तसर्थ सरकारले पूर्ण रूपमा स्वायत्तता दिएका, अनुसन्धानको क्षेत्रमा पनि दक्खल भएका र सम्बन्धनमुखीभन्दा आफैंले यी कार्य गर्न सक्ने हैसियत राखेका केही आङ्गिक क्याम्पसलाई साना आकारका विश्वविद्यालय बनाउनेतर्फ अविलम्ब सोच्नुपर्ने बेला भएको छ। नत्र हाम्रा विश्वविद्यालयका उत्पादनहरू विश्वपरिवेशमा ठडिन नसक्ने हुनसक्छन् वा सस्तो स्तरको प्रमाणपत्र दिने कारखाना मात्रै हुन जान्छन्।

शैक्षिक गुणस्तरको कुरा गर्दा यी कुराहरूप्रति गम्भीर चिन्तन गर्नु आवश्यक देखिन्छ।

विचार

डा. विद्यानाथ कोइराला



# मेरो लागि गुणस्तरीयता

**पढेको कुरा जीवनमा मिलाउन खोज्नु गुणस्तर हो। भोगाइमा जोड्नु गुणस्तर हो। भोगेका कुरामा सिद्धान्त खोज्नु गुणस्तर हो । खोजिएको कुरामा किताब जोड्नु गुणस्तर हो । नवीन लेखनीमा जोड्नु गुणस्तर हो ।**

## बिकाइएको गुणस्तरीयता

तीन महिनामा फरर अङ्ग्रेजी ! ट्यूसन केन्द्रको गुणस्तर हो यो । हाम्रा सल्लाहकारहरू । हाम्रा स्कूलका सानहरू । हाम्रा भौतिक सुविधाहरू । निजी स्कूल तथा कलेजको गुणस्तर हो यो । मेरा छोराछोरीले एक महिनामा अक्षर चिने । गीत गाउन जाने । अभिभावकको गुणस्तर हो यो । एसएलसीमा विशिष्ट श्रेणी ल्याएँ । विदेशमा पढ्न पाएँ । छात्रवृत्ति पाएँ । विद्यार्थीको गुणस्तर हो यो । हाम्रा सूचकहरू छन् । भौतिक सूचक । शैक्षिक सूचक । पठनपाठनका सूचक । मूल्याङ्कनका सूचक । उपलब्धिका सूचक । आफैं जाँच्नोस् । गुणस्तर खोज्ने विकासे संस्था र सरकारको गुणस्तर हो यो । यसरी हामीले गुणस्तर बनायौं । बेच्यौं । बेचाइयौं । जसले जे बुझे त्यही किने । किन्यौं । किनायौं ।

आखिर गुणस्तर के हो त ?

## मेरो अर्जी

तीन महिनामा फरर बन्ने सिकाइकला (Learning skill) के हो ? खोजौं । त्यही कला सिकौं । सिकाऔं । त्यही गुणस्तर हो । यस अर्थमा सिकाइकला गुणस्तर हो । के सिकाइकला शाश्वत हुन्छ ? मेरो अनुभवले भन्छ– हुँदैन । त्यसो भए प्रत्येक विद्यार्थीको सिकाइकला खोजौं । छोएर सिक्नेको कला । फोएर सिक्नेको कला । हेरेर सिक्नेको कला । ओल्टाइपल्टाइ गरेर सिक्नेको कला । अन्दाज गर्नेको कला । तुलना गर्नेको कला । के हामी शिक्षकले विद्यार्थीको सिकाइकला खोज्न सक्छौं ? सक्यौं भने गुणस्तर सुनिश्चित गर्ने कडी भेट्यौं ।

सिक्ने र सिकाउनेका कला एक-अर्कामा मिल्छन् त ? घोरिऔं । म तुलना गरेर सिकाउँछु । सिक्नेले छोएर सिक्छ । दोठ्याइ पऱ्यो । म बोलेर सिकाउँछु । ऊ सुनेर सिक्छ । मिल्यो । गुणस्तर सुनिश्चित भयो । गुणस्तरीय शिक्षण । गुणस्तरीय सिकाइ । यस अर्थमा सिक्ने सिकाउनेको शैली मिले/नमिलेको कुरा खोजौं । शैली मिले गुणस्तरीय शिक्षण । नमिले गुणस्तरहीन शिक्षा । के हामी आफैंले खोजबिन गर्ने हो त ?

सिक्नेहरू थरीथरीका हुन्छौं । कोही उत्रिन्छौं । सतही । कोही गहिरिन्छौं । पागल (Crazy) । कोही सम्बन्ध खोज्छौं । हावादारी । कोही आफ्नो मूल्य र मान्यतामा वस्तु विश्लेषण गर्छौं । आधारशिलावादी (Foundationalist) । तर गुणस्तरले सबै कुरा खोज्यो । कागज देखे त्यसको भित्तो खोज्ने । कसरी कागज बन्यो ? प्रक्रियाको खोजी । कसले बनायो ? स्रष्टाको खोजी । किन बनायो ? विज्ञानको खोजी । कसले प्रयोग गऱ्यो ? व्यावहारिक खोजी । कागजहीन समाज कसरी सम्भव होला ? प्रवर्तनात्मक खोजी । यसरी हेर्दा कागजमै बहुहरू खोज्ने । त्यसैको भूगोल । त्यसैको संरचना । त्यसैको प्रयोग । त्यसैको इतिहास । त्यसैको विज्ञान । त्यसैको वातावरण । त्यसैको उपयोग । त्यसैको दुरुपयोग । त्यसैका प्रयोगकर्ताहरू । त्यही खोजमा रमाउने अनुसन्धाता । त्यसैबाट पैसा बनाउने तर्किव खोज्ने उद्यमी । कुन खाले कागज बजारमा बिक्छ भनी पत्ता लगाउने वाणिज्यशास्त्री । यसरी एउटै वस्तुमा धेरै कुरा खोज्ने गहनतावादी शिक्षार्थी (In-depth learner) गुणस्तरीय हो । त्यसरी सिक्न उत्प्रेरित गर्ने शिक्षक गुणस्तरीय हो । यस अर्थमा के हामी शिक्षक आफैं गुणस्तरीय छौं त ? नभए बन्न सक्छौं त ? बन्ने उपक्रम गर्छौं त ?

हामी थरीथरीका छौं । सोच्नेहरू । घोक्नेहरू । चोर्नेहरू । चोराउनेहरू । अनि भन्छौं– सोच्ने मेरा विद्यार्थी । घोक्ने मेरै विद्यार्थी । खोज्ने मेरै विद्यार्थी । चोर्ने मेरै विद्यार्थी । सोच्ने र खोज्ने गुणस्तरीय विद्यार्थी हुन् । घोक्ने र चोर्ने स्तरहीन । घोकाइमा त गहिराइ र अन्तरसम्बन्ध जोडे गुणस्तर आउँछ । चोराइमा के खोज्नु ? चोरीमा गुणस्तर ? चोराउनेको गुणस्तर ? यसरी चोर्ने र चोराउनेहरू गुणस्तरहीन व्यक्ति हौं । नोट दिने र नोट लिने पनि त्यही कोटिमा पर्छौं । 'क्याप्सुलवादी'हरू । अर्को शब्दमा भन्दा क्याप्सुलवादीहरू गुणस्तरहीन व्यक्ति हौं । के हामी आफैं क्याप्सुलवादबाट माथि उठ्न सक्छौं त ?

गुणस्तर स्थानहीन (Locality less) हुन्छ । जहाँबाट उठे पनि एकै ठाउँमा पुग्छ । घरबाट उठे विश्वका घरहरूमा पुग्ने । विश्वघरबाट उठे जनघरमा पुग्ने । चामलको कुरा गर्दा त्यसको परिकार जान्ने । त्यसबाट अरू परिकार बनाउने सोच खोज्ने । कुन देशले के परिकार प्रयोग गर्छ भनी पहिल्याउने । चामलमा मकै मिसाएर परिकार बनाए के होला ? सोच्ने । देशको बजार के होला ? विदेशमा के होला ? अर्को पाटो भनौं- पार्ले बिस्कुटको । के हाल्यो त्यसमा ? के झिके त्यो गाउँले रुचि अनुसारको हुन्छ ? के थपे जिल्लावासीको रुचिको हुन्छ ? खोज्ने । त्यसो गर्ने हो भने गुणस्तर स्थानीयबाट अन्तर्राष्ट्रिय बन्छ । अन्तर्राष्ट्रियबाट स्थानीय हुन्छ । के हामीले त्यसो गर्ने हो त ?

किताबमा मात्र गुणस्तर हुन्न । जीवनमा हुन्छ ।




अनुभवमा हुन्छ । नवीन लेखमा हुन्छ । यसको अर्थ हो- पढेको कुरा जीवनमा मिलाउन खोज्नु गुणस्तर हो । भोगाइमा जोड्नु गुणस्तर हो । भोगेका कुरामा सिद्धान्त खोज्नु गुणस्तर हो । खोजिएको कुरामा किताब जोड्नु गुणस्तर हो । नवीन लेखनीमा जोड्नु गुणस्तर हो । किनकि यसो गर्नाले ज्ञान सधैं ताजा हुन्छ । बासी भात भए पुलाउ बनाउन मिल्ने । बासी पाउरोटी भए केक बनाउन हुने । बासी केक भए गुदपाक बनाइदिए चल्ने । यस्ता सीपले वस्तुको अधिकतम प्रयोग गर्न सिकाउँछ । चक्रीय प्रयोग । तर बदमासी चाहिँ हुनुहुन्न । पेडामा रासायनिक मल राख्ने जस्तो । यस्ता प्रयोगले व्यक्तिलाई प्रवर्तक (Innovator) बनाइराख्छ । बेग्लै ढङ्गले (Differently) सोच्ने । बेग्लै (Different) सोच्ने । अर्को अर्थमा वैकल्पिक सोच भएको व्यक्तित्व । किनकि किताब नयाँ हुँदैन । विद्यार्थी पुरानो हुँदैन । दुई थरीको दौड नै मिल्दैन । त्यो दौड मिलाउने शिक्षक गुणस्तरीय हो । विद्यार्थी गुणस्तरीय हो ।

मात्र सिद्धान्त पढाउनेहरू गुणस्तरीय हैनौं । मात्र जीवन्त वस्तुस्थिति मात्र सिकाउनेहरू पनि गुणस्तरीय हैनौं । दुवै एकाङ्गी हौं । त्यसको अर्थ हो सिद्धान्त पढाउँदा व्यवहार जोड्ने । व्यवहार पढाउँदा सिद्धान्त खोज्ने गुणस्तरीय हौं । यो दुवै उपायले हामीलाई योजक बनाउँछ । ज्ञानमा पूर्णता दिन्छ । धामीको ज्ञानको स्रोत (Epistemology) के हो ? उसको ज्ञानार्जन प्रक्रिया (Ontology) के हो ? मूल्यमान्यता (Axiology) के हो ? ज्ञान बनेको धरती (Cosmology) कुन हो ? डाक्टरको नि ? कविराजको नि ? आम्चीको नि ? रेकीवालाको नि ? यसरी खोज्दा हामी गुणस्तर भेट्छौं । नवीनता देख्छौं । डाक्टर, कविराज, धामी र आम्चीको चिन्तनगत आधार (Foundation) के हो ? ज्ञानको स्रोत के हो ? प्रक्रिया के हो ? मान्यता के हो ? विचार बन्ने थलो के हो ? यस्ता केहरूको खोजीले हामीलाई गुणस्तरीय बनाउँछ । एउटा रुण्डाले चाहिँ एकस्तरे । धामी भए धामीलाई काम गर्ने । डाक्टर भए डाक्टरलाई मात्रै । यो मात्रै वाला बुद्धिले गुणस्तर हुन्न । जोड्नेहरूमा हुन्छ । किनभने जोड्दा नवीनता जन्मन्छ । त्यही गुण हो । छुट्टिँदा रुण्डा बन्छ एक-अर्कालाई काम नलाग्ने । के हामी शिक्षक नवीन बन्न सक्छौं त ? प्रवर्तक हुन सक्छौं त ?

उद्देश्यमा गुणस्तरीय बन्दा बच्चा सोच्तैनौं । त्यसैले हामी गुणस्तरीय हैनौं । निजी स्कूलका बालबालिकालाई हामीले त्यसै गऱ्यौं । इन्जेक्सन लगाएर बढाएको काक्रो पाऱ्यौं । सोछिएका । बडेका । त्यो स्तरीय होला । गुणस्तरीय हैन । किनकि त्यसले आफ्नो तागतमा बढ्न पाएन । अरूको तागतमा बढ्यो । तागत छिकिदिँदा बेकामे भयो । के हामी शिक्षकले पाठलाई बच्चाको तागतसँग जोड्न जान्यौं त ? अनुभवले भन्छ- जानेनौं । त्यसैले हामी गुणस्तरहीन उद्देश्य बोक्नेहरू हौं । विद्यार्थीको उद्देश्य नजान्नेहरू । इन्जेक्सन दिने कम्पाउण्डरहरू । कतै फर्केर हेर्ने कि ? पाठ्यवस्तु पाठ्यवस्तुमै खोज्यौं । शरीरमा ब्रह्म खोजे जस्तो । जोड्न जानेनौं । पण्डितहरूले जस्तो । शरीर जान्नेले मन नबुझे जस्तो । मन जान्नेले आत्मा नचिने जस्तो । मन, शरीर र आत्मा जान्नेले इथरल शरीर नसोचे जस्तो । अर्थात् आफैंभित्र पाठ्यवस्तु नखोजेको । नखोजाएको । शरीरको भूगोल र पृथ्वीको भूगोलमा साम्यता । लेख्ने, पढ्ने र पढाउनेको मनको साम्यता । विभेद । यस अर्थमा पाठ्यवस्तुलाई वस्तुगत (Objective) बनाइदिऔं । विषयगत (Subjective) बनाउन जानेनौं । त्यसको समालोचना गर्ने । अन्तरसम्बन्ध खोज्ने । शरीरसँग जोड्ने । मनमा जोड्ने । यसो गर्न नजान्दा हामीले पाठ्यवस्तुको गुणस्तरीय प्रयोग त गऱ्यौं । वस्तुगत प्रयोग । यस अर्थमा पाठ्यवस्तु र पाठ्यक्रम मात्रै पढाउनेहरू गुणस्तरहीन शिक्षक हौं । पढ्नेहरू गुणस्तरहीन विद्यार्थी । के यो गुणस्तरहीनताको चक्र तोड्न सक्छौं त ?

मूल्याङ्कनले मूल्यको अङ्कन खोज्यो । हाम्रो मूल्याङ्कन गृहस्थी धन्दा बन्यो । काम भइरहने । मूल्य नहुने । हामीले दिएको अङ्क त्यस्तै बन्यो । परम्परागत ढङ्गले ज्ञान जाँच्ने । आधुनिक बन्दा ज्ञान जाँचको सूचक बनाउने । पढाएको ज्ञानको । यसरी हाम्रो मूल्याङ्कनले मूल्य दिन जानेन । यस अर्थमा हामी गुणस्तरहीन मूल्याङ्कनकर्ता बन्न पुग्यौं । क्षमता जाँच्न नजान्ने । यो स्थितिले बच्चाको प्रोफाइल खोज्यो । प्रोफाइलसँग उपलब्धि जोड्न खोज्यो । जोडाउन खोज्यो । हामीले चाहिँ कक्षाको औसत अङ्क हेरिरह्यौं । उत्तीर्णाङ्क हेरिरह्यौं । बच्चाङ्क जानेनौं । यस स्थितिमा बच्चाङ्क मूल्याङ्कन पद्धति लागू गरे हामी गुणस्तरीय बन्छौं । नगरे स्तरहीन । के हामी बच्चाङ्क प्रणाली शुरु गर्न सक्छौं त ? पृष्ठभूमि र अङ्क जोड्ने प्रणाली । भिन्न पृष्ठभूमिका बच्चाको अङ्कन गर्ने भिन्न शैली खोज्ने । के हामी यो काम गर्न सक्छौं त ?

## मेरो टुङ्गो

गुणस्तरको पहिलो कसी बच्चाको तागत हो । त्यो तागत खोज्न सक्ने शिक्षक गुणस्तरीय हौं । त्यहीं तागतमा पाठ्यक्रम र पाठ्यपुस्तक जोड्न सक्ने शिक्षक गुणस्तरीय हौं । नसक्ने गुणस्तरहीन । बच्चाको सिकाइकला जान्ने शिक्षक गुणस्तरीय हौं । सो सिकाइकलामा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षाका सरोकारवालाले खोजेको कुरा जोड्न जान्नेहरू गुणस्तरीय शिक्षक हौं । त्यसमा अल्मलिनेहरू गुणस्तरहीन । बच्चाको जान्न चाहने वेगमा अङ्कन गर्नेहरू गुणस्तरीय मूल्याङ्कनकर्ता हौं । कक्षाकोठाको औसतसँग नाप्नेहरू गुणस्तरहीन- नदीको तीन ठाउँको नापो लिएर औसत गहिराइ निकाल्ने तथ्याङ्कशास्त्री जस्ता । यस स्थितिमा मेरो टुङ्गो हो- गुणस्तरको आफ्नै मापो बनाऔं । आफैंलाई नापौं । अनि भनौं के म गुणस्तरीय शिक्षक हुँ ? के म गुणस्तरीय विद्यार्थी हुँ ? के म गुणस्तरीय अभिभावक हुँ ?

विचार

केदारभक्त माथेमा



# स्तरीय शिक्षा अर्थात् सधैं जिज्ञासु विद्यार्थी

**शिक्षाले केटाकेटीलाई एउटा संरचनामा मात्र बस्न र हेर्न सिकाउने होइन, कुनै पनि कुरालाई धेरै पक्षबाट हेर्ने, विश्लेषण गर्ने र आफैं निर्णयमा पुग्ने ज्ञान र सीप दिनुपर्छ । शिक्षाको काम मूलतः विद्यार्थीहरूलाई उनीहरूको मस्तिष्कलाई सधैं खुला राख्न सिकाउने हो, ताकि उसले हरबखत चौतर्फी हेर्न सकोस् ।**

शिक्षाको 'गुणस्तर'लाई परिभाषित गर्न र नाप्न सहज छैन, किनभने यो मूर्त कुरा होइन । यसमा हरेक मानिसका बुझाइ र हेराइ फरक हुनसक्छन् । विद्यालय तहको शिक्षाको स्तरको कुरा गर्दा, कुनै पनि विद्यार्थीले आफूलाई मनमा लागेका कुरा प्रभावकारी तरिकाले लेख्न र बोल्न तथा पढ्न सक्ने क्षमता राख्छ भने उसले स्तरीय शिक्षा पाएको मान्न सकिन्छ । पढाइ, बोलाइ र लेखाइको प्रभावकारिता नै स्तरीय शिक्षाका आधारभूत लक्षण हुन् । त्यस्तै गणितीय समस्या समाधान गर्ने क्षमता पनि गुणस्तरको एउटा मापक हुनसक्छ ।

हाम्रा विद्यालयले घोकाउने काम अझै बन्द गरेका छैनन् । अहिले पनि त्यही विद्यार्थी राम्रो मानिन्छ, जसले पाठ्यपुस्तकमा लेखिएको कुरा हुबहु कण्ठ गरेर लेख्न वा भन्न सक्छ । शिक्षकले पनि अक्सर जाँचमा आफूले लेखाएको नोट वा पाठ्यपुस्तक हुबहु उतार्न सक्ने विद्यार्थीलाई बढी नम्बर दिन्छन् । शिक्षकले त विद्यार्थीलाई पाठ्यपुस्तकमा भएको भन्दा भिन्न तरिकाले त्यही कुरा अभिव्यक्त गर्न पो अभिप्रेरित गर्नुपर्छ । विद्यार्थीले आफैं भनोस् न, "सर मलाई यो अनुच्छेद त्यति राम्रो लागेन ।" जवाफमा शिक्षकले भनोस्, "तिमी योभन्दा राम्रो र भिन्न तरिकाले कसरी प्रस्तुत गर्छौ, ल लेखेर देखाऊ त !" यसरी शिक्षकले विद्यार्थीलाई मौलिक र सृजनशील तरिकाले सोच्न र प्रस्तुत गर्न सिकाउनुपर्छ । शिक्षकको काम विद्यार्थीलाई अरूले निर्माण गरिदिएको ज्ञान र सीपको उपभोक्ता मात्र बनाउने होइन, बरु उसलाई आफैं नवीन ज्ञानको निर्माण गर्ने, नयाँ सृजना गर्ने र भिन्न तरिकाले सोच्न सक्ने बनाउने हो; आत्मविश्वासी र स्वाबलम्बी मानिसको निर्माण गर्ने हो ।

अलि गहिराइमा पुगेर भन्नुपर्दा, विद्यार्थीले मौलिक र सृजनशील तरिकाले सोच्छ कि सोच्दैन ? विश्लेषण गर्ने क्षमता राख्छ कि राख्दैन ? आइपरेका समस्याको राम्रोसित समाधान गर्न बहुउपायहरू खोज्न सक्छ कि सक्दैन ? छिटो र समयमै निर्णय गर्छ कि गर्दैन ? समयलाई अधिकतम महत्त्व दिन्छ कि दिँदैन ? यस्ता कुराहरू पनि शिक्षाको गुणस्तरसित जोडिएर आउँछन् । यदि हाम्रा केटाकेटीमा यस्ता क्षमता छन् भने उनीहरूले पाएको शिक्षा गुणस्तरीय भयो, छैन भने गुणस्तरीय भएन भनेर स्वतः बुझिन्छ । त्यसैले, यस्ता जीवनोपयोगी सीपहरू (हे.एक्काइसौं शताब्दीका सीप शिक्षक मासिक वैशाख २०६८ पृ.२२) ले पनि शिक्षाको गुणस्तरलाई अभिव्यक्त गर्छन् ।

अवश्य पनि विद्यार्थीको प्राज्ञिक उपलब्धि र क्षमता राम्रो हुनुपर्छ । तर यो नै सबैथोक भने होइन । कुनै डाक्टर कुशल छ, छिटै रोग पत्ता लगाउँछ र निवारण हुने औषधि पनि दिन्छ; तर त्यो बिरामीसित राम्रो व्यवहार गर्दैन अथवा बिरामीको दुःख बुझ्न कोसिस गर्दैन भने त्यो डाक्टर असल कहलिन सक्दैन । तीक्ष्ण बुद्धि र राम्रो क्षमता भएको इन्जिनियर छ, तर सडक बनाउँदा पैसाको लोभमा जस्तो नक्सा पनि स्वीकृत गरिदिन्छ भने त्यो इन्जिनियरको प्राज्ञिक क्षमताको के अर्थ ? पेशागत धर्म र मुख्य रूपमा मानवीयतालाई केन्द्रमा राखेर मानिस चल्दैन भने उसले पाएको शिक्षा गुणस्तरीय होइन । शिक्षाले मानवीयतालाई केन्द्रमा राखेर जीवन चलाउन सिकाउनै पर्छ ।

विद्यार्थीहरूले ठूलो भइसकेपछि के काम कसरी गरे भन्ने कुरा पनि शिक्षाको स्तर मापन गर्ने एउटा आधार हुनसक्छ । पढाइ सकेपछि ती विद्यार्थीहरूले कहाँ काम गरे ? कस्तो काम गरे ? कसरी काम गरे ? अरूको भन्दा भिन्न र राम्रो के गरे ? भन्ने कुरालाई मूल्याङ्कनको एउटा कसी बनाउन सकिन्छ । त्यसैगरी अन्तर्राष्ट्रिय रूपमा उनीहरूको प्रतिस्पर्धा क्षमता र काम पनि मूल्याङ्कनको एउटा महत्त्वपूर्ण सूचक हो । त्यस बाहेक जीवनशैली, सोच्ने तरिका, अरू मानिससितको व्यवहार आदि कोणबाट पनि उनीहरूले स्कूलमा पाएको शिक्षाको स्तर आकलन गर्न सकिन्छ ।

शिक्षाले मानिसलाई दिनै पर्ने एउटा महत्त्वपूर्ण कुरा हो, हरबखत खोज गर्ने तत्परता र कौशल । उदाहरणका लागि एक जना अमेरिकी किशोर पोखरा घुम्न आउने भयो भने उसले सर्वप्रथम पोखराको बारेमा उहीं बसेरै आधारभूत जानकारी सङ्कलन गर्छ । त्यहाँको तापक्रम, हावापानी, भूगोल, संस्कृति, भेषभूषादेखि पोखरामा पाँच दिन उत्कृष्ट तरिकाले बिताउनका लागि जानुपर्ने ठाउँ र गर्नुपर्ने कामहरूसम्म उसले आउनुअघि नै अनुसन्धानबाट पत्ता लगाइसकेको हुन्छ । तर हामी काठमाडौं या देशका अन्य भागका मानिसहरू पोखरा जाने भयौं भने कुनै शोधकार्य गर्दैनौं । हामीले यसो नगर्नुको मुख्य कारण हो, हाम्रो स्कूलले हामीलाई त्यसो




**हाम्रो विद्यमान परीक्षा प्रणालीले विद्यार्थीको स्मरणशक्ति कति रहेछ भनेर मात्र जाँच्छ । त्यसैले; एसएलसीको परीक्षामा विशिष्ट श्रेणी आएकै भरमा आफूले 'स्तरीय शिक्षा दिएको' दाबी गर्न कसैले पनि मिल्दैन ।**

गर्न कहिल्यै सिकाएन । केही शिक्षकहरूले तर्क गर्न सक्छन्, "हामीले त सिकाएकै हो, तर विद्यार्थीले त्यसलाई अनुसरण गर्दैनन् ।" यसो भन्ने शिक्षकहरूलाई मेरो विनम्र जवाफ हुने गर्छ, "जबसम्म विद्यार्थीले तपाईंले सिकाएका कुरा आफ्नो जीवनमा लागू गर्दैनन्, तबसम्म तपाईंले सिकाएकै ठहर्दैन । किनभने विद्यार्थीलाई ज्ञान र सीप मात्र होइन, जानेका कुरा व्यवहारमा कार्यान्वयन गर्ने अभिवृत्ति दिने जिम्मेवारी पनि शिक्षककै हो ।" यसर्थ शिक्षक मित्रहरूले ध्यान दिनुपर्छ, "तपाईंको 'लेक्चर'बाट होइन, तपाईंको कार्यशैली र गतिविधिबाट विद्यार्थीले बढी सिकिरहेको हुन्छ ।"

आजकाल महँगा निजी विद्यालयमा पढेका हाम्रा अधिकांश विद्यार्थीले युरोप र अमेरिका जस्ता विकसित देशमा उच्च शिक्षा पढ्न जाने र बाँकी जीवन उतै बिताउने लक्ष्य राख्ने गरेको पाइन्छ । तर यस्तो सोचाइ बालबालिकामा जन्मजात आउने होइन । यो त स्कूल र घरले बनाइदिएको विचार हो । अरु कतिपयमा त आफ्नै देश र समाजप्रति बेवास्ता गरेको पनि भेटिन्छ । गुणस्तरीय शिक्षाले केटाकेटीहरूलाई आफ्नो, आफू उभिएको ठाउँको, समाजको वास्तविक स्वरुप पहिचान गर्न मद्दत गर्छ; यसबाट टाढिन होइन । आफ्नो परिवार, समाज, संस्कृति, राष्ट्रिय परिवेश बुझेका व्यक्तिहरू जहाँ गए पनि आफ्नोपन र पहिचान यथावत् राख्न सक्छन् । उनीहरू शिशिरकालमा सुकेर खसेका पातहरू जस्तै अरुको हाहामा बरालिन जान्दैनन् । उनीहरूलाई जहाँ गए पनि पछि 'म को हुँ' भन्ने अस्तित्वमुखी (Existential) प्रश्नले सताउँदैन । त्यसैले गुणस्तरीय शिक्षाले विद्यार्थीहरूलाई अङ्ग्रेजी, गणित, विज्ञान जस्ता विषयहरूमा उत्कृष्ट मार्क ल्याउन मात्र मद्दत नगरी उनीहरूलाई आफ्नो यथार्थ बुझ्ने बनाउँछ, बुझेर संवेदनशील बनाउँछ ।

संसार आज यति अगाडि बढिसकेको छ कि अब यहाँ शाश्वत सत्य (अल्टिमेट ट्रूथ) भन्ने कुरा शायद छैन । विज्ञानका हकमा समेत यही कुरा लागू हुन थालेको छ । ३० वर्षअघिसम्म सत्यसम्म पुग्ने एक मात्र बाटो विज्ञान नै हो भन्ने मानिन्थ्यो भने यता आएर त्यो धारणामा फेरबदल आइसकेको छ । अब विज्ञानलाई सत्यसम्म पुग्ने 'एउटै मात्र बाटो' होइन, 'एउटा बाटो' भनेर स्वीकार गर्न थालिएको छ । दुनियाँमा घट्ने परिघटनाका कारण र असर बुझ्न हाम्रा आँखा मात्र पर्याप्त नहुने रहेछन् भन्ने कुराको बोध स्वयं वैज्ञानिकहरूलाई भइसकेको छ । यस्तो अवस्थामा, हाम्रो शिक्षाले केटाकेटीलाई एउटा संरचनामा मात्र बस्न र हेर्न सिकाउने होइन, कुनै पनि कुरालाई धेरै पक्षबाट हेर्ने, विश्लेषण गर्ने र आफैं निर्णयमा पुग्ने ज्ञान र सीप दिनु जरुरी भइसकेको छ । शिक्षाको काम मूलतः विद्यार्थीहरूलाई उनीहरूको मस्तिष्कलाई सधैं खुला राख्न सिकाउने हो, ताकि उसले हरबखत चौतर्फी हेर्न सकोस् र त्यस क्रममा देखिएका कुराहरूलाई खुला दिलले स्वीकार गर्न सकोस् । उसले दुई चारपल्ट देखेको वा परीक्षण गरेकै भरमा 'यही अन्तिम सत्य हो' भनेर खोज्न, हेर्न र सिक्न बन्द नगरोस् । उसले देखेको वा ठानेको सत्य आफैंमा पूर्ण नभई त्यसको एउटा पक्ष मात्र हुनसक्छ । उसले देखेको भन्दाबाहेक पनि अनेकन् सत्य हुनसक्छन् । दिमागलाई खुल्ला राखेर मात्र नयाँ नयाँ सत्यको उद्बोधन गर्न सकिन्छ, नयाँ नयाँ कुरा सिक्न सकिन्छ ।

हाम्रो विद्यमान परीक्षा प्रणालीले माथि चर्चा गरिएका ज्ञान, सीप र अभिवृत्ति पक्षका प्रायः कुनै पनि कुराको परीक्षण गर्दैन । विद्यार्थीको स्मरणशक्ति कति रहेछ भनेर मात्र जाँच्छ । त्यसैले; एसएलसीको परीक्षामा विशिष्ट श्रेणी आएकै भरमा आफूले 'स्तरीय शिक्षा दिएको' दाबी गर्न कसैले पनि मिल्दैन । एसएलसी मात्र होइन, त्यसभन्दा माथि र तलका परीक्षाको हविगत पनि उस्तै छ । त्यसैले, अब तलबाट शिक्षकहरूले र माथिबाट नीतिनिर्माताहरूले एक साथ पाठ्यक्रम, सिकाउने तरिका र परीक्षा प्रणालीमाथि घोत्लिएर पुनर्मूल्याङ्कन गर्नु ढिलो हुन लागिसकेको छ । किनभने हामीले एक्काइसौं शताब्दीको विश्वसित प्रतिस्पर्धा पनि गर्नु छ ।

प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन- २०६६

# विधेयक सुधारका लागि प्रस्ताव

द्वन्द्व पीडितहरूका लागि तत्काल न्याय सुनिश्चित गरी उनीहरूलाई परिपूरणको व्यवस्था गर्ने तथा पीडकहरूलाई कानुनको दायरामा ल्याउने अभिप्रायले विशेष प्रकारको सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरूको स्थापनाका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग गठनको परिकल्पना *विस्तृत शान्ति सम्झौता* र *नेपालको अन्तरिम संविधान-२०६३* मा गरिएको छ। एक दशक लामो द्वन्द्वकालमा विद्रोही तथा राज्यको हातबाट १५ हजारभन्दा बढी नेपालीले ज्यान गुमाएका छन्। १२ सयभन्दा बढी मानिसको अवस्था अद्यापि अज्ञात छ। सयौं मानिसहरू अङ्गभङ्गको सिकार भएका छन् भने द्वन्द्वको कारण हजारौं विस्थापित हुन पुगेका छन्।

## नेपालमा प्रस्तावित व्यवस्था

प्रस्तावित *सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन- २०६६* ले मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धका अपराधसम्बन्धी घटना र त्यस्ता घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गरी वास्तविकता जनतासमक्ष ल्याउने, त्यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई दण्डहीनताको अन्त्य गर्ने; भविष्यमा यस्ता कार्यहरू पुन: दोहोरिन नदिनका लागि पीडकलाई सजायको व्यवस्था गर्ने, पीडितहरूलाई परिपूरण तथा क्षतिपूर्तिको व्यवस्था गर्ने र पीडित तथा पीडकका बीचमा पारस्परिक सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि गराई समाजमा शान्ति र मेलमिलापको वातावरण तयार गर्ने उद्देश्य बोकेको छ।

विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ मा गरिएको व्यवस्था बमोजिम *"सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन"* मार्फत सत्य निरुपण तथा मेलमिलाप आयोग स्थापना गर्ने प्रक्रिया प्रारम्भ गरिएको छ। साथै बेपत्ता मानिसहरूको खोजीका लागि सम्झौताको धारा ५.२.३ अनुसार तत्सम्बन्धी आयोग स्थापना गर्ने प्रक्रिया पनि समानान्तर रूपमा चालु रहेको छ।

## अन्तर्राष्ट्रिय अनुभव

विश्वका विभिन्न मुलुकमा द्वन्द्वउप्रान्त वा निरङ्कुश तथा सैनिक तानाशाही व्यवस्थाको अन्त्यपश्चात् उक्त अवधिमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीहरूको सम्बोधन तथा निराकरणका लागि सत्य निरुपणसँग सम्बन्धित आयोगहरूको व्यवस्था गरेको भेटिन्छ। राष्ट्रिय परिवेश अनुसार यस्ता आयोगको नाम फरक-फरक हुने गरेको पाइन्छ।

नाम फरक-फरक भए तापनि यस्ता आयोगको कार्यादेश तथा दीर्घकालीन लक्ष्य सामान्यतया मिल्दोजुल्दो नै हुन्छ। कार्यादेशमा पाइने समानताहरूमा द्वन्द्वकाल वा सैनिक वा तानाशाही वा निरंकुश व्यवस्था वा गृहयुद्धको समयमा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घन तथा अपराधको अध्ययन, अनुसन्धान तथा जाँचबुझ, बेपत्ता नागरिकहरूको खोजी तथा सार्वजनिकीकरण, गैरकानुनी हत्या वा आमहत्या, यातना तथा ज्यादती जस्ता मानवीय अपराधको अध्ययन अनुसन्धानका माध्यमबाट दोषीहरूको पहिचान गर्ने र कारबाहीको लागि सरकारलाई सिफारिस गर्ने तथा पीडितहरूका निम्ति न्याय सुनिश्चित गर्ने रहेको पाइन्छ। यसका अतिरिक्त विस्थापित मानिसहरूको लगत खोजी गर्ने, मानवअधिकार तथा मानवीय कानुन उल्लङ्घन भएका घटनाहरूको अध्ययन–अनुसन्धान गरी समाजमा शान्ति, मेलमिलाप, सहिष्णुता, सद्भाव र न्यायपूर्ण वातावरण निर्माण गर्ने कार्यादेश पनि रहेको हुन्छ। प्रत्येक मानिसले मर्यादित तथा सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण निर्माण गर्नु र भविष्यमा यस्ता घटनाहरू दोहोरिन नदिन संस्थागत सुधारको लागि आवश्यक सुझाव पेश गर्नु पनि यस्ता आयोगको मूलभूत कार्यभित्र पर्ने कुरा हुन्।

**प्रस्तावित ऐनलाई पूर्णता दिनुअघि अमिल्दा प्रावधानहरू सच्याउन अन्तिम छलफलको लागि सरोकारवालाहरू समक्ष ल्याइनुपर्दछ। विधायन समितिका सदस्य तथा विशेषज्ञबाट संयुक्त रूपमा यसलाई अन्तिम स्वरुप दिइनुपर्दछ। त्यसपछि व्यवस्थापिका-संसद्ले तत्काल ऐन पारित गरी त्यसको मर्म अनुसार स्वतन्त्र, निष्पक्ष र क्षमतावान् सत्य निरुपण तथा मेलमिलाप आयोग यथाशीघ्र गठन गरिनुपर्छ।**

## प्रस्तावित आयोगको समयावधि र संरचना

प्रस्तावित ऐनमा आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुने र काम सम्पन्न गर्न नसकेको अवस्थामा कारण खुलाई एक वर्षसम्म बढाउन सकिने व्यवस्था गरिएको छ। अन्य मुलुकमा पनि यस्ता आयोगहरूको कार्यावधि औसत दुईदेखि तीन वर्षको भएको पाइन्छ।

प्रस्तावित ऐनले आयोगमा कम्तीमा दुईजना महिलासहित बढीमा सातजना सदस्य रहने व्यवस्था गरेको छ। सभामुखको अध्यक्षतामा गठन हुने सिफारिस समितिमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षले तोकेको एकजना र मानवअधिकारवादी, मनोविज्ञानबेत्ता, कानुनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना सदस्य समेत तीन जना रहनेछन्। यो समितिले आयोगका अध्यक्ष र सदस्यको नाम सिफारिस गर्छ।

यसरी गठित आयोगले आफ्नो कार्यविधि आफैं तोक्न सक्ने छ। आयोगको सदस्य-सचिव नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत हुने व्यवस्था गरिएको छ। अन्य कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्ने भए पनि आयोगको माग बमोजिम सरकारले विशेषज्ञ उपलब्ध गराउन नसकेमा आयोग आफैंले पनि विशेषज्ञहरूलाई करारमा नियुक्त गर्न सक्ने छ। आर्थिक स्रोतको व्यवस्थाको जिम्मेवारी सरकारको भए पनि आयोगलाई स्वदेशी वा विदेशी संस्थाबाट सीधै अनुदान सहयोग जुटाउन सक्ने स्वतन्त्रता पनि दिइएको छ।

## आयोगको कार्यादेश र क्षेत्राधिकार

पीडित वा निजको तर्फबाट आयोग समक्ष गरिएका उजुरी तथा कुनै स्रोतबाट आयोगलाई प्राप्त सूचना वा जानकारीमाथि छानबिन गर्न उपयुक्त सम्झेमा त्यस्ता उजुरी र सूचना छानबिन गर्ने अधिकार आयोगलाई हुनेछ। यसलाई नियमन गर्नका लागि ऐनले छानबिनको प्रक्रिया, आयोगलाई सहयोग पुर्‍याउने बाध्यात्मक व्यवस्था र अवहेलना गरेमा कारबाहीको व्यवस्था, साक्षी तथा अन्य व्यक्तिको संरक्षण र सार्वजनिक सुनुवाईसम्बन्धी विधि तथा प्रक्रियाहरू निर्धारण गरेको

छ। आयोगका सम्पूर्ण प्रक्रियाहरू खुला तथा पारदर्शी हुनुपर्ने र स्वतन्त्रता तथा निष्पक्षता कायम गर्नुपर्ने व्यवस्था पनि ऐनले गरेको छ। साथै उजुरीलाई तामेलीमा राख्नसक्ने, मेलमिलाप गराउन सक्ने, कारबाहीको लागि लेखी पठाउने, क्षमादान वा परिपूरणको लागि सिफारिस गर्न सक्ने र संस्थागत सुधारसहितको प्रतिवेदन पेश गर्ने कार्य पनि ऐनले आयोगलाई सुम्पिएको छ।

## सिफारिसको कार्यान्वयन र अनुगमन

प्रस्तावित ऐनमा आयोगको प्रतिवेदन तथा सिफारिस कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयमा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा लेखी पठाउने वा उल्लिखित सिफारिस कार्यान्वयन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिई त्यस्तो सिफारिस आफैंले वा अन्य सम्बद्ध निकायमार्फत कार्यान्वयन गर्ने/गराउने, सिफारिस कार्यान्वयन गर्न कानुन निर्माण गर्नुपर्ने भएमा आवश्यक कानुन निर्माण गर्नेतर्फ कारबाही गर्ने र मुद्दा दायर गर्ने अधिकार समेत आयोगलाई प्रदान गरिएको छ। सिफारिसको समष्टिगत कार्यान्वयनको अनुगमनको जिम्मेवारी चाहिँ राष्ट्रिय मानवअधिकार आयोगलाई दिइएको छ।

## चुनौती र जोखिम

**पदाधिकारी चयनमा समस्या:** सभामुखको अध्यक्षतामा बन्ने सिफारिस समितिले आयोगका अध्यक्ष र सदस्यको नाम सिफारिस गर्न सक्ने व्यवस्था गरिए पनि मुलुकमा व्याप्त दलीय भागबण्डाको संस्कृतिका कारण पदाधिकारी मनोनयन निष्पक्ष हुनेमा आशङ्का छ। बढीमा सातजना सदस्य हुनसक्ने प्रस्तावित ऐनमा व्यवस्था भएको हुनाले वर्तमान राजनीतिक पद्धति र समावेशीकरणको बढ्दो दबाबको सामु निश्चित सङ्ख्यासहित गठन हुने आयोग समावेशी बनाउन मुश्किल हुनेछ।

**मेलमिलापको दुरुपयोग:** प्रस्तावित ऐनमा पीडित तथा पीडकले मेलमिलापको लागि निवेदन दिएमा पीडकलाई निजले गरेको गलत कामको पश्चात्ताप गर्न लगाएर; पीडितसँग माफी माग्न लगाएर वा पीडितलाई मनासिब क्षतिपूर्ति उपलब्ध गराउन लगाएर आयोगले मेलमिलाप गराउन सक्ने प्रावधान रहेको छ। तर यस्तो प्रावधानको दुरुपयोग हुने सम्भावना अत्यधिक रहन्छ। एकातिर पीडितलाई करकाप वा जबर्जस्ती वा धम्की दिएर मेलमिलापको लागि सहमत गराउन सक्ने अवस्था छ भने अर्कोतिर पीडकले उन्मुक्तिको लागि विपन्न वर्गका पीडितहरूलाई सहजै मोलाहिजामा वा आर्थिक प्रलोभनमा पारेर मेलमिलापको लागि बाध्यात्मक वातावरण निर्माण गर्ने खतरा देखिन्छ।

**क्षमादानको गलत फाइदा:** गम्भीर रूपमा मानवअधिकार उल्लङ्घनको आरोप लागेको व्यक्तिलाई पनि क्षमादान गर्न मनासिव देखिएमा आयोगले त्यसको पर्याप्त आधार र कारण खुलाई नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्ने व्यवस्था प्रस्तावित ऐनमा गरिएको छ। तर नेपालको विद्यमान राजनीतिक परिवेश, दलीय स्वार्थमा आधारित सहमतीय प्रणाली र सङ्क्रमणकालको दुरुपयोग गर्ने संस्कारका कारण यो प्रावधानको सहज लाभ पीडकले लिनसक्ने खतरा देखिन्छ। तसर्थ क्षमादानको सवालमा प्रस्तावित ऐन थप स्पष्ट हुनु जरुरी छ।

**समयावधिको सीमा:** प्रस्तावित ऐनले आयोगको काम तदारुकता साथ सम्पन्न होओस् भन्ने उद्देश्यले दुई वर्षको समयावधि तोकेको छ। कारण खुलाई माग गरेको अवस्थामा एक वर्षसम्म बढाउन सक्ने व्यवस्था पनि गरेको छ। नेपालमा व्यापक मात्रामा भएको मानवअधिकार उल्लङ्घन र गम्भीर प्रकृतिको अपराधका बारेमा सत्य खोजी गर्न र पीडितहरूसँग प्रत्यक्ष रूपमा अन्तरक्रियाको लागि निर्धारित समय भौगोलिक जटिलताको अलावा स्रोत-साधनका कारण मुश्किल हुने भएकाले समयावधिको सवालमा राजनीतिक दलहरू समयमा नै सचेत हुनुपर्दछ।

**साक्षीको सुरक्षामा समस्या:** आयोगमा बयान, वकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारको सदस्यले सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा वा आयोगलाई सहयोग पुऱ्याउने वा आयोगमा कार्यरत कुनै व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्ने प्रावधान उल्लेख गरिए पनि आयोग सुरक्षाको सवालमा नेपाल प्रहरीमा निर्भर रहनुपर्ने बाध्यता छ।

**दक्ष जनशक्ति र आर्थिक स्रोतको अभाव:** आयोगको लागि आवश्यक हुने कर्मचारी र आर्थिक व्यवस्था गर्ने जिम्मेवारी सरकारको हुने भए पनि पर्याप्त जनशक्ति र आर्थिक स्रोतको अभाव हुने निश्चित छ। प्रस्तावित ऐनले आवश्यकता अनुसार सरकारको सहमतिमा आयोगले कर्मचारी नियुक्त गर्न सक्ने र आर्थिक सहयोग लिनसक्ने स्वतन्त्रता दिए पनि समयको सीमितता तथा कर्मचारी नियुक्तिको जटिल प्रक्रिया र आर्थिक स्रोतको व्यवस्थापनको लागि लाग्ने समयका कारण आयोग समयमा चलायमान हुन कठिन हुने देखिन्छ।

**निष्पक्ष सुनुवाईमा बाधा:** शान्ति सम्झौतापश्चात् मुलुकमा राजनीतिक परिवर्तन तथा रुपान्तरण भए पनि मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरू कसैमाथि पनि कारबाही नगरिएका कारण कतिपय राजनीतिक, सरकारी र सुरक्षा निकायका उच्च पदस्थ व्यक्तिहरूले उन्मुक्तिको जीवन बिताइरहेका छन्। विशेषत: हत्या तथा बेपत्तासँग सम्बन्धित घटनाहरूमा संलग्न व्यक्तिहरूको सरकारी संयन्त्र तथा राजनीतिक तहमा पहुँच विद्यमान रहेको अवस्थामा सुनुवाई प्रक्रिया प्रभावित हुने निश्चित छ।


**कार्यान्वयनको अनिश्चितता तथा अनुगमनमा समस्या:** प्रस्तावित ऐनले आयोगको प्रतिवेदन संसद्समक्ष पेश गर्ने व्यवस्था गरे पनि हालसम्मको परिपाटी र कार्यविधि हेर्दा उक्त प्रतिवेदनमा आम जनताको पहुँच पुग्न नसक्ने देखिन्छ। आयोगको प्रतिवेदनको कार्यान्वयन गर्ने जिम्मेवारी सरकारलाई र यसको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानवअधिकार आयोगलाई दिइएको छ। प्रस्तावित ऐनमा प्रतिवेदन तथा आयोगको सिफारिस कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने वा नेपाल सरकार, मन्त्रिपरिषद्मा लेखी पठाउने वा नेपाल सरकारको स्वीकृतिमा सिफारिसको कार्यान्वयन आयोग आफैंले वा अन्य सम्बद्ध निकायमार्फत कार्यान्वयन गर्ने/गराउने जस्ता व्यवस्था भए पनि सरकारको कानुनी सल्लाहकार महान्यायाधिवक्ताको कार्यालय भएको अवस्थामा उक्त कार्यालयलाई स्वतन्त्र, सक्षम र साधन सम्पन्न नबनाइएसम्म आयोगको सिफारिसको कार्यान्वयनमा प्रभावित भइरहनेछ।

प्रस्तावित ऐन मानवअधिकारको सवालमा उदार देखिए पनि यसको प्रतिवेदनको कार्यान्वयनमा उत्तिकै जटिलताहरू पाइन्छन्। अन्तर्राष्ट्रिय मापदण्डहरूको आधारमा यो ऐन अझै पनि कमजोर देखिन्छ। तसर्थ यस्ता अमिल्दा प्रावधानहरू संशोधन गर्न व्यवस्थापिका-संसद्को विधायन समितिमा थन्किएको प्रस्तावित ऐनलाई अन्तिम छलफलको लागि सरोकारवालाहरू समक्ष ल्याइनुपर्दछ। विधायन समितिका सदस्य तथा यस क्षेत्रका विशेषज्ञबाट संयुक्त रूपमा अन्तिम स्वरुप दिइनुपर्दछ। यसरी अन्तिम स्वरुप दिइएको ऐनलाई व्यवस्थापिका-संसद्ले तत्काल पारित गर्नुपर्छ र ऐनको मर्म अनुसार स्वतन्त्र, निष्पक्ष र क्षमतावान् सत्य निरुपण तथा मेलमिलाप आयोग यथाशीघ्र गठन गरिनुपर्छ।

*(मानवअधिकारकर्मी तथा द्वन्द्व विश्लेषक शोभाकर बुढाथोकीद्वारा नेपाल कन्स्टिट्यूसन फाउण्डेसनका लागि गरिएको यो अध्ययनलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा अन्य क्षेत्रका दवाब समूहहरूको प्रतिक्रिया र सुझावका आधारमा अन्तिम रुप दिइएको छ। त्यसनिम्ति यो फाउण्डेसन दुर्गा सोब, मन्दिरा शर्मा, रञ्जु ठाकुर, जीवन परियार, दानबहादुर बुढा, फुर्पा तामाङ्ग, अभिषेक अधिकारी, हरि फुँयाल, डा. सूर्य ढुङ्गेल र डा. विपिन अधिकारीप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउण्डेसनको सहयोगमा गरिएको हो, तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाण्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।)*

## एसएलसी नतिजा








आवरण: रबिन सायमि

# पढाऊँ, नडुबाऊँ


**कक्षा १ देखि १० सम्म नियमित र सार्थक पठन–पाठन हुने हो भने एसएलसीमा पास हुनुपर्ने पास हुन्छन्, पास नहुनुपर्ने फेल हुन्छन् । त्यसको परिणामलाई लिएर व्यर्थको माथापच्चीसीमा समय खेर फाल्नै पर्दैन । एसएलसीमा धेरै विद्यार्थी फेल हुनुको कारण– ठीकसँग नपढाएर, नपढेर, पढ्ने र पढाउने उचित वातावरण नपाएर हो, अरू केही होइन ।**

हस्त गुरूङ र बाबुराम विश्वकर्मा

## सार्वजनिक र निजी
### को नतिजा (नियमित)




## परीक्षामा सामेल सङ्ख्या




सदा झैं यसपालि पनि एसएलसी परीक्षामा उत्तीर्ण हुनेले विजयोल्लास मनाए, राम्रो अङ्क हासिल गर्नेको तस्बिर छापिएका बधाई विज्ञापनले अखबारका पाना रङ्गिए। विशिष्ट र प्रथम श्रेणी हासिल गर्नेलाई सार्वजनिक कार्यक्रममा फूल/अबिरले रङ्ग्याउने काम अझै रोकिइसकेको छैन। निजी लगानीमा सञ्चालित उमाविहरूले राम्रो अङ्क ल्याउनेलाई छात्रवृत्ति र विशेष सुविधाको 'अफर' गरिरहेका छन्।

तर, एसएलसीमा अनुत्तीर्ण हुने छात्रछात्राको अवस्था र भविष्यका बारेमा कतै सार्वजनिक चर्चा, चिन्ता वा चिन्तन गरिएको छैन। सही शिक्षाले त सफलताको होइन, असफलताको लेखाजोखा गर्न सिकाउँछ। तर, नेपालमा यस्तो संस्कृति अझै प्रवेश भएको छैन।

यसपालि १ लाख ७० हजार छात्रछात्रा अनुत्तीर्ण भए। यसरी असफल हुनेमध्ये केहीले आत्महत्या समेत गरे। यो गम्भीर विषय हो। तर, धेरैलाई सामान्य लाग्न थालेको छ। शिक्षा मन्त्रालय, शिक्षकका पेशागत संस्था, शिक्षक र अभिभावकले समेत असफल छात्रछात्राका बारेमा सहानुभूति पनि प्रकट गरेको पाइएको छैन।


विद्यार्थीले किन आत्महत्या गर्छन्? यसको जवाफ कसैले खोजेको छैन। जीवनोपयोगी शिक्षा परिणाम मात्र होइन, प्रक्रिया पनि हो। शिक्षाले मानिसलाई सार्थक जीवन बाँच्न प्रेरित गर्छ, मर्न सिकाउँदैन। यसले असफलतासँग जुध्न सिकाउँछ, हार्न सिकाउँदैन। तर, सरकारी शिक्षाले छात्रछात्रालाई मृत्युवरण गर्न बाध्य बनाइरहेको छ।

नेपालको शैक्षिक मेरुदण्ड अझै पनि सरकारी स्कूल नै हुन्। यस्ता स्कूल शहरदेखि गाउँसम्म विस्तारित छन्। यिनै विद्यालयले एसएलसी जाँचमा सबैभन्दा बढी छात्रछात्रा सहभागी पनि गराउँछन्। यस वर्ष पनि सार्वजनिक विद्यालयको एसएलसीमा सहभागिता ७७.३ प्रतिशत थियो। यस आँकडाको अनुपातमा निजी स्कूलबाट एसएलसीमा २१.३ प्रतिशत छात्रछात्राले भाग लिए। तर, शिक्षाको मेरुदण्ड नै भाँचिए बराबर भएका सार्वजनिक स्कूलले एकदमै निराशाजनक नतिजा दिएका छन्।

नेपालका सार्वजनिक विद्यालयमा स्तरीय पठनपाठन सञ्चालन हुन किन सकेन वा ती स्कूलले गतिलो नतिजा किन हासिल गर्न सकेनन् भन्ने जिज्ञासाको व्यक्तिपिच्छे फरक-फरक जवाफ आउँछ। मन्त्री, राजनीतिक दलका नेता/कार्यकर्ता र शिक्षा अधिकारीहरू सरकारी विद्यालय बर्बाद हुनुमा प्रअ/शिक्षकलाई दोषी र जिम्मेवार ठान्छन्। सरकारी शिक्षकहरू छात्रछात्राको पढाइप्रति भन्दा बढी राजनीतिक दलप्रति उत्तरदायी भएकाले सरकारी शिक्षाको स्तर खस्किएको साझा निचोड पाइन्छ।

तर, सरकारी विद्यालयका शिक्षक र शिक्षकका पेशागत संस्थाका नेताहरू सार्वजनिक विद्यालयको शिक्षाको स्तर

## सार्वजनिक र निजी स्कूलः श्रेणीगत तुलना



## किसान, गलेगोरु र शिक्षक

**गोरु** किसानका सर्वमान्य पूँजी हुन्। गोरुहरूले काम दिएनन् भने किसानको सर्वस्व जान्छ। कतिपय अवस्थामा किसानहरू गलेगोरुका फन्दामा पर्छन्। जोत्ने अवस्थामा खेतमा लगेर जुवामा नार्नेबित्तिकै थचक्क बसिदिन्छ गलेगोरु। उठिहाल्यो भने पनि काँधिएर राम्ररी नहिँड्ने, ठेली-ठेली हिँडाउनुपर्ने हुन्छ।

यस्तो अवस्थामा किसानहरू निरीह हुन जान्छन्। न गोरु फेर्ने क्षमता राख्छन्। न त्यसबाट काम लिनसक्छन्। यसपालिको एसएलसी नतिजापछि नेपालका अभिभावक, शिक्षा मन्त्रालयका कर्मचारीहरू र सरकारी शिक्षकहरूका बीच ठीक यस्तै सम्बन्ध देखा परेको छ। 📖

ओरालो लाग्दै जानुमा शिक्षकभन्दा बढी शिक्षा मन्त्रालयका अधिकारी र कर्मचारीलाई दोषी ठान्छन्। उनीहरूसँग 'सरकारी शिक्षकले निजी स्कूलका शिक्षकको भन्दा धेरै तलब र सुविधा पाएका छन् तर गुणस्तरीय शिक्षा किन दिनसकेका छैनन्' भन्ने प्रश्न राख्दा लामो तर अस्पष्ट जवाफ आउँछ। तिनको भनाइमा, कक्षामा धेरै छात्रछात्रा हुन्छन् तर भौतिक पूर्वाधारको व्यवस्था हुँदैन। शैक्षिक सामग्रीको पनि अभाव हुन्छ। तलब सुविधाको कमी त छँदैछ। अर्थात् सरकारी विद्यालयमा पर्याप्त स्रोत साधनको व्यवस्था नभएकाले स्तरीय पठनपाठन गर्न नसकिएको र 'राम्रो रिजल्ट' नआएको भनाइ आउँछ शिक्षक र तिनका नेताबाट।

नेपाल शिक्षक युनियनले दुई वर्षयतादेखि अर्थ तथा शिक्षा मन्त्रीसमक्ष शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत लगानी गर्नुपर्ने माग गरिरहेको छ। युनियनले २७ असार २०६८ मा एक्कदम अघि बढेर प्रधानमन्त्री झलनाथ खनाललाई भेटी शिक्षामा कुल बजेटको २५ प्रतिशत लगानी गर्न माग गरेको छ। शिक्षकका पेशागत संस्थाले सरकार समक्ष राखेका मागका अधिकांश बुँदाहरू शिक्षकको तलब-सुविधा वृद्धि, पेशागत हित र शैक्षिक-भौतिक पूर्वाधारमा केन्द्रित देखिन्छन्। स्कूल सुधार, राम्रो पठनपाठन वा गतिलो शैक्षिक उपलब्धि हासिल गर्ने उपायका बारेमा शिक्षक

## स्कूल 'निल', बजेट 'किल'

**आफूभन्दा** कमजोर साथीले अघिल्लो वर्षको एसएलसीमा प्रथम श्रेणी हासिल गरेको देखेकी खोटाङ बाम्राङस्थित सावित्रा माविकी मेनुका राईले एसएलसी परीक्षा सजिलै उत्तीर्ण हुने आश गरेकी थिइन्। हुन पनि गत वर्ष उक्त स्कूलबाट परीक्षा दिने सबै उत्तीर्ण भएका थिए। यसपालिको एसएलसीमा शिक्षकहरूले चिट चोराउन नपाएपछि सबै परीक्षार्थी फेल भए। सावित्रा मावि गत वर्ष २०० दिन खुलेको र १८३ दिन पठनपाठन भएको स्कूलको रेकर्डले देखाउँछ। तर स्कूलले एसएलसीका लागि निर्धारित पाठ्यपुस्तक (कोर्स) समेत पूरा गर्न भ्याएको थिएन। स्नातकोत्तर गरेका शिक्षकले पढाएको आफ्नो स्कूल 'निल' जाँदा लज्जाबोध भएको सावित्रा माविका प्रअ रविध्वज राई बताउँछन्।

खोटाङमा यसपालिको एसएलसीमा 'निल खाने' सावित्रा मावि एक्लो भने होइन। सावित्रा मावि बाम्राङ (२९ जना) सँगै कालिका मावि खार्मी (५८ जना), सरस्वती मावि पाथेका (६५ जना), शारदा मावि हौचुर (४३ जना) र शान्ति मावि टेम्मा (२६ जना) का सबै परीक्षार्थी फेल भए। 'अल्छी शिक्षक र दलीय राजनीतिले पठनपाठन ध्वस्त भएका शिक्षणका कारण यस्तो नतिजा खेप्नु परेको' जिल्ला शिक्षा अधिकारी कृष्णप्रसाद पोखरेलको कथन छ।

यसपटक 'चिटिङ'को प्रकोप घटाई परीक्षालाई मर्यादित बनाउन माविको सट्टा प्रावि शिक्षकलाई जाँचमा परिचालन गरिएको थियो। नियम पालना नगर्नेलाई कडा कारबाहीको चेतावनी समेत दिइएकाले चिटिङ घट्न गई जिल्लाको उत्तीर्ण दर दयनीय हुनपुगेको हो। केही परीक्षार्थी उत्तीर्ण भएका स्कूलको पासदर पनि अत्यन्त न्यून छ। राधिका मावि बाँझेच्यानडाँडाबाट चार प्रतिशत मात्रै उत्तीर्ण भएका छन् भने जालपा उच्च मावि जालपा र जनता मावि सल्लेबाट पाँच प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। खोटाङका ८४ माविबाट यो वर्ष ४,६९० विद्यार्थीले परीक्षा दिएकोमा १,६३४ अर्थात् ३४.८४ प्रतिशत मात्र उत्तीर्ण भएका छन्। यो राष्ट्रिय उत्तीर्ण दरभन्दा २०.६६ प्रतिशत न्यून हो भने अघिल्लो वर्षको खोटाङकै उत्तीर्ण दरभन्दा ३५.८७ प्रतिशत कम।

एसएलसी नतिजा शून्य हासिल गरेका स्कूलमा शिक्षकको तलब भत्ता, छात्रवृत्ति, भवन निर्माण आदि शीर्षकमा ठूलो धनराशी खर्च भएको देखिन्छ। जिशिका खोटाङका अनुसार गत आवमा सावित्रा मावि बाम्राङमा रु.२० लाख ९५ हजार, शान्ति मावि टेम्मामा रु.१४ लाख ४८ हजार, शारदा मावि हौचुरमा रु.१८ लाख ५९ हजार, कालिका मावि खार्मीमा रु.२१ लाख ६९ हजार र सरस्वती मावि पाथेकामा रु.२२ लाख ६६ हजार खर्च भएको थियो।

पाठ्यक्रम अनुसार पढाइ भए/नभएको, शिक्षक नियमित रूपमा स्कूल आए/नआएको र छात्रछात्राले पढे/नपढेको अनुगमन कसैले पनि गर्ने नगरेका कारण सार्वजनिक स्कूल बर्बादीको सिकार भएको देखिन्छ। छोराछोरीलाई पढ्न समय नदिने तर उत्तीर्ण भएको हेर्न चाहने अभिभावकको अपेक्षाको फाइदा उठाउँदै शिक्षकहरूले पढाउनुको साटो चिट चोराएरै आफ्नो दायित्व पूरा गर्न खोज्दा एसएलसी नतिजा यस्तो आएको जिशिअ पोखरेलको ठम्याइ छ।

पूर्वाञ्चलका १,६३६ सरकारी स्कूलमध्ये ३९ विद्यालय यसपालिको एसएलसीमा 'निल' गएका छन्। त्यसमा मोरङका ८, भोजपुरका ६, खोटाङ र सिरहाका ५/५, इलाम र सप्तरीका ४/४, धनकुटा, सुनसरी र झापाका २/२ तथा सोलुखुम्बुको एउटा स्कूल एकजना पनि परीक्षार्थी उत्तीर्ण नगराउनेमा दरिएका छन्। 📖

**सइन्द्र राई**, खोटाङ

र शिक्षकका नेताको ध्यान गएको छैन ।

शिक्षक संस्थाले बेलाबेलामा सरकारलाई बुझाएका माग पत्र केलाउँदा पठनपाठन र शैक्षिक उपलब्धिमा सुधार ल्याउने नेपाली मानक नै शिक्षक र शिक्षामा लगानी गर्नु हो जस्तो भान हुन्छ । तर, यथार्थ बेग्लै छ । सरकारले कुल बजेटको १७ प्रतिशत लगानी गर्दा पनि सार्वजनिक विद्यालयको पठनपाठन र शैक्षिक उपलब्धि निराशाजनक छ । सरकारी लगानी नभएका निजी स्कूलको पठनपाठनको स्तर र शैक्षिक उपलब्धिको दाँजोमा सार्वजनिक स्कूलले हासिल गरेका शैक्षिक उपलब्धि लज्जास्पद छ ।

गएको एक दशकमा नेपाल सरकारले शिक्षामा वार्षिक एक प्रतिशतले बजेट बढाउँदै लगेको छ । आर्थिक वर्ष २०५६/५७ मा शिक्षामा सरकारको लगानी कुल बजेटको १३.१७ प्रतिशत मात्र थियो । त्यस वर्ष शिक्षामा १०१७ करोड खर्च भएको देखिन्छ ।

तर, आर्थिक वर्ष २०६७/६८ आउँदासम्म शिक्षामा कुल बजेटको १७.११ प्रतिशत खर्च छुट्याउन थालिएको छ । गएको वर्षको बजेट ५७८३ करोडको हाराहारीमा थियो । यसमध्ये ५००० करोड त शिक्षा मन्त्रालयले सार्वजनिक स्कूलका निम्ति नै खर्च गरेको छ ।

शिक्षा विभागका कार्यक्रम तथा बजेट शाखाका उपनिर्देशक दीपक शर्माका अनुसार ५००० करोडमध्ये ४१०० करोड त सोझै स्कूलको खाता जान्छ । त्यसबाट शिक्षकको तलबमा मात्र वार्षिक ३००० करोड खर्च हुन्छ ।

शिक्षक तलबको ३००० करोडमध्ये प्रावि शिक्षकलाई १८०० करोड, निमावि र मावि शिक्षकको तलबमा ९०० करोड र पीसीएफ शिक्षकका निम्ति १०० करोड खर्च हुन्छ । त्यसबाहेक अवकाश प्राप्त शिक्षकको पेन्सनमा पनि २०० करोड खर्च भइरहेको छ ।

तर, यसपालिको एसएलसी नतिजाले सरकारले सार्वजनिक स्कूल र शिक्षकको तलबमा गरेको लगानीलाई उपहास गरेको छ । एसएलसी परीक्षामा सरकारी स्कूलबाट सफल हुनेको सङ्ख्या भन्दा असफल हुनेको सङ्ख्या बढी छ । सरकारी स्कूलका आधाभन्दा बढी छात्रछात्रा अनुत्तीर्ण भएका छन् । यसबाट स्पष्ट भएको छ, सरकारी विद्यालयले लगानीको आधा भन्दा कम उपलब्धि दिएका छन् । तर सरकारी लगानी शून्य रहेका निजी स्कूलले भने झण्डै ९० प्रतिशत छात्रछात्रालाई सफल बनाएर सरकारी स्कूललाई व्यङ्ग्य गरेका छन् ।

२०६७ सालको एसएलसी परीक्षामा नियमिततर्फका सरकारी र निजी स्कूलका गरी ३ लाख ९७ हजार ७५९ छात्रछात्रा सामेल थिए । तीमध्ये २ लाख २० हजार ७६६ अर्थात्

# मिहिनेती शिक्षकः राम्रो नतिजा

**यसपालिको** एसएलसीमा सार्वजनिक स्कूलबाट शतप्रतिशत छात्रछात्रा उत्तीर्ण गराएर रुपन्देहीको बहिरा बाल उमावि जिल्लाको एकनम्बर सरकारी स्कूलमा दरिन पुगेको छ । कान नसुन्ने र बोल्न नसक्ने छात्रछात्रा अध्ययन गर्ने उक्त विद्यालयबाट एसएलसीमा सहभागी ७ मध्ये ६ जना प्रथम र एक जना द्वितीय श्रेणीमा उत्तीर्ण भए । उक्त स्कूलका कान नसुन्ने जितेन्द्र खौसियाले ७३ प्रतिशत हासिल गरेर सबैलाई चकित पारेका छन् ।

यस्तो सफलतामा शिक्षकको मिहिनेत र परिश्रमले काम गरेको प्राचार्य बालकुमारी गुरुङको भनाइ छ । हुन पनि शिक्षकहरूले स्कूल बन्द भएमा वा अरू कारणले विद्यार्थीहरू स्कूल आउन नसकेमा आफ्नै घरमै बोलाएर पढाउने गरेका छन् । सामान्यतया अरू स्कूलमा शुक्रबार आधा दिन मात्र पढाइ हुन्छ । तर, यो स्कूलमा शुक्रबार पनि पूरै कक्षा सञ्चालन हुन्छ ।

गएको एसएलसीमा रुपन्देहीको नवीन औद्योगिक कदर बहादुर रिता माविले दोस्रो स्थान हासिल गरेको छ । त्यहाँका ३७ परीक्षार्थीमध्ये एक जना विशिष्ट, २३ जना प्रथम र ११ जना द्वितीयमा उत्तीर्ण भएका छन् । प्राचार्य प्रेमबहादुर बस्नेत भन्छन्, "शिक्षकको टिम स्पिरिटले गर्दा विद्यालयले राम्रो स्थान हासिल गरेको हो ।" शिक्षक नियुक्तिदेखि नै प्रतिस्पर्धा अपनाउने गरिएकाले स्कूलको गुणस्तर राम्रो आएको उनी बताउँछन् ।

त्यसो त, विद्यालयले गुणस्तर कायम गर्नका लागि निजी विद्यालयमा जस्तै पढाइमा कडाइ गरेको छ । विद्यालयमा भर्ना लिनका लागि आउने विद्यार्थीहरूलाई पूर्व परीक्षा लिएर मात्रै भर्ना लिइन्छ । पूर्व परीक्षामा राम्रो गर्न नसक्ने विद्यार्थी भर्ना हुन पाउँदैनन् । यस वर्ष कक्षा ६ देखि १० सम्म भर्नाका लागि आएका १५० विद्यार्थी फर्केको बस्नेत बताउँछन् । उनी भन्छन्, "पूर्व परीक्षामा असफल हुनेलाई कक्षा घटाएर भर्ना लिने गरिएको छ । त्यसो गर्न नमान्ने फर्कन्छन् ।"

एसएलसीलाई ध्यानमा राखेर कक्षा ६ देखि माथिका छात्रछात्राका निम्ति स्कूलमै निःशुल्क कोचिङ कक्षा चलाउने गरिएको छ । विद्यार्थीले सिके/नसिकेको थाहा पाउन विद्यालयले हरेक महिना परीक्षा लिन्छ । विद्यार्थीले दैनिक रूपमा गृहकार्य गरे/नगरेको रेकर्ड पनि राखिन्छ । छात्रछात्राले गर्ने गृहकार्यमा पनि प्रतिस्पर्धा गराउने गरिएकाले उनीहरूमा प्रतिस्पर्धी भावना बढेको छ । कक्षामा कमजोर देखिएका विद्यार्थीका अभिभावकलाई स्कूलले फोनबाट सुझावसल्लाह दिन्छ ।

एसएलसी दिने विद्यार्थीलाई घरमा पढ्ने वातावरण नभए स्कूलमै अध्ययन गर्ने व्यवस्था मिलाइएको छ । एसएलसीका पुराना प्रश्नमा छात्रछात्रालाई अभ्यास गराउने गरिएको छ । शिक्षकको मिहिनेतले राम्रो नतिजा आएको विव्यस अध्यक्ष कदरबहादुर रायमाझी बताउँछन् ।

तर स्कूलको यस्तो नजिता तुरुन्त आएको होइन । १२ वर्षसम्मको लगातार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बनेका रायमाझीले शुरुमा आफू विद्यालयमा आउँदा मन लाग्दा शिक्षक आउने र मन नलाग्दा शिक्षक नआउने गरेको पाएपछि विद्यालयको गेटमा आफैं बसेर ढिला आउने शिक्षकलाई फर्काएको घटना सुनाए । "शिक्षकको लापरवाही देखेपछि विद्यालयमा गेट बनाउन लगाएँ । एकहप्तासम्म आफैं रजिस्टर लिएर गेटमा बसें । ढिला आउने शिक्षकलाई पठाइदिएँ । अनि शुरु भयो सुधार ।"

**मुकेश पोखरेल**, भैरहवा



**"शिक्षा मन्त्रालयले गर्दा सरकारी स्कूलको यस्तो नतिजा आएको हो । शिक्षकले २२० दिन पढाउँछु भनेका छन् तर मन्त्रालयले पढाउन दिएको छैन ।"**

**दिलबहादुर जोशी**, अध्यक्ष
नेपाल शिक्षक युनियन

**"स्कूलमा शिक्षा सचिव र जिल्ला शिक्षा अधिकारीले त पढाउने होइन नि, पढाउने जिम्मेवारी त शिक्षकको हो । एसएलसीको नतिजा निराशाजनक आउनुमा शिक्षक बढी जिम्मेवार छन् ।"**

**शङ्करप्रसाद पाण्डे**, सचिव
शिक्षा मन्त्रालय

५५.५ प्रतिशत उत्तीर्ण भए । यसबाट निजी स्कूलका छात्रछात्राको नतिजालाई अलग गर्ने हो भने सरकारी स्कूलको उत्तीर्ण दर ४६.६ प्रतिशतमा खुम्चिन आउँछ । निजी स्कूलले भने ८९.५ प्रतिशत उत्तीर्ण गराएका छन् ।

समग्रमा नियमित समूहबाट एसएलसी असफल हुनेहरू नै ४२.७ प्रतिशत छन् । तर सार्वजनिक स्कूलका छात्रछात्राको असफलताको बिन्दु ५१.५ प्रतिशत पुगेको छ । निजी स्कूलका तर्फबाट एसएलसीमा सामेल भएर असफल हुनेहरू ९.४ प्रतिशत मात्र छन् ।

एसएलसीमा विद्यार्थी फेल हुँदा विद्यार्थी र अभिभावकको मात्र होइन, सरकारको कमजोरी पनि देखिन्छ । सरकारले प्रति वर्ष एकजना विद्यार्थीका लागि रु.८,१७० लगानी गर्दछ । एसएलसी परीक्षामा सामेल हुने अवधिसम्म यस लगानीको १० गुणा खर्च हुन्छ । यस हिसाबले हेर्ने हो भने, यस वर्ष मात्र सार्वजनिक विद्यालयबाट एसएलसी अनुत्तीर्ण भएका १ लाख ५८ हजार ३८० छात्रछात्राका निम्ति सरकारको १२९ करोड खेर गएको छ । यसमा अभिभावकको लगानी जोड्ने हो भने अरू कहालीलाग्दो अवस्था देखिन्छ ।

स्कूल चलाएबापत कर तिर्दै आएका निजी विद्यालयले राम्रो नतिजा दिनु तर बर्सेनि सरकारी लगानी बढ्दै गएका सार्वजनिक विद्यालयको एसएलसी नतिजा निराशाजनक हुनु शुभ सङ्केत होइन । यस्तो सङ्केतले सार्वजनिक शिक्षाप्रतिको जनविश्वास र आकर्षणलाई माटोमा मिलाइदिन्छ ।

तथापि यो दुर्दशाप्रति सरकार, शिक्षा अधिकारी, शिक्षण संस्था, शिक्षकका पेशगत संघ-सङ्गठन अनि सार्वजनिक स्कूलका शिक्षकहरूले कुनै पनि किसिमको चिन्ता र चासो प्रकट नगर्नु दुर्भाग्यपूर्ण छ ।

नेपाल शिक्षक युनियनका अध्यक्ष दिलबहादुर जोशी एसएलसीमा सरकारी विद्यालयको नतिजा नाजुक हुनुमा शिक्षा मन्त्रालयका पदाधिकारीलाई जिम्मेवार देख्छन् । उनी भन्छन्, "शिक्षा मन्त्रालयले गर्दा सरकारी स्कूलको यस्तो नतिजा आएको हो । शिक्षकले २२० दिन पढाउँछु भनेका छन् तर मन्त्रालयले पढाउन दिएको छैन । अहिले आएर हामीलाई मात्र दोष दिएर मन्त्रालय भाग्न पाउँछ?" जोशी भन्छन्, "शिक्षाको बजेटबाट शिक्षकले मात्र होइन कर्मचारीले पनि तलब खान्छन् । सरकारी स्कूलको बर्बादीमा उनीहरू बढी दोषी छन् ।" जोशीले शिक्षक र छात्रछात्रालाई दल र सरकारले विभिन्न कार्यक्रममा सहभागी गराएका कारण शिक्षकले नियमित रूपमा कक्षा लिन नपाएको गुनासो गरे ।

तर, शिक्षा सचिव शङ्करप्रसाद पाण्डे चाहिँ कक्षामा राम्रो नपढाइ राम्रो नजिता आशा गर्न सकिँदैन भन्छन् । उनले भने, "स्कूलमा शिक्षा सचिव र जिल्ला शिक्षा अधिकारीले त पढाउने होइन नि, पढाउने जिम्मेवारी त शिक्षकको हो ।" उनले भने सरकारी स्कूलको नतिजा निराशाजनक आउनुमा शिक्षक बढी जिम्मेवार छन् ।

सरकारी शिक्षाको गुणस्तर खस्कनुमा एउटा कारण मात्र जिम्मेवार छैन । सरकारले नीतिगत रूपमा सबै अधिकार विद्यालयलाई दिएर आफूलाई शिक्षाको जिम्मेवारीबाट अलग राखेको छ । सचिव पाण्डे भन्छन्, "मैले नपढाउने वा गैरजिम्मेवार शिक्षकलाई कुनै कारबाही गर्न सक्दिनँ । सरुवा गर्न पनि सक्दिनँ । स्रोतव्यक्ति पनि शिक्षककै चुनावबाट आउँछन्, उसले अनुगमन नै गर्दैन । अनि कसरी सुधार हुन्छ सरकारी स्कूलको शिक्षा ?" पाण्डेको गुनासो छ, "म बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म काम गर्छु, तर तलब खाएर नपढाउने शिक्षक चाहिँ शिक्षकका नेता भएका छन् । हामीले टुलुटुलु हेर्नुपर्छ ।"

एसएलसी बिग्रनुमा शिक्षक र सरकारबीच हुने गैरजिम्मेवार आरोप-प्रत्यारोपको शृङ्खलाले मात्र अहिलेको बर्बादीलाई पूर्ति गर्न सक्दैन । सार्वजनिक स्कूलमा शैक्षणिक र भौतिक स्तर बढाउन शिक्षक समुदाय र शिक्षा मन्त्रालयले संयुक्त जिम्मेवारी लिनुपर्छ ।

सरकारले तोकेका पाठ्यक्रम अनुसार कक्षामा शिक्षण गर्ने र नतिजा वृद्धि गराउने काम अरू कसैको नभएर शिक्षकहरूकै हो । यो जिम्मेवारीबाट कुनै पनि बहानामा शिक्षकहरू भाग्न पाउँदैनन् । तिनले पाउने तलबको स्रोत अभिभावकले सरकारलाई तिरेको कर हो । उनीहरू मन्त्रालयप्रति भन्दा पनि अभिभावकहरूप्रति जिम्मेवार हुनुपर्छ । यो प्रस्ट छ, शिक्षकले कक्षामा स्तरीय ढङ्गले नपढाएसम्म अरूले जे गरे पनि एसएलसी उपलब्धि बढाउन सम्भव छैन ।

# पहिला 'निल', अहिले सफल

**१६ असार** २०६८, मध्यान्ह १२ बजे । आदर्श विद्या मन्दिर घैलाडुब्बा झापामा तेस्रो घण्टी लागेको थियो । १० कक्षामा तेस्रो पिरियडमा अरू दिन स्वास्थ्य, जनसङ्ख्या र वातावरण विषयको कक्षा हुन्छ । तर, विषय शिक्षक बिदामा बसेकाले कक्षा खाली हुन नदिन सो दिन शिक्षक नरहरि नेउपाने अङ्ग्रेजी पढाइरहेका छन् ।

यसपालिको एसएलसीमा आदर्शले ९७ वटा सार्वजनिक माविलाई उछिन्दै ९० प्रतिशत छात्रछात्रा उत्तीर्ण गराएर झापामा प्रथम स्थान हासिल गरेको छ । यस्तो सफलताले शिक्षक र विद्यार्थीमा पठनपाठनप्रति जाँगर जगाएको छ । यो विद्यालयका एसएलसीमा सहभागी ६१ मध्ये ५५ जना उत्तीर्ण भए । तीमध्ये प्रथम श्रेणीमा ८, दोस्रोमा ४२ र तेस्रो श्रेणी हासिल गर्ने ४ जना छन् । अङ्ग्रेजी विषयमा भने ९९ प्रतिशत सफल भएका छन् ।

अङ्ग्रेजी शिक्षक नरहरि नेउपाने आउँदो एसएलसीमा कसरी शतप्रतिशत विद्यार्थी पास गराउने भन्ने ध्याउन्नमा छन् । यसका लागि उनी खाली कक्षामा पसिहाल्छन् अङ्ग्रेजी सिकाउन । नेउपानेले दुई वर्षदेखि कक्षा १० मा अङ्ग्रेजीको नियमित पाठ्यपुस्तक बाहेक 'इङ्गलिस प्राक्टिस बुक फर एसएलसी' भन्ने पुस्तक पनि पढाउँदै आएका छन् ।

गणित विषयको पढाइ पनि यो स्कूलमा अन्यत्रभन्दा बेग्लै किसिमले हुन्छ । विद्यार्थीहरूलाई समूहमा कक्षा कार्य गर्न लगाउने, कक्षा ८ को पढाइ शुरु भएकै दिन विद्यार्थीहरूलाई एसएलसी परीक्षाको बारेमा अभिमुखीकरण गर्ने, हरेक बिहान ८ देखि १० बजेसम्म निःशुल्क कोचिङ पढाउने, राम्रा विद्यार्थीलाई कक्षाकोठामा छरेर राख्ने, हिसाबका सूत्र अनुसार समस्या समाधान गर्न लगाउने विधि गणित शिक्षणमा अपनाइएको गणित शिक्षक शैलेन्द्रलाल कर्ण बताउँछन् ।

जान्ने विद्यार्थीलाई कक्षामा छरेर राख्दा कमजोरले उनीहरूसँग धेरै कुरा सिक्ने अवसर पाउने गरेका छन् । कक्षा ८ बाट प्रथम भएर १० मा पुगेका कृष्ण उप्रेती असार १२ को गणितको कक्षामा पछिल्लो बेन्चमा बसेका थिए । उप्रेतीले भने, "म पछाडि बसिदिँदा कमजोर साथीले अघिल्लो बेन्चमा बसेर सिक्ने मौका पाउँछ । त्यस्तै पछाडिको बेन्चमा बसेका साथीले मबाट केही सिक्ने गरेका छन् ।" यस्तो अभ्यासले कक्षामा हुने हल्ला पनि कम गरेको अनुभव शिक्षकहरूको छ ।

उक्त स्कूलले २०६२ सालको एसएलसीमा निल खाएको थियो । त्यसपछि शिक्षा कार्यालयले स्पष्टीकरण लियो, अभिभावक र विद्यार्थी दुवैले शिक्षकलाई गाली गरे । त्यसपछि आफ्नो कामको समीक्षा गर्नेतिर शिक्षकहरू लागे । समयमा कोर्स नसकिने, शिक्षकहरू अनियमित उपस्थित नहुने र बारम्बार विद्यालय बन्द हुने आदि कारणले सबै विद्यार्थी फेल भएको निचोडमा पुगे शिक्षकहरू । प्राचार्य धर्मानन्द गौतम भन्छन्, "यो घटनापछि पठनपाठनलाई नयाँ ढङ्गले अघि बढायौं ।"

एसएलसीमा पाएको ठक्करबाट पाठ सिकेर आदर्शका शिक्षकले आफ्नो शिक्षण शैली बदले । यसबाट स्थिति सुधार हुन थाल्यो । कक्षा १० का विद्यार्थी दुई दिन विद्यालय आएनन् भने प्रअले सोधीखोजी गर्न थालेपछि छात्रछात्राको नियमितता पनि बढ्यो । शिक्षकले अभिभावकसँग उनीहरूका छोराछोरीको पढाइबारे चासो राख्न थाले । "सुन्दा सामान्य लागे पनि यी सबै विद्यार्थीको पढाइ सुधार्ने र मनोबल बढाउने मनोवैज्ञानिक तत्वहरू रहेछन्", प्राचार्य गौतमले थपे ।

## प्रगतिको चमत्कारिक प्रगति

झापाबाटै यसपालिको एसएलसीमा ८९.८९ प्रतिशत ल्याएको प्रगति उच्च मावि जुरोपानीका शिक्षक र विद्यार्थीको जाँगर पनि बढेको छ । यो विद्यालयबाट २०६२ सालमा १९ प्रतिशत मात्र विद्यार्थी एसएलसीमा उत्तीर्ण भएका थिए । अहिलेका प्रअ मदनकुमार मिश्र २०६२ सालमै नियुक्त भएका हुन् । त्यतिबेला मिश्रका सामु एसएलसी सुधार गर्ने चुनौती थियो । उनले प्रअ भएपछि शिक्षकहरूले अनिवार्य रूपमा पाठयोजना बनाउने, पढाउने र पढाउनुपर्ने कुरा डायरीमा नियमित रूपमा टिपोट गर्ने, विद्यालयमा अनुशासन कायम गर्ने, भौतिक पूर्वाधारलाई भन्दा पढाइको गुणस्तरलाई प्राथमिकता दिने नियम लागू गरे । उनको प्रयासले एक वर्षमै सार्थक रुप लियो । २०६२ को एसएलसीमा १९ प्रतिशत मात्र छात्रछात्रा उत्तीर्ण गराएको उक्त स्कूलले २०६३ मा ७३ प्रतिशत नतिजा हासिल गऱ्यो । एसएलसीमा सामेल ९९ जना विद्यार्थीमध्ये ८९ जना पास भए । उत्तीर्णमध्ये पनि २ जनाले विशिष्ट, २५ जनाले प्रथम, ६१ जनाले द्वितीय र १ जना तृतीय श्रेणी हासिल गरेका थिए ।

प्रगति उमाविबाट यो वर्षको एसएलसीमा विज्ञान विषयमा शतप्रतिशत छात्रछात्रा सफल भएका छन् । यस्तो सफलताका निम्ति विज्ञान शिक्षक लक्ष्मीप्रसाद सिग्देल बधाईका पात्र भएका छन् । सबै विद्यार्थी पास गराउन सक्नुको मुख्य कारण उनी समयमै कोर्स सक्नुलाई मान्छन् । "पाठ्यभार पाँच मात्र भए पनि समयमै कोर्स सक्नु मेरो सबल पक्ष हो । समयमा कोर्स सक्दा दोहोऱ्याउन र एसएलसी मोडल अनुसार अभ्यास गराउने समय पाइँदोरहेछ", सिग्देलले भने । नियमित रूपमा कक्षा कार्य, गृहकार्य दिने र जाँच गर्ने बानीले विद्यार्थीको पढाइप्रति लगाव बढ्ने अनुभव सिग्देलले गरेका छन् ।

प्रगति उमाविले कक्षा १० का सबै अभिभावकको मोबाइल नम्बर फाइल गरेर राखेको छ । विद्यार्थी अनियमित भए मोबाइलबाट अभिभावकलाई अनिवार्य सोधीखोजी गर्ने गरिएको छ । प्रअ मिश्रका अनुसार कक्षा १० लाई अतिरिक्त कक्षाको बन्दोबस्त गरिएको छ । वैशाखदेखि नै बिहान एक घण्टा उनीहरूले विद्यालयको तर्फबाट कोचिङ कक्षा पाउँछन् भने बर्खे बिदामा दैनिक दुई घण्टा पढाउने गरिएको छ । "विद्यालयमा दुई घण्टा पढाए घरमा दुई घण्टा पढ्छन्" मिश्र भन्छन्, "यसो गर्दा बिदाको समयमा पनि कक्षा १० का विद्यार्थीहरूलाई पढाइमा व्यस्त गराउन सकिँदोरहेछ ।"

**टिप्पणी** **एसएलसी**

**गुणराज लोहनी**



# नतिजा खस्किनुमा सबै जिम्मेवार

**एसएलसीको परिणाम सन्तोषजनक नहुनुमा शैक्षिक संरचना, पाठ्यक्रम र पाठ्यपुस्तक, मूल्याङ्कन विधि, शिक्षण विधि, शिक्षकका योग्यता, क्षमता तथा शिक्षक व्यवस्थापन पक्ष समेत समान रूपमा जिम्मेवार देखिन्छन् ।**

६ असारमा सार्वजनिक एसएलसी परीक्षाको परिणामबारे विभिन्न विचार र तर्कहरू बाहिर आउन थालेका छन् । यो क्रम अरू केही साता चलेर विस्तारै हराउँदै जान्छ । अर्को वर्ष पनि एसएलसीको नतिजा सार्वजनिक हुँदा यसरी नै बहस चल्ला । अघिपछि कुनै चासो नदिने अनि बितेपछि चाहिँ 'जा !' भन्ने प्रवृत्ति हाम्रानिम्ति परिचायक जस्तै बनेको छ ।

विद्यालय शिक्षाको अन्तिम मापनको आधार एसएलसीलाई मानिएको छ । तर, एसएलसी उत्तीर्ण भइसक्दा विद्यार्थीले प्राप्त गर्नुपर्ने योग्यता, दक्षता र क्षमता कस्तो हुनुपर्ने हो भन्ने स्पष्ट छैन । विद्यार्थीले एसएलसीमा कुन श्रेणी ल्यायो भन्ने कुराले मात्र महत्त्व राख्ने गरेको छ । उसले के सिक्यो, सिकेको सीपलाई बाँकी जीवनमा कसरी लागू गऱ्यो भन्ने कुराको खोजी गरिँदैन । त्यसैले एसएलसीको परिणामपछि गरिने प्रचारात्मक र निष्कर्षविहीन बहसको कुनै तुक छैन ।

२०६१ सालदेखि बढ्न थालेको एसएलसीको नतिजा २०६५ मा सबैभन्दा बढी ६८.४७ प्रतिशतमा पुगेर फेरि ओरालो लाग्यो । यो वर्ष बढी अनुपातमा घट्यो । नेपालका शिक्षाविद्हरूबाट एसएलसीको परिणाम खस्कनुमा शिक्षक नै बढी दोषी रहेको तर्क र टिप्पणी बाहिर आएका छन् । तिनको भनाइमा, 'सामुदायिक विद्यालयका शिक्षक पढाउँदैनन् । उनीहरू योग्य छैनन् । राजनीति गर्छन् ।'

शिक्षा मन्त्रालयका अधिकारीहरू चाहिँ परीक्षाको कडाइ र चिटिङको नियन्त्रणका कारण एसएलसीको परिणाम घटेको दलिल दिइरहेका छन् । 'चोर्न पाएनन् र बढी फेल भए । यसअघि चोर्न पाउँथे, त्यसैले बढी पास भए' भन्दै गर्दा उत्तीर्ण भएका विद्यार्थीलाई चाहिँ के गर्ने त ? उनीहरूको परिणाममाथि प्रश्नचिन्ह लगाउने ? कि कुनै विधिद्वारा तिनको योग्यता नाप्न पुनः परीक्षण गर्ने ? साँच्चै मिहिनेत गरेर राम्रो अङ्क ल्याउने विद्यार्थीमा पर्न जाने मनोवैज्ञानिक असरप्रति को जिम्मेवार हुने ? शिक्षा मन्त्रालय र मातहतका निकाय तथा त्रिभुवन विश्वविद्यालयमा स्थायी जागिरे भई निजी कलेजहरू खोल्ने र त्यहाँ पढाउने अनि विदेशी दाताको पैसा लिएर गैससमार्फत खोज/अनुसन्धान गर्ने सरकारी अधिकारी र शिक्षाविद्को माथि उल्लिखित संश्लेषण पनि पर्याप्त छैन ।

एसएलसीको नतिजा बिग्रनुमा शिक्षकलाई मात्रै खोट लगाउन मिल्दैन । त्यसका पछाडि अरू कारणहरू पनि छन् । शिक्षकलाई दोषी देखाउनुमा केही सत्यता भए त्यसलाई मनन् गर्न सकिन्छ । तर, शिक्षकमा के कारणले समस्या देखियो पाटोमा पनि गहन अध्ययन गरिनुपर्छ ।

सामुदायिक विद्यालयमा एकै किसिमका शिक्षक छैनन् । एउटै विद्यालयको छानामुनि स्थायी, अस्थायी, राहत, पीसीएफ, निजीस्रोत, महिला परियोजना, बालविकास, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैससबाट अनुदान पाउने जस्ता बहुरङ्गी शिक्षक छन् । तिनले पाउने सुविधा र नियुक्ति प्रक्रिया पनि फरक-फरक छ । महिनाको रु.१,८०० देखि रु.१५,४०० सम्म तलब बुझ्ने शिक्षक छन् । समान योग्यता र समान जिम्मेवारी वहन गर्नेका बीचमा व्याप्त विभेदले शिक्षकहरूमा पारेको मनोवैज्ञानिक असरको प्रभाव शिक्षण क्रियाकलापमा स्वाभाविक रूपमा पर्न जान्छ ।



२०५७ सालमा शिक्षक सेवा आयोगको गठन त भयो, तर यो पनि स्वतन्त्र, अधिकारसम्पन्न र संवैधानिक ढाँचाको छैन । ३५ वर्षदेखि पढाउँदै आएका शिक्षक अहिले पनि अस्थायी नै छन् । केही वर्षदेखि विद्यालय व्यवस्थापन समितिलाई नै शिक्षक नियुक्त गर्ने अधिकार दिइएको छ । त्यो अधिकारको चरम दुरुपयोग भएको छ । राहत अनुदान कोटा वितरणमा अनियमितता गरेको आरोपमा शिक्षा मन्त्री नै निकालिएका छन् । शिक्षक नियुक्तिका निम्ति तोकिएका मापदण्ड पूरा गरिँदैन । राजनीतिक दलको हस्तक्षेपमा विद्यालयमा शिक्षक भर्ती गर्ने काम हुन्छ । स्थायी पदमा योग्य शिक्षक नियुक्ति नहुँदा पठनपाठनमा समस्या पर्ने गरेको छ । शिक्षक स्थायी गर्ने माग गर्दा देशका प्रधानमन्त्री समेत 'विश्व ब्याङ्क, एडीबी वा अरू दातृ निकायले मान्दैनन्' भन्ने तर्क राख्छन् ।

२०६७ को एसएलसीमा सबैभन्दा बढी गणितमा ६४ हजार ५१७ परीक्षार्थी फेल भएका छन् । त्यसपछि अङ्ग्रेजीमा ५२ हजार ७४३ र विज्ञानमा ४० हजार ९१४ जना असफल देखिएका छन् । गत साल अङ्ग्रेजीमा बढी फेल भएका थिए । किन अङ्ग्रेजी, गणित र विज्ञानमा बढी फेल हुन्छन् त ? अब यसको लेखाजोखा गरिनै पर्छ । यदि यी विषयलाई अनिवार्य नबनाइएको भए ९८ प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण हुने रहेछन् भन्ने दृष्टिकोणबाट पनि एसएलसी परीक्षालाई हेरिनुपर्छ ।

अङ्ग्रेजीमा अहिले २५ अङ्कको मौखिक परीक्षा लिइन्छ । त्यसमा बोलाइका लागि १५ र सुनाइका लागि १० अङ्क छुट्याइएको छ । पढाइका लागि ४० र बाँकी लेखाइका लागि छुट्याइएको छ । अङ्ग्रेजीमा चारवटा सिकाइ उपलब्धिमध्ये सबैभन्दा कठिन मानिने लेखाइलाई बढी अङ्क छुट्याइएका कारण यो विषयमा बढी विद्यार्थी फेल हुने गरेका छन् ।

जहाँसम्म विज्ञान र गणितको कुरा छ, ठोस नेपाली पदावलीको अभाव हुनु, शिक्षण विधि परम्परागत हुनु, शिक्षकले नवीन विधिहरू प्रयोग नगर्नु जस्ता कारणले यी दुई विषय विद्यार्थीले राम्ररी बुझ्न सकेका छैनन्, जसले गर्दा बढी फेल भइरहेका छन् । उदाहरणका लागि न्यूटनको 'फस्ट ल अफ मोसन' पढ्दै गर्दा त्यो नियमले विद्यार्थी जीवनमा के असर पार्छ र के उपयोग छ भन्ने बुझ्न पाउँदैन । जसका कारण त्यो नियमसँग सम्बन्धित सूत्र र समस्याप्रति विद्यार्थीको खासै चासो रहँदैन । ठीक त्यसैगरी गणितमा १६ वटा एकाई छन् । ती सबैको व्यावहारिक पक्षबारे विद्यार्थीलाई जानकारी दिइँदैन । विद्यार्थीले गणितलाई हाउगुजीका रूपमा लिने कारण पनि यही हो ।

अर्कोतिर, हाम्रो मूल्याङ्कन पद्धति पनि अव्यावहारिक छ । विद्यार्थीको १० वर्षे सिकाइ प्रक्रियालाई जम्मा २४ घण्टाको परीक्षाबाट कसरी मापन गर्न सकिन्छ ? वास्तवमा यो विद्यार्थीले सिकेको सिकाइको केही अंश मात्र हुन्छ । यो त जुरेलीले समुद्रबाट चुच्चोले पानी उबाए बराबर हो । राम्रो तयारी गरेको विद्यार्थीले कुनै कारणवश परीक्षा बिगार्न पनि सक्छ । त्यस्तै, राम्रो तयारी नगरेको विद्यार्थीले तीन घण्टाको परीक्षामा राम्रो नतिजा निकाल्न पनि सक्छ । के यी दुवैलाई एउटै पद्धतिमा मूल्याङ्कन गर्न मिल्छ ? एसएलसीमा सर्वोत्कृष्ट गरेका धेरै विद्यार्थीलाई कलेज वा विश्वविद्यालयमा अरू विद्यार्थीले पनि उछिनेका छन् । त्यसैले निरन्तर मूल्याङ्कनलाई आधार मान्नु जरुरी छ ।

यसबाट के निचोड निकाल्न सकिन्छ भने एसएलसीको परिणाम सन्तोषजनक नहुनुमा शैक्षिक संरचना, पाठ्यक्रम र पाठ्यपुस्तक, मूल्याङ्कन विधि, शिक्षण विधि, शिक्षकका योग्यता, क्षमता तथा शिक्षक व्यवस्थापन पक्ष समेत समान रूपमा जिम्मेवार देखिन्छन् ।

*(लोहनी अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष हुन् ।)*




व्यक्तित्व **गेहेन्द्रप्रसाद दाहाल**




# सोचाइमा मौलिकता कामको सफलता

**नयाँ–नयाँ सोचाइ र समन्वय गर्ने खुबीका धनी प्राचार्य गेहेन्द्रप्रसाद दाहाल एकपछि अर्को स्कूललाई सफल तुल्याउन लागिपरेका छन् ।**

२०५६ भदौमा सुर्खेतको घुम्रास्थित जनसेवा निम्नमाध्यमिक विद्यालयको व्यवस्थापनले एकैसाथ दुई निर्णय गर्‍यो: गेहेन्द्रप्रसाद दाहाललाई प्रधानाध्यापकमा नियुक्ति गर्ने र तलब खुवाउन नसकिएको कारण देखाएर चार शिक्षकलाई अवकाश दिने । एकातिर प्रस्तावित निमाविलाई मावि बनाउने सपना, अर्कोतिर शिक्षक हटाउने विद्यालय व्यवस्थापनको निर्णय आफैँमा विरोधाभासपूर्ण थियो । त्यसैले भर्खर २८ वर्ष टेकेका दाहालले प्रअको कुर्सीमा बस्नेबित्तिकै व्यवस्थापन समितिबाट चार शिक्षक थमौतीको निर्णय गराए । त्यसको ६ महिनापछि शिक्षा कार्यालयबाट चारवटा शिक्षक दरबन्दी पनि ल्याए ।

विद्यालय प्रशासकको रूपमा दाहालको त्यो पहिलो परीक्षा थियो । त्यही परीक्षाको 'रिजल्ट'ले उनलाई अहिलेसम्म अघि बढ्न प्रेरणा र सफलता दिलाइरहेको छ । आज उनी जिल्लाकै नमुना शिक्षकको रूपमा कहलिएका छन् ।

२०६५ असार ३१ गते घुम्राका बासिन्दा खेतमा रोपाईं छोडेर जिल्ला शिक्षा कार्यालय घेराउमा पुगे । उनीहरूको एकसूत्रीय माग थियो- 'हाम्रो हेडसर फिर्ता गर !' जिशिकाले प्रअ दाहाललाई घुम्राबाट सुर्खेत उपत्यकाकै इत्राम उच्चमाविमा सरुवा गरेपछि उनीहरू शिक्षा कार्यालय घेर्न पुगेका थिए । हुन पनि; दाहालले घुम्रामा चमत्कार नै गरेका थिए । निमाविसमेत नचल्ने अवस्थामा गुज्रिरहेको विद्यालय एक दशकमै जिल्लाको 'क' श्रेणीको उच्चमावि बनेको थियो । फुसको छानोमा चलिरहेको सो विद्यालय भौतिक सम्पत्तिबाट सम्पन्न बनेको थियो । प्रअको जिम्मेवारी सम्हाल्दा विद्यालयको थाप्लोमा रु.१३ हजार ऋण थियो । सरुवा हुँदा उनले नयाँ प्रअलाई रु.१८ लाख नगद सुम्पिए । उनी आफ्नो कामको मूल्याङ्कन गर्दै भन्छन्, "घुम्रा स्कूलको सफलता नै मेरो शिक्षक-जीवनमा सन्तुष्टि लिने आधार हो ।"

घुम्रा स्कूलको सफलताले उनी मात्र सन्तुष्ट भएनन्, जिल्लाको सिङ्गो शिक्षा क्षेत्र नै त्यसबाट प्रभावित भयो । स्थानीयवासी भक्तबहादुर ढकाल जिल्ला शिक्षा अधिकारीको रूपमा सुर्खेत आउँदा इत्राम उच्च माविको अवस्था दयनीय थियो । त्यहाँको अवस्था सुधार्न ढकालले नै दाहाललाई 'कन्भिन्स' गरेर घुम्राबाट सरुवा गरेका थिए ।

तीन वर्षको अवधिमा दाहालले घुम्राको 'रिजल्ट' इत्राममा पनि दोहोर्‍याए । अहिले इत्रामको चोला फेरिएको छ । "मोटो रकम तिरेर उच्चमावि सञ्चालन त गरिएको थियो, तर पढ्ने विद्यार्थी नै थिएनन्", दाहाल त्यतिबेलाको अवस्था सम्झिन्छन्, "अहिले भने विद्यार्थीको भार थेगिनसक्नु छ ।" उनका अनुसार २०६५ मा इत्राममा उच्च मावि तहमा जम्मा ८० जना विद्यार्थी थिए । अहिले शिक्षा, व्यवस्थापन, विज्ञान, कृषि-विज्ञान र मानविकीमा गरी झण्डै ५०० विद्यार्थी अध्ययनरत छन् । उतिबेला भर्नाको लागि एसएलसी पूरकका विद्यार्थी कुर्ने विद्यालय अहिले नियमितमा राम्रो अङ्क ल्याएका र काठमाडौंका निजी विद्यालयमा पढेका विद्यार्थीहरूको समेत आकर्षण बनेको छ । काठमाडौंको एक निजी विद्यालयबाट ८० प्रतिशत अङ्क ल्याएर एसएलसी गरेका किरण खड्का त्यस्तै एक विद्यार्थी हुन् । कृषि-विज्ञानमा १२ कक्षा पढिरहेका किरण भन्छन्, "आफ्नै जिल्लाको राम्रो विद्यालयमा नयाँ विषय पढाइ हुन्छ भनेपछि काठमाडौं छोडेर सुर्खेत आएको हुँ ।"

दाहालको प्रवेशसँगै इत्रामले माध्यमिक तहमा समेत उल्लेखनीय उपलब्धि हासिल गरेको छ । उनी आउनुभन्दा एक वर्षअघि २०६४ को एसएलसीमा २१ प्रतिशत नतिजा हासिल गरेको विद्यालयले पछिल्लो वर्ष ५० प्रतिशत पुर्‍यायो । यसपालि जिल्लाबाट औसत ४० प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा इत्रामले भने ५५ प्रतिशत नतिजा ल्यायो । उक्त विद्यालयका विष्णु चौधरी ८८.६२ प्रतिशत अङ्कसहित जिल्ला प्रथम पनि भए । "हाम्रो स्कूलले तीन वर्ष अवधिमा नयाँ इतिहास बनाएको छ", विद्यालय व्यवस्थापन समिति सदस्य लालमती पन्त भन्छिन्, "यो सबै विद्यालय प्रशासकको नाताले प्राचार्यले गरेको मिहिनेतको फल हो ।"


कलेन्द्र सेजुवाल

दाहालले एसएलसी नतिजा सुधार्न विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गरे। उनले त्यस्ता कक्षाहरूमा आफैं विद्यार्थीको रूपमा बसेर सहजीकरणको काम पनि गरे, जसले विद्यार्थी र शिक्षकबीचको समस्या पहिचान गरी समाधानमूलक शिक्षणनीति बनाउन सघाएको उनको अनुभव छ।

इत्राम उच्च मावि अहिले भौतिक पूर्वाधारका हिसाबले समेत अब्बल छ। यसबीचमा रु.८० लाख लागतमा भूकम्प प्रतिरोधात्मक नयाँ भवन र पर्खाल निर्माण गरिएको छ। शिक्षा विभागको रु.९ लाख सहयोगमा विद्यालयमा मध्यपश्चिमको नमुना विज्ञान-प्रयोगशाला स्थापना भएको छ।

इत्राम उमाविको खातामा अहिले करिब रु.६० लाख बचत छ। आफ्नै मिहिनेतबाट भौतिक र आर्थिक रूपमा सम्पन्न तुल्याएको उमाविको भावी लक्ष्यबारे प्राचार्य दाहाल भन्छन्, "अब विद्यालयलाई सबै दृष्टिले यस क्षेत्रकै नमुना बनाउने ध्येय छ।"

नेपालका प्रायः सरकारी विद्यालयका शिक्षकहरूले चौमासिक रूपमा तलब बुझ्छन्। इत्राम उच्च माविमा भने महिना पुग्नेबित्तिकै शिक्षक-कर्मचारीहरूको हातमा तलब पर्छ। बजेट पारित होस्/नहोस् वा जिशिकाले विद्यालयको खातामा तलब पठाओस्/नपठाओस्, यसले इत्राम उमाविलाई फरक पार्दैन।

प्राचार्य दाहालको सफलताको सूत्र चाहिँ के हो त? उनको सटिक जवाफ छ, "कर्तव्यप्रति एकाग्र, नवीनतम सोच, समन्वयकारी भूमिका र अर्काको अस्तित्वको सम्मान-यति भए पुग्छ।" विद्यालयमा भोलि गर्ने कामको योजना उनी अघिल्लो साँझ नै बनाइसक्छन्।

नवीनतम सोच निर्माण गर्न सक्नु दाहालको सफलताको अर्को पक्ष हो। घुस्रा उच्च माविमा रहँदा उनले जिल्लामै पहिलोपटक पत्रकारिता विषयको पढाइ शुरु गरे। त्यसले बजारदेखि टाढा भए पनि घुस्रामा विद्यार्थीको आकर्षण बढ्यो। इत्राममा आउनेबित्तिकै उनले ग्रामीण विकास र कृषि-विज्ञान जस्ता नयाँ विषय भित्र्याए। समाज र विद्यार्थीको चाहना पहिचान गरी त्यसलाई पूरा गर्न सकेमा मात्र शिक्षामा गरिएको लगानी फलदायी हुने उनको विश्वास छ।

आफूले बनाएको योजनामा विद्यालय व्यवस्थापन समिति र अन्य सहकर्मीको समेत दृष्टिकोण मिसाएर अघि बढ्न सक्नु प्राचार्य दाहालको विशेष खुबी हो। इत्राममा प्रत्येक महिनाको अन्तिम दिन शिक्षक र महिनाको पहिलो शनिबार व्यवस्थापन समितिको बैठक बस्छ। त्यसबीचमा कार्यालय सहयोगी र अन्य कर्मचारीको बैठक बस्छ। दाहाल तीनवटै बैठकमा सहभागी हुन्छन्। र, सबै तहमा देखिएका समस्याहरूको पहिचान गरी समाधानको पहल गर्छन्। विद्यालयको आर्थिक, भौतिक र शैक्षिक अवस्था सुधारमा व्यवस्थापन समिति अध्यक्ष श्रीधर पौड्यालको सहयोगलाई उनी बिर्सिन मान्दैनन्। "एक सफल विद्यालय निर्माणमा विद्यालय व्यवस्थापक र प्रशासकको सहकार्य अत्यन्त जरुरी छ", उनी अनुभव सुनाउँछन्।

अन्य शिक्षकहरूलाई जिम्मेवार बनाउन र उनीहरूको योग्यताको सम्मान गर्न हरेकजसो शिक्षकलाई उनले लिखित रूपमै अधिकार सुम्पिएका छन्। शिक्षा विभाग प्रमुखदेखि कक्षागत र सेक्सनगत संयोजक तोकिएका छन्। उच्च माविका प्रत्येक सङ्कायबाट छात्रछात्रा पर्ने गरी 'स्वच्छ शैक्षिक वातावरण निर्माण समिति' गठन गरिएको छ। यसले सबैलाई आ-आफ्नो जिम्मेवारीप्रति वफादार गराउने शिक्षण विभागप्रमुख यदु ज्ञवाली बताउँछन्।

सन् २००५ मा नेपाल जेसिजको राष्ट्रिय अध्यक्ष भएपछि धेरैले अनुमान गरे, अब गेहेन्द्र काठमाडौंमै बस्छन्। उनलाई काठमाडौंमै बस्ने 'अफर' नआएको पनि होइन। "काठमाडौंका एक प्रतिष्ठित मित्रले मासिक रु.८० हजार तलबसहित निजी स्कूलमा जागिरको प्रस्ताव राख्नुभएको थियो", उनी सम्झिन्छन्, "तर मैले आफ्नो धरातल बिर्सिन चाहिनँ।"

उनी बुबा कृष्णप्रसादको शैक्षिक विरासतले आफूलाई सुर्खेतमै तानेको ठान्छन्: "मेरो बुबाले शिक्षक भएर कमाएको ख्यातिकै कारण म शिक्षक बनेँ र काठमाडौंको सम्पन्नता छाडेर सुर्खेत फर्किएँ।" अहिले पनि सुर्खेतको एक विद्यालयमा प्रधानाध्यापक रहेका बुबा कृष्णप्रसादलाई नै गेहेन्द्र आफ्नो आदर्श मान्छन्।

इत्राम उच्च माविमा सिसी क्यामेरा जडान गरिएको छ। यो उपलब्धिमा उनी जेसिज अध्यक्ष हुँदाको अवसरलाई श्रेय दिन्छन्। युरोप भ्रमणमा देखेको प्रविधिलाई उनले पाँच वर्षपछि नेपालमा राजधानीदेखि टाढाको एक सरकारी विद्यालयमा भित्र्याए। "जेसिजको अध्यक्ष भएर पाएको उपलब्धिलाई शिक्षाक्षेत्रमा लगानी गर्नु सन्तुष्टिको अर्को आधार हो" उनले भने। सिसी क्यामेराले स्वच्छ शैक्षिक वातावरण निर्माणमा टेवा पुऱ्याउने उनको ठम्याइ छ।

"विद्यालय मन्दिर हो, सकिन्छ द्रव्य-फूल चढाऔं, सकिँदैन मन चढाऔँ", गेहेन्द्र सरको मन्त्र हो यो। विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकले यहीअनुसार आचरण गरे शैक्षिक विकासमा टेवा पुग्ने उनको विश्वास छ।

**कलेन्द्र सेजुवाल**

संवाद



# गणितः यसरी आउँछ १०० मा १००

**तनहूँको दुलेगौंडास्थित ब्राइटफ्युचर उमाविबाट २०६७ को एसएलसी परीक्षामा सम्मिलित ६३ परीक्षार्थीमध्ये ३८ जना विशिष्ट र बाँकी प्रथम श्रेणीमा उत्तीर्ण भए। उत्तीर्णमध्ये १५ जनाले गणितमा पूर्णाङ्क (१०० मा १००) नै प्राप्त गरे। बाँकी ४८ जनाले पनि गणितमा ८० भन्दा माथिको अङ्क ल्याएका छन्। यही उत्कृष्ट नतिजा र शिक्षण शैलीमा केन्द्रित रहेर उक्त स्कूलका गणित शिक्षक *नेत्रराज अधिकारी* सँग *शिक्षक* ले गरेको संवादः**

**तपाईंले कहाँ पढ्नुभयो ?**

म २०२८ सालमा तनहूँको खैरेनीटारमा जन्मिएको हुँ। त्यहींकै अमरज्योति प्रावि, रत्न माविहुँदै २०४५ सालमा खैरेनी माविबाट एसएलसी उत्तीर्ण गरेँ। दमौलीको आदिकवि भानुभक्त क्याम्पसबाट आई.ए. र पृथ्वीनारायण क्याम्पस, पोखराबाट गणित र अर्थशास्त्र विषय लिएर बी.ए. उत्तीर्ण गरेँ। अहिले अर्थशास्त्रमा एम.ए. गर्दैछु। २०५२ सालदेखि यही स्कूलमा पढाइरहेको छु।

**कति कक्षालाई कुन-कुन विषय पढाउनुहुन्छ ?**

कक्षा एक-दुईदेखि नै पढाउन शुरु गरेको हुँ। २०५६ सालयता चाहिँ कक्षा ९ र १० लाई अनिवार्य गणित र अतिरिक्त गणित पढाउँदैछु।

**तपाईंका विद्यार्थीले एसएलसीमा गणितमा १०० मा १०० चाहिँ कसरी ल्याउन सके ?**

शिक्षक, विद्यार्थी र विद्यालय प्रशासनको राम्रो समन्वय भएकै कारणले यस्तो नतिजा सम्भव भएको हो। शिक्षक मात्रै सक्रिय र अरू निष्क्रिय भएर हुँदैन। विद्यार्थी राम्रा छन्, तर शिक्षक र स्कूलको वातावरण गतिलो छैन भने पनि सफल हुन सकिँदैन। तर हामीकहाँ तीन वटै पक्ष अनुकूल छन्। म नियमित विद्यालय आउँछु, विद्यार्थी पनि नियमित आउँछन् र विद्यालय प्रशासनले पनि नियमित पठनपाठनका लागि सहज वातावरण बनाइदिएको छ।

**गणितमा यसअघिको परिणाम कस्तो थियो ?**

मैले २०५६ सालमा माध्यमिक तहमा पढाउन शुरु गरेयता अधिकांश विद्यार्थीले एसएलसीमा गणितमा ८० कटाएका छन्। फेल त एक जना पनि भएकै छैनन्, थोरै ल्याउनेको पनि ६७ छ। अतिरिक्त गणितमा चाहिँ अझ त्योभन्दा पनि माथि छ। २०६० सालको एसएलसीमा यहाँका २७ विद्यार्थीले गणितमा ९८ अङ्क ल्याएका थिए। जिशिकाले मलाई तीनपटक 'उत्कृष्ट गणित शिक्षक'को पुरस्कार दिइसकेको छ।

**विद्यार्थीले गणितलाई गाह्रो विषय ठान्छन्। तपाईंले चाहिँ उनीहरूलाई सजिलो हुने गरी कसरी सिकाउनुहुन्छ ?**

कुनै पनि पाठ शुरु गर्नुभन्दा अगाडि म विद्यार्थीलाई सूत्रको अवधारणा सिकाउँछु। त्यसपछि अभ्यास गराउँछु। अभ्यासका क्रममा विद्यार्थीलाई नै सक्रिय बनाउने प्रयास गर्छु। बोर्डमा आफूले कुनै अभ्यासको एकचरण लेखेपछि 'यसपछि के हुन्छ?' भनेर विद्यार्थीलाई पालैपालो भन्न र बोर्डमै लेख्न पनि लगाउँछु। कापीमा लेख्न लगाउँदा एकअर्काको सार्न सक्छन्, तर बोर्डमा त्यो सम्भव हुँदैन। यसरी अभ्यास गराउँदा शिक्षकले आफूलाई पनि बोर्डमा लेख्न लगाउन सक्छ भनेर हरेक विद्यार्थी चनाखो हुन्छन् र सिक्ने कोशिश पनि गर्छन्।

घरमा पनि कम्तीमा एक घण्टा गणितको अभ्यास गर्न विद्यार्थीलाई भन्ने गरेको छु। त्यसका लागि दैनिक १० वटा समस्या समेटेर गृहकार्य दिन्छु। विद्यार्थीको गृहकार्य नियमित 'चेक' गर्छु र कमजोर देखिएकालाई पुनः सिकाएर अभ्यास गराउँछु। विद्यार्थीलाई नै अभ्यास नगराई गणित सिकाउन सकिँदैन। तुलनात्मक रूपमा कमजोर देखिएका विद्यार्थीलाई सिपालु साथीसँग सिक्नलाई पनि उत्तिकै प्रेरित गर्छु। सामान्यतया दशैंसम्ममा मैले गणितको कोर्स सकिसकेको हुन्छु। कोर्स

सकेपछि अर्को एक पिरियड कोचिङ कक्षा थप्छु र उनीहरूलाई विभिन्न प्रश्नपत्रका 'सेट' र सङ्ग्रहबाट अरु बढी अभ्यास गराउँछु। हामीकहाँ गणितमा ८० भन्दा तल झर्न नदिने 'टार्गेट' राखेरै अभ्यास गराइन्छ। तर, विद्यार्थीले गेसपेपर र गाइडको प्रयोग गर्न पाउँदैनन्।

**कुन चाहिँ गणितलाई विद्यार्थीले बढी गाह्रो मान्ने गर्छन् ?**

तुलनात्मक रूपमा अलि कमजोर विद्यार्थीले अङ्कगणितको 'समय र कार्य' लाई गाह्रो महसुस गर्छन्। त्यसमा कुनै सूत्रको प्रयोग हुँदैन। यसका हरेक समस्या भिन्न-भिन्न किसिमका हुन्छन्, एकअर्कासँग मिल्दैनन्। यो पाठलाई गाउँघरमै हुने दैनिक कामका उदाहरण दिएर पढाउने गर्छु।

**बीजगणितका सूत्रको अवधारणा चाहिँ कसरी बुझाउनुहुन्छ ? कि घोकाउनुहुन्छ ?**

सूत्रलाई शुरुमा प्रमाणित गरेरै त्यसको अवधारणा बुझाउँछु। $(a-b)^2 = a^2-2ab+b^2$ हुन्छ भनेर सीधै भन्दिनँ। $(a-b)$ लाई $(a-b)$ ले गुणन गरेर $a^2-2ab+b^2$ आएको हो र यसैलाई सूत्रको रुप दिइएको हो भनेर बुझाउन सकिन्छ। त्यस्तै, सतहको क्षेत्रफलको बारेमा सिकाउनुपर्दा कक्षाकोठालाई नै उदाहरणका रूपमा देखाउँछु। कोठाकै लम्बाइ, चौडाइ र उचाइलाई आधार मानेर क्षेत्रफल निकाल्न सकिन्छ। केही अति नै कमजोर विद्यार्थीलाई चाहिँ सूत्रहरू घोकाउनै पर्ने पनि हुन्छ।

**ज्यामितिका साध्यहरू चाहिँ कसरी सिकाउनुहुन्छ ? घोकाउनु त हुन्न ?**

शुरुमा ज्यामितिका आधारभूत अवधारणा सिकाउँछु। हरेक साध्य ज्यामितिका आधारभूत ज्ञानसँगै जोडिएका हुन्छन्। विद्यार्थीले त्यो ज्ञान पाएपछि उनीहरूले सजिलैसँग हरेक साध्य प्रमाणित गर्न सक्छन्। घोकाउनुपर्दैन।

**तल्लो कक्षादेखि नै गणितको अवधारणा बुझ्दै आएका विद्यार्थीले मात्र माथिल्लो कक्षामा गणित बुझ्न सक्छन्। तपाईंको विद्यालयका तल्ला कक्षाहरूमा गणितको सिकाइ कस्तो छ ?**

हाम्रो स्कूलमा तल्लो तहदेखि नै गणितको जग राम्रो छ। त्यसैले एसएलसीमा प्राप्त सफलताको जस अरू शिक्षकलाई पनि जान्छ। फरक यति हो, कक्षा ९ र १० मा बढी अभ्यास गराइन्छ।

**अरू गणित शिक्षकभन्दा तपाईं कुन अर्थमा भिन्न हुनुहुन्छ ?**

नजिकैका केही स्कूलमा गणितलाई तीन पिरियड दिएर अभ्यास गराइएको समेत पाइन्छ। तर त्यहाँको नतिजा हाम्रो स्कूलको जस्तो छैन। बरु फेल पनि भएको सुनिन्छ। त्यसैले धेरै समय लगाएर र शिक्षकले बोर्डमा लेखिदिएर मात्रै हुँदैन। शिक्षक सिपालु भएर मात्रै पनि हुँदैन, उसले विद्यार्थीलाई बुझाउन सक्ने पर्छ। गणित जति धेरै अभ्यास गर्‍यो उति बढी जानिने विषय हो। विद्यार्थीलाई नै बढी अभ्यास गराउनुपर्छ, जुन काम मैले गर्ने गरेको छु।

**तपाईं विद्यार्थीलाई अलि कडाइ गर्नुहुन्छ भन्ने सुनिन्छ। कतै तपाईंको डरले विद्यार्थीमा रट्ने बानी बसेको त छैन ?**

कडा भनेर मैले विद्यार्थीलाई पिट्ने गरेको छैन। टेरेनन् भने केहीबेर कक्षाबाट बाहिरसम्म पठाइदिन्छु। बढी अभ्यास गराउने बानीले गर्दा होला मप्रति अलि सजग चाहिँ हुन्छन्। तर, तर्साएर रटाउने काम चाहिँ गर्दिनँ, किनकि गणित घोकेर जानिने विषय नै होइन।

**शिक्षण तालिम लिनुभएको छ कि छैन ?**

त्यस्तो अवसर नै पाएको छैन। निजी स्कूलका शिक्षकलाई सरकारी शिक्षकको जस्तो तालिमको अवसर पनि आउँदैन। अहिलेकै विधिबाट विद्यार्थी सफल भएका छन्। त्यसैले तालिमको आवश्यकता पनि महसुस भएको छैन।

**निजीको तुलनामा सरकारी विद्यालयका विद्यार्थी गणितमा बढी फेल हुन्छन्। किन यस्तो भएको होला ?**

शिक्षककै कारणले यस्तो भएको हो। सरकारी विद्यालयका विद्यार्थीको जग नै कमजोर हुन्छ, जसले गर्दा उनीहरू माथिसम्मै कमजोर बन्छन्। विद्यालयमा शिक्षक र विद्यार्थी दुवै नियमित हुँदैनन्। सरकारी शिक्षकले धेरै किसिमका तालिम लिन्छन्, तर तालिमका सीपलाई कक्षामा प्रयोग गर्दैनन्। तालिमलाई आफ्नो 'प्रमोशन' को माध्यम मात्र बनाएको पाइन्छ।

धेरैजसो सरकारी शिक्षकहरू 'जागिरे' स्वभावका भए। उनीहरूमा 'मेरो स्थायी जागिर छ, मलाई कसले निकाल्न सक्छ र?' भन्ने भावना व्याप्त छ। नतिजा राम्रो निकाल्न मिहिनेत गरेर पढाउनुपर्छ भन्ने जवाफदेहिताको अभाव छ। शिक्षकले मिहिनेत गरेका सरकारी विद्यालयमा उत्कृष्ट नतिजा पनि आएका छन्।

**तपाईंलाई सरकारी स्कूलको शिक्षक हुन मन लागेन ?**

शिक्षक सेवा आयोगले २०५२ सालमा लिएको परीक्षाको नतिजा २०६० मा आयो। त्यसमा निमावि तहमा नवलपरासी जिल्लामा मेरो नाम निस्किएको पनि हो। एक त जिल्लै अर्को पर्‍यो, अर्को त्यतिबेला मैले यहीं माध्यमिक तहको तलब पाउँथें। त्यसैले सरकारी स्कूलमा नियुक्ति लिनै गइनँ।

**सरकारी विद्यालयको नतिजा सुधार्न के गर्नुपर्ला ?**

खराब शिक्षकलाई दण्डित र राम्रा शिक्षकलाई पुरस्कृत गर्ने परिपाटी नभएसम्म सरकारी स्कूलको शिक्षण सुधार हुने छाँट देखिँदैन। मुख्यत: शिक्षकले इमानदारीपूर्वक पढाउनुपर्‍यो र नपढाउने शिक्षकलाई विद्यालय प्रशासनले कारबाही गर्नुपर्छ। आफूले पढाएका कुरा विद्यार्थीले बुझे/नबुझेको ख्याल गर्नु शिक्षकको धर्म हो। कक्षामा विद्यार्थीलाई सक्रिय तुल्याउनैपर्छ। नियमित गृहकार्य दिने मात्र हैन त्यसको नियमित परीक्षण पनि गरिनुपर्छ। आवश्यक परे विद्यालयमै कोचिङ कक्षाहरू पनि सञ्चालन गरिनुपर्छ।


**तपाईंको मासिक आम्दानी सोध्न मिल्छ ?**

स्कूलले मलाई मासिक रु.३५ हजार तलब दिएको छ। एसएलसीको नतिजा राम्रो आउँदा थप नगद पुरस्कार पनि दिँदै आएको छ।

प्रस्तुति: **प्रमोद आयाम**

## नेपाल–अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# प्रविधि विकासमा प्रकृतिको प्रेरणा



**चमेरोले उड्दाखेरी विशेष प्रकारको ध्वनि प्रक्षेपण गर्दछ। त्यो ध्वनि अरू वस्तुमा ठोक्किएर फर्कन्छ, प्रतिध्वनि बनेर। त्यसकै आधारमा चमेराहरू अन्धकारमा पनि कहीँ नठोक्किकन दिउँसो अरू चराहरू उडेझैं उड्छन्। चमेराले आफ्नो सिकार पनि प्रतिध्वनिकै आधारमा ठम्याउँदछन्। तीक्ष्ण चक्षु भएको चीलले चल्ला छोपेझैं चमेरोले मुसा छोप्छ। यही प्रतिध्वनिको प्रविधिमा आधारित भएर राडार निर्माण भएको छ।**

केही वैज्ञानिक नयाँ-नयाँ आविष्कारमा लागेका हुन्छन् भने कोही चाहिँ प्रकृतिभित्रकै रहस्य पहिल्याउनमा व्यस्त हुन्छन्। प्रकृतिबाट प्रेरणा पाउन वैज्ञानिक नै बनिरहनुपर्दैन। हरेक पल, हरेक क्षण प्रकृतिबाट प्रेरणा लिनसक्नु सफल जीवनको द्योतक हो। तर प्रकृतिको रहस्यलाई उजागर गरेर त्यसबाट नयाँ आविष्कार गर्न भने विज्ञान र प्रविधिले नै सघाउने हो। प्रकृतिले विज्ञान र प्रविधिको विकासलाई सघाउँछ।

हाम्रा नदीहरू पहाडबाट तल झर्दछन्। ओरालो लाग्छन्। उकालो लाग्न सक्दैनन्। झरना माथिबाट तलै झर्दछ। यसैगरी एउटा स्याउको फल रूखबाट झर्दछ। भुईंमा ठोक्किन्छ। त्यो स्याउ किन सोझै भुईंमा झऱ्यो भन्ने रहस्यमा घोत्लिएर आइज्याक न्यूटन पृथ्वीको गुरुत्वाकर्षणबारे नयाँ सिद्धान्त प्रतिपादन गर्न सफल भए। आकाशमा जब इन्द्रधनु वा इन्द्रेणी लाग्दछ, त्यहाँ विभिन्न रङहरू देखिन्छन्- सप्तरङ। त्यो रङ कसरी देखियो भन्ने कुराको रहस्य पनि उनले पत्ता लगाए। काँचको ३ पाटे 'प्रिज्म' (Prism) को मद्दतले सूर्य प्रकाशको रहस्यलाई उजागर गरे।

मान्छेमा उड्ने वा आकाशमा कावा खाने रहर कसरी पलायो होला; हामी सबै अनुमान गर्न सक्छौं। किनभने चराहरू उडिरहेका छन्। उनीहरूको नक्कल गर्न मानिस सधैं प्रयत्नशील रहे। शरीरको बान्की र पखेटाको स्वरुप मिलाएर राइट ब्रदर्स सन् १९०३ मा हवाईजहाज बनाउन सफल भए, चरा जस्तै उड्न सफल भए।

चराचुरुङ्गी, पशुपन्छी तथा फूल, बिरुवा र वनस्पतिको प्रकृति तथा बानीव्यहोरा, बान्की र तिनका विशेषताको अध्ययन गरेर तिनको देखासिकीबाट नयाँ-नयाँ प्रविधि विकास भएको छ। प्रकृतिबाट प्रविधिसम्मको यात्रा कहिले कठिन हुन्छ त कहिले सरल पनि। आजभोलि हाम्रो बुट-जुत्तामा, कोट-ज्याकेटमा, कम्मर कस्ने पेटी वा पाखुरामा; ब्लड प्रेसर नाप्ने यन्त्र कस्ने काममा 'भेलक्रो' (Velcrow) नामक साधारण 'च्यारच्यारे' पट्टीको प्रयोग हुन्छ। त्यसमा घुम्रिएका स-साना प्लाष्टिकका काँडा जडिएको हुन्छ। त्यसको अर्कोतिरको पट्टीमा साधारण भुवा मात्र टाँसिएको हुन्छ। ती दुई पट्टीलाई सजिलैसँग कस्सिने गरी टाँस्न पनि मिल्छ र उप्काउन पनि मिल्छ। यो प्रविधिको आविष्कारको आधार भेडेकुरो नामक वनस्पतिका गेडा हुन्। भेडेकुरोका गेडामा घुम्रिएका स-साना काँडा हुन्छन्। घाँस चर्दै गरेको भेडाको शरीरका भुत्लामा यी गेडा सजिलै टाँसिन्छन् र भेडासँगै टाढा-टाढासम्म यात्रा गर्दछन्। भेडाको ऊनमा बलियोसँग टाँसिने यी गेडाको अध्ययनबाट 'भेलक्रो' आविष्कार भयो। अर्थात् यसो भनौं कि प्रकृतिको नक्कल गर्न हामी सफल भयौं।

भेडेकुरो।



राडार यन्त्र।



नक्कलबाजीको अर्को उदाहरण 'राडार' हो। यो ज्यादै उपयोगी र अति महत्त्वपूर्ण आधुनिक उपकरण हो। राडारविना आजका विमानस्थल सञ्चालन हुन सक्दैनन्। हवाईजहाजबाट शस्त्र-अस्त्र प्रक्षेपण पनि सम्भव हुँदैन। राडार यन्त्रले विद्युतीय रेडियो तरङ्गहरूलाई आफ्नो ठाउँबाट टाढा-टाढा फ्याँक्छ वा भनौं कि प्रक्षेपण गर्छ। ती तरङ्ग अरू वस्तुमा ठोक्किएर फेरि त्यही राडारमा फर्कन्छन्। त्यसरी फर्किएका तरङ्गले कुन वस्तु कहाँ र कुन अवस्थामा छ भन्ने सङ्केत दिन्छन्। आकाशमा कुनै हवाईजहाज आइरहेको छ भने कताबाट कुन गतिमा आइरहेको छ भन्ने जानकारी राडारले तुरुन्तै दिन्छ। मानिसले यो राडार प्रविधि चमेरोबाट सिकेको भन्ने मान्यता रहेको छ। चमेरोले उड्दाखेरी विशेष प्रकारको ध्वनि प्रक्षेपण गर्दछ। त्यो ध्वनि अरू वस्तुमा ठोक्किएर फर्कन्छ, प्रतिध्वनि बनेर। त्यसकै आधारमा चमेराहरू अन्धकारमा पनि कहीं नठोक्किकन दिउँसो अरू चराहरू उडेझैं उड्छन्। चमेराले आफ्नो सिकार पनि प्रतिध्वनिकै आधारमा ठम्याउँदछन्। तीक्ष्ण चक्षु भएको चीलले चल्ला छोपेझैं चमेरोले मुसा छोप्छ। यही प्रतिध्वनिको प्रविधिमा आधारित भएर राडार निर्माण भएको छ। राडारलाई छल्न प्राय: असम्भव मानिन्छ। तर पाकिस्तानी सेनाको राडार छल्न सफल भएबाट ओसामा विन लादेनलाई अमेरिकी सेनाले धावा गरेर मार्न सफल भएको समाचार हालै हामीले सुन्यौं। प्रविधि विकासको गति यसरी नै निरन्तर र उन्नत हुँदै अघि बढ्छ।

आजभोलि घर-भवनलाई वातानुकूलित (Air Conditioned) बनाउन धेरै इन्धन खर्च हुन्छ। वातानुकूलित भवन निर्माणको प्रसङ्गमा धमिरा (Termites) को विशिष्ट क्षमतालाई हामी जित्न सक्दैनौं। हाम्रा इन्जिनियरहरूलाई पनि उनीहरूले जितेका हुन्छन्। अफ्रिकामा भएको एउटा अध्ययनले धमिराका घरहरू वातानुकूलित हुन्छन् भन्ने देखाएको छ। बाहिरी तापमान १.५ डिग्री सेल्सियसदेखि ४० डिग्रीसम्म घटबढ हुने ठाउँमा बनेका धमिराका गुँड सधैं शीतल रहन्छन्। धमिराकै नक्कल गरेर बनेको भवन साँच्चिकै वातानुकूलित हुन आएको कुरा एक अध्ययनले प्रमाणित गरेको छ। हाम्रा सालका वनमा भेटिने धमिराका गुँडहरूबाट पनि यस्तै ज्ञान लिन सकिन्छ कि?

हामीलाई थाहा छ; जुकाले चुसेको घाउबाट रगत बगिरहन्छ। अरू घाउमा जस्तो छिट्टै रगत जमेर घाउ टालिँदैन। जुकाको र्‍यालमा त्यस्तो के तत्त्व रहेछ भन्ने अध्ययन गरेर वैज्ञानिकहरूले रगत नजम्ने रसायन पत्ता लगाए। स्वास्थ्य सेवामा त्यसको पर्याप्त प्रयोग हुँदै आएको छ।

बाली नाश गर्ने कीराहरूमा पोथी प्राणीले यौनकामनाका वासनाहरू (हर्मोन) फैलाएपछि त्यहाँ भाले कीराहरू होम्मिदै आउँछन्। त्यस्तो वासना फैलाउने रसायनलाई कपास आदिमा सङ्कलन गरेर धराप खोरभित्र राखिन्छ। त्यो रसायनको वासनाबाट लोभिएर भाले कीराहरू त्यस्ता खोरभित्र होमिन्छन्। खोरभित्र विषादी पनि राखिएका कारण ती त्यहीं मर्छन्। बाली सुरक्षित हुन्छ।

प्रकृतिका जीव; प्राणी एवं वनस्पतिका विभिन्न गुण र विस्मयहरूको सिको गरेर नयाँ-नयाँ प्रविधिहरू विकास गर्न सफल भएका उदाहरण धेरै छन्। विभिन्न कलाकृतिमा फूल, बिरुवा, चरा, पुतली तथा अरू धेरै जीवात्माका आकृतिको नक्कल गरिन्छ। नृत्य साधना होस् वा कुस्तीबाजी आदिकलामा पनि प्रकृतिले प्रेरणा थपेको हुन्छ।

जीव-विज्ञानमा अरूको नक्कल गर्नुलाई 'मिमिक्री' (Mimicry) भनिन्छ। जस्तै भद्राई चराले अरू चराचुरुङ्गीको स्वरको नक्कल गर्छ। छेपाराले आफू वरपरको ठाउँको रङ नक्कल गरेर रङ बदलिरहन्छ। केही पुतलीहरू बिरुवाको पात हो कि भन्ने गरी झुक्याउन सफल हुन्छन्। केही बाँकोका बिरुवा गोमनले फणा उठाएझैं गरी भयङ्कर रुप धारण गर्दछन्। जीवन रक्षाका लागि अपनाइने यी नक्कलहरू वातावरणसँग अनुकूल हुने प्रविधि हुन्। जीव; प्राणी र वनस्पतिका प्रकृति नक्कल गर्ने विधालाई वायोमिमिक्री (Biomimicry) भनिन्छ। 'वायोमिमिक्री' अनुसन्धानको एक गहन विषय हो, साथै विभिन्न प्रविधिको जननी पनि।

कक्षाकोठा नेपाली

लावण्य ढुङ्गाना

# नियमविनाको वर्णविन्यास: सिकारुलाई समस्या

**कहिले 'दस' शब्द गलत कहिले त्यही 'दस' सही, कहिले फूल (पुष्प) गलत कहिले फुल (पुष्प) सही, कहिले 'दुध' ह्रस्व लेख्दा कान उखेलिने त कहिले 'दूध' दीर्घ लेख्दा टुप्पीका जरा खलबलिने। वर्णविन्यासका यी मौसमी नियमले भाषा सिक्ने र सिकाउने दुवै कुहिराका काग बनिरहेका छन्।**

वर्णविन्यास भनेको शुद्धाशुद्धि वा हिज्जेको विधान हो। यसले शब्दमा वर्णहरूको सार्थक एवम् समुचित विन्यास अर्थात् रखाइलाई जनाउँछ। तर यस विषयमा नेपालीका विद्वान्हरूले जुँगाको लडाइँ मच्चाउने गरेकाले नेपाली भाषामा वर्णविन्यासका सर्वमान्य नियमहरू बन्न सकेका छैनन्।

यति बेला त वर्णविन्यासका नियमहरूको चर्चाले शिखर नै चुमेको छ र यसको प्रत्यक्ष मारमा छन् विद्यार्थी तथा शिक्षक वर्ग। एउटा तहमा पढदा शुद्ध मानिएको शब्द अर्को तहमा पुग्नासाथ अशुद्ध भनिँदा शिक्षक वर्गप्रति विद्यार्थीहरूको विश्वास घट्दो छ भने समग्रमा नेपाली भाषाप्रति नै वितृष्णा बढ्दो छ। अरू शिक्षक वर्गलाई गम्भीर समस्या छ। आफू कुन तहमा पढाउँदैछु भन्ने हेक्का राखेन भने उसले शुद्ध लेख्न नजानेको प्रमाणित भई जागिरै जान बेर लाग्दैन।

भाषा मानिसले व्यवहारबाट सिक्दछ र भाषिक व्यवहार बारम्बारको अभ्यासमा आधारित हुन्छ। सिकाइका क्रममा जानेका कुरा दिमागमा गाडिएर रहेका हुन्छन्। गलत प्रयोगबाट लागेको बानी बदल्न निकै गाह्रो हुन्छ भने बारम्बारको अभ्यासबाट सही भनी दिमागमा अङ्कित गरिएको कुरालाई गलत ठान्न कठिन हुन्छ। सिकाइका क्रममा कहिले 'दस' शब्द गलत कहिले त्यही 'दस' सही, कहिले फूल (पुष्प) गलत कहिले फुल (पुष्प) सही, कहिले 'दुध' ह्रस्व लेख्दा कान उखेलिने त कहिले 'दूध' दीर्घ लेख्दा टुप्पीका जरा खलबलिने। वर्णविन्यासका यी मौसमी नियमले भाषा सिक्ने र सिकाउने दुवै कुहिराका काग बनिरहेका छन्। विधिनिर्माताहरूका लागि यो रमाइलो खेल भए पनि यसको मारमा पर्नेहरूका लागि भने महाव्रेल सावित भएको छ। यो भाषिक अन्योल र व्यभिचारको उपचार खोज्नु अहिले प्रत्येक भाषा प्रयोक्ताको कर्तव्य बन्न गएको छ।

## लेख्य व्यवस्था र वर्णविन्यास

वर्णविन्यास भाषाको लेख्य व्यवस्थासँग सम्बन्धित कुरा हो। संस्कृत मूलबाट प्राकृत हुँदै विकसित भएकाले शब्दभण्डारमा संस्कृत मूलका अत्यधिक शब्दसँगै नेपाली भाषाले लौकिक संस्कृतकै देवनागरीलाई आत्मसात् गरेको छ। फरक कहाँनेर रह्यो भने नेपालीको मूल भनिने संस्कृतको लेख्य व्यवस्था निर्विवाद छ तर नेपालीको सबैभन्दा बढी विवाद यही लेख्य व्यवस्थामा देखिन्छ।

वैज्ञानिक अध्ययनले नेपाली भाषाको उच्चारण व्यवस्थालाई ह्रस्वप्रधान घोषित गरेको छ तापनि लामो परम्परादेखि नै लेख्य व्यवस्थामा दीर्घ वर्ण वा मात्राको प्रयोग पनि यथावत् छ। भाषा लेखाइका क्रममा यसको शुद्धताका लागि ध्यान पुऱ्याउनुपर्ने क्षेत्र निम्नानुसार छन्:

क) ह्रस्वदीर्घ : इ/ि, ई/ी, उ/ु, ऊ/ू
ख) श्रुतिसम लाग्ने: ब/व, ए/य, श/ष/स, क्ष/छ्य, ज्ञ/ग्यँ
ग) चन्द्रबिन्दु (ँ) शिरबिन्दु (ं) र पञ्चमवर्ण (ङ, ञ, ण, न, म)
घ) अजन्त र हलन्त (खुट्टो नकाट्ने र काट्ने)

लेख्य व्यवस्थामा वर्णविन्यासले मुख्य प्रभाव पार्ने हुनाले भाषा सिकारुलाई शब्द सिकाइको लेखाइ सीपको शिक्षणका बखत नै यसको शिक्षण अत्यावश्यक हुन्छ।

## वर्णविन्यास र नियम

भाषा आन्तरिक नियममा व्यवस्थित हुन्छ तापनि वर्णविन्यासका क्षेत्रमा व्युत्पन्न शब्दहरूलाई छाडेर कुनै शब्दमा किन तिनै वर्णहरू हुनुपर्ने भन्ने न त तर्क हुन्छ न त नियम नै। जस्तो कि 'ढुङ्गो' शब्दमा 'ढ' किन ह्रस्व नै हुनुपर्ने र 'ढ' दीर्घ लेख्दा किन गल्ती हुने भन्ने कुराको नियमगत कुनै तर्क छैन। यसको एक मात्र कारण भनेको परम्पराको निर्वाह हो। त्यसो त भाषा आफैँमा एक परम्परा हो। सिकारुले परम्परादेखि प्रचलित भाषा अग्रजबाट सिक्छ। भाषा परिवर्तनशील हुन्छ तर यसको अनुभव वक्तालाई हुँदैन। यो त अध्येताले भाषाको कालक्रमिक अध्ययनका क्रममा थाहा पाउने कुरा हो। यसैले वर्णविन्यासका क्षेत्रमा परम्परा अनुसरण गर्नु अत्यावश्यक हुन्छ।

नेपाली व्याकरणहरूमा वर्णविन्यासको अलग्गै अध्याय खडा गरी विभिन्न नियम र उदाहरणहरूको चर्चा गरेको पाइन्छ। एकातिर वर्णविन्यासका लागि निर्मित नियमहरू आफैँमा पूर्ण छैनन् भने ती नियमका आधारमा थोरै शब्द मात्र शुद्ध लेख्न सकिन्छ। नेपाली भाषाको सिकारुले वर्ण, बाह्रखरी, आधा वर्ण र संयुक्त वर्णको सिकाइपछि लगत्तै शब्द र वाक्य सिकाइमा

शब्दहरू सिक्ने क्रम शुरु हुन्छ। यही बेला उसका लागि वर्णविन्यासको सिकाइ शुरु हुन्छ। भाषा सिकाइको प्रारम्भिक चरणको विद्यार्थीलाई शब्द वर्गलाई आधार मानी बनाइएका नियमहरू कसरी बुझाउने ? वर्णविन्यास नियम बुझ्ने तहमा पुगेपछि मात्र यसको शिक्षण गर्ने भन्ने हो भने यस्ता प्रारम्भिक तहमा गलत अभ्यासमा परेका हातलाई माथिल्ला तहमा नियमका भरमा सुधार्न कठिन देखिन्छ। उदाहरणका रूपमा 'पुलिङ्ग' नाम शब्दको अन्त्यमा ह्रस्व हुन्छ भन्ने नियम मुखाग्रै रहेका विद्यार्थीले आफ्नो लेखाइका क्रममा दाइ, भाइ जस्ता पुलिङ्गी शब्दलाई अन्त्यमा दीर्घ लेख्ने गरेको उल्लेख्य मात्रामा भेटिन्छ। यस्तो (दाई, भाई) त्रुटि इङ्गित गरी उसलाई नियम सम्झाइदिँदा उक्त विद्यार्थी 'ला !' भन्दै एकबित्ते जिब्रो निकाल्न पुग्छ। अतः नियममा आधारित भई वर्णविन्यास सिकाउने प्रचलन परिवर्तन गर्नु अत्यावश्यक देखिन्छ।

## वर्णविन्यासका समस्या र निराकरणका उपाय

विभिन्न अध्ययनहरू अनुसार नेपाली भाषाले हजार वर्षभन्दा बढी आयु बिताइसकेको छ। यसबीचमा नेपाली भाषा-साहित्यका क्षेत्रमा प्रशस्तै कामहरू नभएका होइनन् तापनि यी सबै कामलाई अभिलेखीकरण गर्न मुख्य माध्यम लेख्य व्यवस्थामा आजसम्म पनि एकरुपता कायम हुन नसक्नु नेपाली वाङ्मयका लागि विडम्बनाको कुरो हो। अझ गम्भीर चिन्ताको विषय त, विद्यालय र विश्वविद्यालयका पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा समेत वर्णविन्यासका क्षेत्रमा एकरुपता पाईंदैन। यसले भाषा सिक्ने/सिकाउनेलाई मात्र होइन कि यसका सम्पूर्ण प्रयोगकर्ताहरूलाई गम्भीर असर पार्नुका साथै समृद्ध नेपाली भाषाको गरिमामाथि नै चोट पुऱ्याएको छ।

नेपाली लेख्य व्यवस्थालाई समस्याग्रस्त तुल्याउने विभिन्न कारकतत्त्वहरू छन् जसलाई निम्नानुसार समेट्ने प्रयास गरिएको छः

**मौसमी नियमः** सरलताका बहानामा जटिलता थप्दै छेपारोले रङ बदले झैं बदलिरहने वर्णविन्यासका नियमहरू नेपाली लेख्य व्यवस्थाका प्रमुख समस्या हुन्। नियम बाँधेर पाठ्यक्रममा राखिसकेपछि पढ्ने र पढाउनेलाई नपढी/नपढाई सुखै भएन। समय-समयमा र भिन्न-भिन्न शैक्षिक तहमा बदलिरहने नियमहरूले वर्णविन्यासका क्षेत्रमा समस्या खडा गरेका छन्।

**शब्दकोशलाई निर्णायक मान्ने संस्कारको कमीः** शब्दकोश कुनै शब्दको हिज्जेको मात्र नभई त्यसको उच्चारण अर्थ, शब्द वर्ग, व्युत्पादन जस्ता सूचनाहरू प्रस्तुत गर्ने निर्णायक स्रोतग्रन्थ हो। यसैले यसले दिने सूचनाहरू आवश्यक भए निर्णायक र मानक हुन्छन्। यसकारण त्रुटिहरू देखिन्छन् भने शब्दकोशको परिमार्जन गर्नु बुद्धिमत्तापूर्ण कार्य हुन जान्छ। शब्द विषयक आधिकारिक सूचनाका लागि देशकै एउटा जिम्मेवार निकाय एउटा शब्दकोश प्रकाशन गरिरहेको छ भने देशकै अर्को जिम्मेवार निकाय शब्दकोशमा तोकिएभन्दा विपरीत नियम बाँधेर पठनपाठनका लागि 'भिटो' आदेश पठाइरहेको छ। अझ अनौठो कुरा त, 'प्रयोगात्मक नेपाली शब्दकोश' का विद्वान् कोशकारहरू आफैं नै आफ्नो कोशमा प्रस्तुत मान्यताका विरुद्ध खरो उत्रेको नाट्यलीला नेपाली भाषामञ्चमा देखिन गयो। एकातिर शब्दकोश र अर्कोतिर वर्णविन्यासको निर्णायक निकाय रहनाले नेपाली भाषाको वर्णविन्यासका क्षेत्रमा समस्या उत्पन्न भएको छ।

**विद्वान् विशेषणधारीबीच जुँगाको लडाईंः** नेपालका विश्वविद्यालय, नेपाल प्रज्ञा-प्रतिष्ठान तथा अन्य विभिन्न निकायका नेपाली भाषाका विद्वान् विशेषणधारीबीच चल्ने जुँगाको लडाईंले पनि नेपाली लेख्य व्यवस्थाका क्षेत्रमा एकरुपता कायम गर्न समस्या उत्पन्न भएको छ। भाषा साझा सम्पत्ति भएकाले यसको एकरुपताका लागि जुँगे-लडाईंलाई त्यागेर अघि बढ्नु आजको आवश्यकता हो।

**समग्र भाषा प्रयोक्ताहरूमा चेतनाको कमीः** अङ्ग्रेजी आँधीले विश्व बढारिरहेको यस क्षणमा नेपाली भाषा आफ्नै घरमा उपेक्षित छ। भाषा-विषयक चेतनाको यही कमीकै कारणले आम नेपाली भाषाका प्रयोगकर्ताले आफूले प्रयोग गर्ने भाषाको शुद्धताबारे सचेतता अपनाइएको पाइँदैन। यसको शुद्धता नेपाली विषय पढ्ने विद्यार्थी वा नेपाली विषय पढाउने शिक्षकले मात्र कायम गर्नुपर्ने होइन। सञ्चार, कानुनलगायतका सम्पूर्ण क्षेत्रमा भाषा प्रयोगको एकरुपता र शुद्धता हुनैपर्ने हो।

**गलत शिक्षण परम्पराः** पाठ्यक्रमले वर्णविन्यास शिक्षणलाई गलत ढङ्गले निर्देशन गरिदिनाले भाषा सिकारुलाई समस्यामा पारेको छ। वर्णविन्यासको नियम शासित होइन कि अभ्यासमा आधारित शिक्षण हुनु शोभनीय देखिन्छ। वर्षभरिमा कुनै एउटा एकाइविशेषमा होइन कि विद्यार्थीले पढ्ने हरेक पाठको शिक्षणमा वर्णविन्यास अर्थात् हिज्जेलाई शिक्षणको उद्देश्य नबनाउँदा समस्या सिर्जना भएको छ।

उपर्युक्त समस्याहरूको समाधानका लागि बुँदागत रूपमा निम्नलिखित उपायहरूलाई प्रस्ताव गरिएको छः

१. वैज्ञानिक, परिष्कृत एवम् त्रुटिरहित मानक शब्दकोशको निर्माण गर्ने।
२. शब्दको शुद्धाशुद्धिको निर्णय शब्दकोशबमोजिम हुनुपर्ने।
३. शब्दकोशमा तोकिएभन्दा भिन्न रहेर कुनै व्यक्ति वा निकायले शुद्धाशुद्धि विषयक नियम बाँध्न, प्रचार गर्न तथा शिक्षण गर्न नपाउने।
४. भाषाको शुद्धतासम्बन्धी दायित्व नेपाली वाङ्मयका धर्मसंस्कृति, इतिहास, भूगोल, विज्ञान, दर्शन, सञ्चार, कानुन आदि सम्पूर्ण क्षेत्रले सचेततावश वहन गर्नुपर्ने।
५. वर्णविन्यास शिक्षणलाई माध्यमिक, उच्चमाध्यमिक तथा विश्वविद्यालयका विभिन्न तहबाट हटाई प्राथमिक तहमा केन्द्रित गरिनुपर्ने।
६. लेखाइको शुद्धताको मूल्याङ्कन पाँच अङ्कको एउटा प्रश्नमा नभई समग्र लेखाइमा खोजिनुपर्ने।
७. प्राथमिक तहका नेपाली भाषाका विद्यार्थीहरूलाई हरेक पाठमा ह्रस्वदीर्घ, ब/व, य/ए, श/ष/स, क्ष/छ्य, ज्ञ/ग्यँ जस्ता श्रुतिसम लाग्ने वर्ण भएका चन्द्रबिन्दु ( ँ ) शिरबिन्दु ( ं ) र पञ्चमवर्ण प्रयोग भएका 'र' को विभिन्न प्रयोग भएका एवम् अजन्त-हलन्त रहेका शब्दहरू चयन गरी तिनको अनुलेखन तथा हिज्जे परीक्षा लिई भएका भुललाई सुधार गर्न लगाउनुपर्ने।

Ram Hari Rijal

# ENGLISH IS FUN TO LEARN

Learning English should be fun. Rigorous learning of English can sometimes cause distaste to it and if it is mixed with some spice, it can rekindle and maintain the students' appetite for it. So, a teacher should have several interesting things up his or her sleeve to bring interest, life and laughter in the language class. Here are some interesting things you will greatly enjoy learning or even teaching when your students feel tedious. These can be used as warm up activities in the English training as well.

## REDUPLICATED WORDS

Reduplication is the process of forming new words by doubling a morpheme with a change of a vowel or the initial consonant. Forming words in this way gives them a musical touch. Make the following reduplicated words your assets and use them as soon as situations call for with the learners of English.

1. **hoity-toity** (adj): behaving in a way that indicates someone is more important than others.
   *Jim would have been more popular among his friends had he given up his hoity-toity manner.*
2. **dilly-dally (v):** take too long to do something, procrastinate.
   *Hurry up! It's time to get on with our work without dilly-dallying.*
3. **helter-skelter *(adv):*** hurriedly and in a disorderly manner
   *Many women and children were trampled to death when the demonstrators ran helter-skelter to avoid the tear gas and baton charge by the police.*
4. **higgledy-piggledy(adv):** in an untidily disordered manner
   A great number of books and articles were scattered higgledy-piggledy in the tiny library.
5. **topsy-turvy (adj):** in a state of great confusion
   Jill: Hi, how's life going?
   Jack: Oh, don't ask me. No job, no apartment and nothing to do. It's going on topsy-turvy.
6. **hotch-potch (n):** a number of things mixed together
   His essay is but a hotch-potch of bombastic words and does not carry a definite meaning.
7. **tell-tale ( adj):** indicating that something exists or has happened
   *The convict denied his involvement in the theft but the police could read his tell-tale face and elicited the truth from him.*
8. **tittle-tattle**(**n**): unimportant and untrue talk, gossip
   Jenny, you'd better stop that tittle-tattle and do something important.
9. **willy-nilly**(**adv**): whether one wants or not
   Many Nepali girls are still forced willy-nilly to marry the boy their parents choose for them.
10. **the nitty-gritty(n):** the basic and most important details of an issue or a situation
    *Time ran out before we could get down to the real nitty-gritty of the incident.*
    **Here are some additional reduplicates you would like to present in the classroom.**
11. Walkie-talkie **12.** Shilly-shally **13.** Tick-tock **14.** Teeny-weeny **15.** Ping-pong **16.** Fuddy-duddy **17.** Chit-chat **18.** Criss-cross **19.** Ziz-zag **20.** Boogie-woogie **21.** Flip-flop **22.** Hocus-pocus

## TONGUE TWISTERS

Tongue twisters are the phrases or sentences designed to be difficult to articulate properly because the same vowel or consonant sound repeats several times. The aim of tongue twisters is to repeat a phrase or a sentence as rapidly as possible without making any mistakes. They are often used by language teachers and speech therapists to improve the pronunciation of the language. You will enjoy teaching or practising the following tongue twisters.

1. My mommy makes me muffins on Monday.
2. I wish you were a fresh fish in my dish.
3. Four furious friends were fighting for the phone in their filthy flat.
4. I scream, you scream and we all scream for the same ice-cream.
5. Thirty-three thousand people think that Thursday is

their thirtieth birthday.

6. What noise annoys a noisy oyster? A noisy noise annoys a noisy oyster.
7. When two witches would watch two watches, which witch would watch which watch?
8. Rory, the warrior and Roger, the warrior were reared wrongly in a rural brewery.
9. Mr. Tongue Twister tried to train his tongue to twist and turn and twist and turn to teach himself to learn the letter 'T'.
10. She sells seashells on the seashore. The shells that she sells are seashells, I'm sure. So, if she sells seashells on the seashore, I'm sure that the shells she sells are seashore shells. ( Please note that shore and sure are pronounced alike.)
11. Betty Botter bought a bit of butter but the butter Betty Botter bought was a bit bitter. So, Betty Botter bought a bit of better butter to make the bitter butter better.
12. As I was in Arkansas, I saw a saw that could outsaw any saw that I ever saw a saw. If you happen to be in Arkansas and see a saw that can outsaw the saw I saw, I'd like to see the saw you saw. (Note that Arkansas is one of the states of the USA and the final 3 letters of ArkanSAS are pronounced as SAW.)

## PALINDROMES

Palindromes are the words, phrases or sentences that read the same backwards or forwards. Here are a few of them for your students' enjoyment.

**1.** Refer **2.** Madam **3.** level **4.** Racecar **5.** Kayak **6.** Never odd or even. **7.** Nurses run **8.** Live not on evil. **9.** Was it a car or a cat I saw? **10.** Pull up if I pull up. **11.** A man, a plan, a canal-Panama. **12.** Rats live on no evil stars. **13.** Step on no pets. **14.** Ma is as selfless as I am. **15.** Madam, in Eden, I'm Adam.

## LONG WORDS

What is the longest word you know? Here are a few long words that exist in English. The words have been broken up for your convenience.

1. **De-institution-alization** (22 letters): an act of deinstitutionalizing.
2. **Counter-revolution-aries** (22 letters): persons who oppose or try to overthrow a revolution.
3. **Anti-dis-establish-mentarian-ism** (28 letters): the movement or ideology that opposes the disestablishment of churches in England.
4. **Flocci-nauc-inihilipil-ifica-tion** (29 letters) ( Latin coinage): estimating or cat- egorizing something as worthless.
5. **Super-cali-fragil-isticex-pialido-cious (34 letters):** This word means describing any quality that is so indescribable that you have no real word to say it. It is a nonsense word uttered in Mary Poppin's lyrics written by Robert and Richard Sherman.
6. **Dichloro-diphenyl-tri-chloro-ethane** (31 letters): one of the most well-known synthetic pesticides
7. **Pneumono-ultra-microscopic-silico-volcano-coniosis** (45 letters): a lung disease contracted from the inhalation of very fine silica particles.

## PRONUNCIATION WORK

The English words do not tell us how they are pronounced. Nuances in pronunciation, eventhough they may be spelled alike, can convey a different meaning to the listener. Having our students pronounce the following words correctly, we can sensitize them to the importance of English pronunciation. Presenting the following can whet up their appetite for pronunciation.

1. Just compare heart, beard and heard
   Dies, and diet, lord and word
   Sword and sward, retain and Britain
   Mind the latter how it's written.
2. Now I surely will not plague you
   With such words as plaque and ague
   But be careful how you speak
   Say break and steak but bleak and streak.
3. Rounded, wounded, grieve and sieve
   Friend and fiend, alive and live
   Ivy, privy, famous and clamour
   And enamour rhyme with hammer.
4. Youth, south, southern, cleanse and clean
   Doctrine, turpentine and marine
   Compare alien with Italian
   Dandelion and battalion.
5. We must <u>polish</u> the <u>Polish</u> shoes.
6. The soldier decided to <u>desert</u> his <u>dessert</u> in the <u>desert.</u> ( Note the stress on proper syllable and pronunciation.)
7. When the shot came nearer, the <u>dove</u> <u>dove</u> into the bushes.
8. The buck <u>does</u> funny things when the <u>does</u> are near.
   - The only country whose name has all the 5 vowels of the English alphabet is **Mozambique.**
   - The word that has all the 5 vowels of the alphabet is **education.**
   - The two words that have the 5 vowels in the alphabetical order are **abstemious** and **facecious.**
   - No word in the English language rhymes with '**month**', '**orange**', '**silver**' and '**purple**'.

## SMS LANGUAGE

We read a detailed article about how the mobile phones can best be utilized in the learning process in the Chaitra 2067 issue of *Shikshak* Monthly. People look for the shortest way of sending an SMS to their friends or relatives to save time, space labour and money. You will enjoy sending an SMS like the following.

1. 2DAY = TODAY
2. 2MORO = TOMORROW
3. 2NITE = TONIGHT.
4. ASAP = AS SOON AS POSSIBLE
5. ATB = ALL THE BEST
6. B4 = BEFORE
7. B4N = BYE FOR NOW
8. CUL8R = SEE YOU LATER
9. GR8 = GREAT
10. HAND = HAVE A NICE DAY
11. ILU = I LOVE YOU
12. LOL = LOTS OF LOVE
13. NO1 = NO ONE
14. SOM1 = SOME ONE
15. PCM= PLEASE CALL ME
16. PLZ = PLEASE
17. WAN2 = WANT TO
18. THX = THANK YOU
19. KIT = KEEP IN TOUCH

Now read this SMS : C U L8R @ PARTY L8R.

## शिक्षकलाई किन विभेद ?

निजामती कर्मचारीको हकमा दुर्गम भत्ता पाउने गरी तोकिएका जिल्ला र क्षेत्र बढी ('क'देखि 'ङ' वर्ग) देखिन्छन्, त्यो अनुपातमा शिक्षकका निम्ति निर्धारित दुर्गम क्षेत्र थोरै ('क' र 'ख'वर्ग) छन् । राज्य कोषबाटै तलब खाने शिक्षक र कर्मचारीमा सरकारले यसरी विभेद गर्न मिल्छ ?

**जगतबहादुर लामा**
**भूमेश्वरी मावि, सुनखानी–२, सिन्धुपाल्चोक**
**युवराज खत्री**
**शङ्खेश्वरी मावि, वाराहापोखरी, खोटाङ**

*शिक्षकको दुर्गम भत्ताका निम्ति पुरानै मापदण्ड अर्थात् 'क' र 'ख' वर्गमा तोकिएको जिल्ला र गाविसलाई आधार मानेर दुर्गम भत्ता दिइएको हो । त्यही आधारमा दुर्गम भत्ताको दर चाहिँ बढाइयो, तर दुर्गम क्षेत्र समेटिने जिल्लालाई चाहिँ विस्तार गर्न सकिएन । त्यही कारणले कर्मचारी र शिक्षकको दुर्गम क्षेत्र फरक–फरक कायम भएको हो ।*

***जनार्दन नेपाल***
***सहसचिव, शिक्षा मन्त्रालय***

## असाधारण बिदाले असर पार्ला ?

म २०३३ सालमा स्थायी भई का.स.मु.का आधारमा २०५४ सालमा प्राथमिक द्वितीय श्रेणीमा बढुवा भएको शिक्षक हुँ । मेरो शैक्षिक योग्यता एसएलसी हो । मैले असाधारण बिदा पनि लिएको छु । समयबद्ध बढुवाका निम्ति तोकिएको सेवा वर्षमा असाधारण बिदाको अवधि गणना हुन्छ कि हुँदैन ?

**कुलदेव कुरुम्बाङ, हाङबुङ–१, पाँचथर**

*असाधारण बिदा लिइएको अवधिलाई कुल सेवा अवधिभित्र गणना गरिँदैन ।* (हे. शिक्षा नियमावली, नियम ११४(घ))

***गुणराज पोखरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## सामाजिकमा सबैले पाउँछन्

शिक्षक सेवा आयोगले गर्ने खुला विज्ञापनमा निमावि र मावि तहको सामाजिक शिक्षा विषयका लागि कुन विषय पढेका व्यक्तिले आवेदन दिन पाउँछ ?

**तिलकबहादुर बटाला**
**मुसीकोट खलङ्गा बहुमुखी क्याम्पस, रुकुम**

*शिक्षक सेवा आयोग नियमावलीमा सामाजिक विषयका निम्ति विषयगत योग्यता नतोकिएको हुँदा जुनसुकै विषयमा प्रमाणपत्र र स्नातक तहको योग्यता भएका व्यक्तिले क्रमशः निमावि र मावि तहको शिक्षक पदका लागि आवेदन दिन सक्नेछन् । तर, शिक्षण अनुमतिपत्र चाहिँ अनिवार्य छ ।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## तालिम लिने ठाउँ पाइएन

अस्थायी अध्यापन अनुमतिपत्र लिएका शिक्षकलाई दुई वर्षभित्र शिक्षाशास्त्रको कोर्स नगरे वा तालिम नलिएमा अनुमतिपत्र रद्द गर्ने व्यवस्था छ । शैक्षिक जनशक्ति विकास केन्द्रले त्रिवि/शिक्षाशास्त्र संकाय अन्तर्गतका क्याम्पसमा शिक्षक तयारी कोर्स(तालिम)को व्यवस्था गरिएको बताउँदै आएको छ । तर, ती क्याम्पसमा बुझ्दा तीनवर्षे र एकवर्षे बी.एड. बाहेक अन्य तालिमको व्यवस्था नभएको पाइयो । अब हामीले कहाँबाट तालिम पाउने ?

**राजकुमार मोक्तान**
**सुन्दरीदेवी मावि, आग्रा, मकवानपुर**
**भीमकान्त यादव, बलबहादुर साह**
**शङ्कर निमावि, खरदरिया, देउखुरी, दाङ**

*शिक्षाशास्त्र बाहेक अन्य विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएकाहरूलाई महेन्द्ररत्न क्याम्पस, काठमाडौं र गोरखा शिक्षा क्याम्पसमा एकवर्षे 'शिक्षक तयारी कोर्स'को व्यवस्था मिलाइएको छ । यो कोर्सलाई तीनवर्षे बी.एड.को पहिलो वर्षमा राखिएको छ । पहिलो वर्षको कोर्स पूरा गरेपछि त्यसैका आधारमा 'तालिम प्रमाणपत्र' दिइन्छ । विद्यार्थीले पहिलो वर्षको तालिम कोर्स पूरा गरेर आफ्नो पढाइलाई बी.एड. तेस्रो वर्षसम्म विस्तार गर्न पनि सक्नेछन् । माध्यमिक तहका लागि भने एकवर्षे बी.एड. नै गर्नुपर्ने हुन्छ ।*

***प्रा.डा. प्रकाशमान श्रेष्ठ***
***डीन, शिक्षाशास्त्र संकाय, त्रिवि***


## गोलाको क्षेत्रफल कसरी निकाल्ने ?

गोला (Sphere) को सतह क्षेत्रफल पत्ता लगाउने सूत्र $4\pi R^2$ (R=अर्धव्यास/Radius) प्रयोगद्वारा प्रमाणित गर्ने विधिहरू के–के हुनसक्छन् ?

**सीताराम बस्नेत**
**शिक्षक, सोलुखुम्बु**



*एउटा गोलो जुनार या कागती लिनुहोस् । त्यसलाई सेतो कागजमाथि राखेर त्यसको आधारले ढाकेको भागलाई सिसाकलमले (सँगैको चित्रमा जस्तै) क्रमशः चार वटा घेरा बनाउनुहोस् । त्यसपछि जुनार या कागतीको बोक्रा विस्तारै झिकेर ती खिचिएका घेराभित्र ढाक्दै जानुहोस् । सबै बोक्रा राखिसक्दा चारओटै घेरा ढाकिइसकेका हुनेछन् । अब, एउटा घेराको सतहको क्षेत्रफल $\pi R^2$ हुने हुँदा चारओटा उस्तै सतहहरूको क्षेत्रफल $4\pi R^2$ हुने निष्कर्षमा पुग्न सकिन्छ ।*



***रामचन्द्र पौडेल***
***प्राविधिक अधिकृत***
***शैक्षिक जनशक्ति विकास केन्द्र***

## बढुवा कसरी गरिएला ?

दाङमा मा.शि. प्रथम श्रेणीका चार दरबन्दी छन् । पहिलोपटक उक्त दरबन्दीमा तीन जना फाइल र एक जना आन्तरिक प्रतिस्पर्धाबाट पदपूर्ति भएको थियो । उक्त पदमा पहिलोपल्ट नियुक्त भएका चारैजना शिक्षकले अवकाश लिइसकेका छन् । उनीहरूको अवकाशपछि रिक्त पदमा तीन जना शिक्षक विभिन्न मितिमा फाइल बढुवा भइसकेका छन् भने एउटा पदमा पदपूर्ति हुन बाँकी छ । अब उक्त पदमा फाइल बढुवाबाट पदपूर्ति गरिन्छ कि आन्तरिक प्रतिस्पर्धाबाट ?

**भरत बस्नेत**
**उमावि तुलसीपुर, दाङ**

*बढुवाका लागि एउटा मात्रै पद रिक्त रहेको अवस्थामा कार्यसम्पादन मूल्याङ्कन (फाइल बढुवा)का आधारमा पदपूर्ति गरिन्छ ।*

***गुणराज पोखरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## लेखापालको योग्यता कति ?

सामुदायिक विद्यालयमा नियुक्त गरिने लेखापालको न्यूनतम शैक्षिक योग्यता र उमेरको हद कति हुन्छ ?

**सोमप्रसाद दाहाल**
**शिक्षासदन उमावि, बनेपा–५, काभ्रे**

*सामुदायिक विद्यालयमा लेखापाल र अन्य कर्मचारीको नियुक्ति गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई नै छ । समितिले आन्तरिक कार्यविधि बनाएर ती कर्मचारी नियुक्त गर्न सक्ने भएकाले शिक्षा मन्त्रालयले न्यूनतम शैक्षिक योग्यता र उमेरको हद तोकेको छैन ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## 'विशेष'को परीक्षा कहिले हुन्छ ?

म उच्चमाध्यमिक शिक्षा परिषद्द्वारा गत वर्ष सञ्चालित कक्षा १२ को विशेष परीक्षामा एक विषयमा अनुत्तीर्ण भएको थिएँ । त्यसका लागि मैले परीक्षा फर्म पनि भरिसकेको छु । तर, अहिलेसम्म परीक्षाको तालिका प्रकाशित भएको छैन । कहिले हुन्छ यो परीक्षा ?

**सोमराज न्यौपाने**
**अमृत निमावि, श्याम्घा–५, तनहुँ**

*पहिलो चरणका आंशिक र दोस्रो चरणका नियमित परीक्षार्थीहरूका निम्ति एकैसाथ परीक्षा लिइनेछ । जिल्लास्थित कार्यालयहरूबाट नियमित परीक्षार्थीको आवेदन फारम सङ्कलन भइरहेको छ । उक्त विवरण आउनासाथ परीक्षाको तालिका निकालिनेछ । आउँदो असोजको दोस्रो साताभित्रै विशेष परीक्षा लिने परिषद्को योजना छ ।*

***दुर्गाप्रसाद अर्याल***
***कामु परीक्षा नियन्त्रक, उमाशि परिषद्***

**रुब्रिक्स विधिसम्बन्धी जिज्ञासा राख्नुभएका भोजपुर, ओखेस्थित पञ्चकन्या प्राविका शिक्षक दिव्यराज सुवेदीलाई *शिक्षक* को एघारौं अङ्क, फागुन, २०६५ को पृष्ठ ५४ (वेबसाइट www. teacher.org.np) हेर्नुहुन अनुरोध छ । –सं.**

## योग्यता बढाउनुपर्ला ?

म २०६१/२/१२ गते प्राथमिक तृतीय श्रेणीमा स्थायी नियुक्ति पाएको शिक्षक हुँ । विद्यालय क्षेत्र सुधार योजना अनुसार, आधारभूत तह(कक्षा १–८)का लागि आई.एड. गर्नुपर्ने सुनिन्छ । मैले २०४६ सालमै बी.कम. पूरा गरिसकेको छु । अब मैले फेरि आई.एड. गर्नुपर्ला र ?

**मधुसूदन सिग्देल**
**कान्ति मावि, ठिङ्न–३, मकवानपुर**

*आई.एड. बाहेकका प्रमाणपत्र तह उत्तीर्ण गरी दशमहिने तालिम लिएका शिक्षकलाई आई.एड. सरहकै मान्यता दिने सोचाइ शैक्षिक जनशक्ति विकास केन्द्रले राखेको छ । तथापि यसमा ठोस निर्णय चाहिँ भइसकेको छैन । तर, तालिम नलिएका शिक्षकले चाहिँ तालिम लिनुपर्ने वा आई.एड. पूरा गर्नुपर्ने हुन्छ ।*

***शिवकुमार सापकोटा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***


मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

काठमाडौंतर्फ

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौंडाः ०५७-२०५३५ ।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

# शिक्षा र शिक्षकका शत्रु चिनौं !

- हाम्रो सार्वजनिक शिक्षालाई सुध्रिन, सुधार्न या स्तरीय बनाउन नदिने को हुन् ?
- हाम्रा सार्वजनिक विद्यालयलाई सुचारू हुन नदिने या शैक्षिक वातावरण बिगार्ने को हुन् ?
- हाम्रा सार्वजनिक विद्यालयका शिक्षकलाई भाँड्ने, सही ढङ्गबाट पठन-पाठन गर्न बाधा पुऱ्याउने, शिक्षकको मान मर्दन गर्ने को हुन् ?


के ती अभिभावक हुन् ? शिक्षक आफैं हुन् ? विद्यार्थी हुन् ? राजनीतिक दल हुन् ? विद्यालय व्यवस्थापन समितिका पदाधिकारी हुन् ? अभिभावकहरू हुन् ? विद्यार्थी हुन् ? अथवा सरकारको शिक्षा नीति हो ? माथि उल्लिखित वा अनुलिखित कुनै पक्षलाई तपाईं जिम्मेवार ठान्नुहुन्छ भने, किन र कसरी ? आफ्नो विचार/दृष्टिकोण सटिक रूपमा पठाउनुहोस् । सबैभन्दा उत्कृष्ट ठहरिएको आलेखलाई **रू.१०,०००/–** नगदसहित पुरस्कृत गरिनेछ ।

**५ कात्तिक २०६८ भित्र प्राप्त लेख/रचनाहरू यो प्रतिस्पर्धामा समावेश गरिने छन् ।**

**शिक्षक** मासिक

पो.ब.नं. ३९१, मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर


इमेलः mail@teacher.org.np

# फुर्सद



## शब्द खेल-३४




नाम: __ __ __ __ __ __ __

ठेगाना: __ __ __ __ __ __ __


### तेर्सो

१) सर्वपरिचित/नाउँ चलेको
४) कर्णाली अञ्चलअन्तर्गत पर्ने एक जिल्ला
६) काममा बाधा पुऱ्याउने/विघ्न पार्ने
८) होली
१०) हात वा मेसिनद्वारा मालसामानहरू तयार पार्ने ठाउँ
१२) कुनै चीजको अभाव खड्कनाले हुने पिरलो
१३) कपाल खौरिएको टाउको/काटिएको शिर
१४) यसपछि/अनि/यसै क्षण
१५) आँखाको कोसमा लगाउने कालो शृङ्गार साधन
१७) लुटको काम गर्ने/लुट्ने स्वभावको
१९) चन्द्रमाको किरण/चन्द्ररश्मि
२०) मान्यजनको सन्चोबिसन्चो बारे प्रयोग गरिने शरीरवाची शब्द
२२) मुख रसाएर चुहुने लेसाइलो थुक
२३) शरीर दुब्लाएर क्षीण हुँदै जाने एक रोग/क्षयरोग
२५) साथी/मित्र/संगी
२७) सतहभन्दा तलको/भित्री अर्थ भएको
२९) पवन/हावा
३०) विचार, उद्देश्य आदिमा सबै परस्पर मिलेर बस्ने काम

### ठाडो

२) मुजुरको टाउकोमाथि हुने केशगुच्छा
३) खोलाको पानी थुन्नका निम्ति लगाएको छेकबार वा डिल
५) बाघ, भालु आदिको ओडार
६) कुनै जिनिसको प्रकार वा किसिम
७) साधु-सन्न्यासीले हातमा झुण्ड्याएर हिंड्ने जलपात्र
९) टर्च आदिमा राखेर बालिने चीम,
१०) मुर्दालाई ढाक्ने र बेर्ने सेतो कपडा
११) अस्वीकृत गरिएको (फिराद दाबी आदि)
१४) अहो/अहह
१५) गीत/गाना/भजनकीर्तन
१६) पालो नबिराई/धमाधम/लगातार
१८) साधारणभन्दा ठूलो टाउको भएको/ठूलो पदमा रहेको
१९) कुनै कुराको विरोध वा समर्थनमा निस्केको मानिसहरूको पङ्क्तिवद्ध भीड
२१) मृत शरीर
२३) साहसी/आँटिलो
२४) "आस्तिक" को उल्टो
२६) बेसरी उमालेर तताइएको दूध
२८) माटाको लेदो/पानीमा मुछिएको माटो

## अन्ताक्षरी-३४




नाम: __ __ __ __ __ __ __ __

ठेगाना: __ __ __ __ __ __ __ __

१) थाहा नपाएको (३)
२) तपस्या गर्ने (३)
३) स्वीकार गर्ने भाव वा क्रिया (३)
४) तीखो भएको/तिखारिएको (४)
५) कामधन्दा/व्यवसाय/पेशा (४)
६) दिसाबाट रगत जाने रोग/एक किसिमको अतिसार (५)
७) परस्परको काटमार/रगत गिर्ने वा गिराउने काम (४)
८) मन बहलाउने दृश्य, चटक, रमिता आदि (३)
९) समयका दृष्टिले उपयुक्त/समयानुकूल (४)
१०) कमिजको घाँटी वरिपरिको घेरो (३)
११) देखौवा व्यवहार वा ढाँचा (४)
१२) दर्ता वा चलानी कापी (४)
१३) तरूनी तन्नेरी मिलेर गाइने दोहोरी (३)
१४) व्यक्ति वा वाहनको लर्का आउने-जाने काम (४)
१५) त्यसै बेलाको/उसै समयको/त्यतिखेरको (४)
१६) भर्खर जन्मेको/नवोत्पन्न (४)
१७) शरीरमा कुनै किसिमको रोग वा कमजोरी नभएको (४)

**शब्द खेल-३२ को सही उत्तर**

तेर्सो: २) गउँत ४) सागर ६) लक्ष्मी ७) गजल ९) ढाडस ११) अलमल १३) माफ १४) कमी १५) वारदात १७) सवार १९) नानक २१) हानि २२) वसन्त २३) कलिका

ठाडो: १) संयोग २) गगल ३) तलबल ५) गरूड ८) जवाफ ९) ढाल १०) सलामी ११) अमर १२) मद्दत १३) मानिस १४) कम्पन १५) वार १६) दार्शनिक १८) वारेस १९) नायिका २०) कमैया

**अन्ताक्षरी-३२ को सही उत्तर**

१) आरोह २) हरहिसाब ३) बदनाम ४) महादेव ५) वरिपरि ६) रिसाहा ७) हालीमुहाली ८) लीन ९) नसिहत १०) तत्परता ११) तानाशाह १२) हलाहल १३) लगातार १४) रकमान्तर १५) रबाफ/रवाफ १६) फलिफाप

# फुर्सद



## सुडोकु-३४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ४ | | | | | १ | | ९ |
| | ९ | ६ | ३ | | | | ८ | ७ |
| १ | | | | | ७ | | ६ | |
| | | २ | | ५ | | | ४ | |
| | | | ७ | | ८ | | | |
| | ६ | | | ३ | | ९ | | |
| | २ | | ९ | | | | | ५ |
| ५ | १ | | | | ४ | २ | ७ | |
| ६ | | ३ | | | | | ९ | ४ |

नामः _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _

## सुडोकु-३२ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ८ | ९ | ६ | ५ | १ | ३ | ४ | ७ |
| ६ | ७ | ४ | ३ | ९ | २ | ८ | ५ | १ |
| १ | ३ | ५ | ४ | ८ | ७ | २ | ६ | ९ |
| ७ | ९ | २ | १ | ३ | ५ | ६ | ८ | ४ |
| ५ | ४ | ८ | ९ | २ | ६ | १ | ७ | ३ |
| ३ | १ | ६ | ७ | ४ | ८ | ५ | ९ | २ |
| ९ | ६ | ७ | ५ | १ | ३ | ४ | २ | ८ |
| ८ | ५ | ३ | २ | ७ | ४ | ९ | १ | ६ |
| ४ | २ | १ | ८ | ६ | ९ | ७ | ३ | ५ |

सूचनाः शब्दखेल, अन्ताक्षरी र सुडोकुका सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन । -सं.

## सामान्यज्ञान-३४

**१. विश्वको सबैभन्दा पुरानो नगदे बाली केलाई मानिन्छ ?**
(क) सुर्ती (ख) चिया
(ग) जुट (घ) कपास

**२. म्याराथन दौडको दुरी कति हुन्छ ?**
(क) ४२.१९० किमि (ख) २६.१९२ किमि
(ग) ४२.१९५ किमि (घ) २६.१९७ किमि

**३. ल्याटिन कुन देशको राज्य (औपचारिक) भाषा हो ?**
(क) इटाली (ख) ग्रीस
(ग) मोनाको (घ) भ्याटिकन सिटी

**४. महाभारतका भीष्मको खास नाम के थियो ?**
(क) देवदत्त (ख) देवव्रत
(ग) शिवव्रत (घ) गंगाधर

**५. भारत लगायत यूरोप-अमेरिकाका थुप्रै देशहरूले हावाबाट चल्ने मीलबाट बिजुली निकाल्ने गरेका छन् । तर, त्यस्ता मिल (Wind Mill) वर्षमा औसत ३८ दिन बन्द गर्नुपर्छ । किन होला ?**
क) पर्याप्त हावा नचलेर
ख) चाहिनेभन्दा धेरै हावा चलेर
ग) त्यहाँ काम गर्ने कर्मचारी बिदा बस्नु परेकोले
घ) माथिका कुनै पनि कारण होइनन्



## सामान्यज्ञान-३२ को सही उत्तर

१. समान क्षेत्रफल भएका जिल्लाहरू हुन्– रामेछाप र तनहुँ (१,५४६ वर्ग कि.मि.) तथा बर्दिया र डोटी (२,०२५ वर्ग कि.मि.) ।

२. क्लोरोफ्लोरो कार्बन (Chloro Fluoro Carbon) ग्यासले ओजोन तहमा सबैभन्दा बढी क्षति पुऱ्याउँछ ।

३. 'ज्ञ' आफैंमा स्वतन्त्र वर्ण होइन । 'ज' र 'ञ' वर्ण मिलेर 'ज्ञ' बनेको हुन्छ । शब्दकोशमा यो 'ज' अक्षर अन्तर्गत परेको हुन्छ ।

४. सबैभन्दा बढी अक्सिजन पैदा गर्ने रूख पीपल हो ।

५. हालसम्म नोबेल पुरस्कार पाएका ८१७ व्यक्तिमध्ये सबैभन्दा कम उमेरमै सो पुरस्कार पाउने व्यक्ति हुन्– लरेन्स ब्राग, २५ वर्ष । उनलाई सन् १९१५ मा भौतिक विज्ञानतर्फ उक्त पुरस्कार दिइएको थियो ।



# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-३२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***शिवबहादुर रायमाझी/प्रदीप मुक्तान र दीपेन्द्र चौलागाइं*** **गणेश मावि, भीमखोरी-८, काभ्रे**

**सही समाधान पठाउने अन्य सहभागी**
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- वैदेहीशरण यादव, उमावि, वसन्तपुर-३, महोत्तरी
- हरिनारायण खतिवडा, शारदा स.मावि, रामेछाप-३, रामेछाप
- घनश्याम डल्लाकोटी, पाँगा कीर्तिपुर, काठमाडौं
- मीनकुमार दाहाल, खार्मी-५, खोटाङ
- मीठू डल्लाकोटी, निमावि, बजरहट्टी, चितवन
- रमेश शर्मा, राजकुलेश्वर आधारभूत वि., भीमेश्वर-२, दोलखा
- अलका खतिवडा, कान्तिपुर विद्यासदन, बुधबारे-७, झापा
- कृष्णगोपाल पौडेल, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- कृष्णबहादुर रोकाया, गजैपानी उमावि, रायल, बझाङ
- कौशल कु. यादव, मधेशी शिक्षक फोरम नेपाल, महोत्तरी
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- मोहनदेव जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- राज कु. चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- लालबीर रेग्मी, महेन्द्र मावि, ठूलीजिमाली, सल्यान
- रेखा शर्मा 'रेग्मी', महेन्द्र मावि, ठूली जिमाली, सल्यान
- गोविन्द प्र. ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल-१, काभ्रे
- लालबहादुर कार्की, शिक्षा क्याम्पस, सुर्खेत
- हिमाल पौडेल, शिक्षा क्याम्पस, सुर्खेत
- हरिबहादुर वली, शिक्षा क्याम्पस, सुर्खेत
- पल्लवराज जोशी, गोकुलेश्वर ब.क्या., गोकुलेश्वर, दार्चुला
- विनोदप्रसाद यादव, मावि निगौल, महोत्तरी
- रामचन्द्र/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ

**अन्ताक्षरी-३२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका विजेताः** ***केशवराज देवकोटा*** **बालकन्या उमावि, कोटवार-८, टाटके, सल्यान**


**सही समाधान पठाउने अन्य सहभागी**
- माधवप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- राम प्र. शर्मा 'पौडेल', बाल जागृति प्रावि, बगुवाखोला, म्याग्दी
- कृष्णहरि थापा, चन्द्रावती उमावि, लेखानी-५, पोखरी, उदयपुर
- लालबहादुर कार्की, विजयश्वरी-६, रूकुम
- चन्द्रा वली 'कार्की', विजयश्वरी-६, रूकुम
- शिवकुमार अधिकारी, सप्तधारा मावि, जीता-८, लमजुङ
- पुष्पराज रेग्मी, सप्तधारा मावि, जीता-८, लमजुङ
- रूद्र श्रेष्ठ, पाँचकन्या प्रावि, कदमबास-७, सिन्धुपाल्चोक
- दामोदर सिंह धामी, हुनैनाथ मावि, चन्दनपुर, दार्चुला
- घनश्याम डल्लाकोटी, पाँगा, कीर्तिपुर, काठमाडौं
- मीठू डल्लाकोटी, निमावि, बजरहट्टी, चितवन
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- नेत्र ब. के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, धियाँल-७, मकवानपुर
- बलराम इटनी, सालबास उमावि, चैनपुर, धादिङ
- हरिनारायण खतिवडा, शारदा सं. मावि, रामेछाप-३, रामेछाप
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- बुद्धिलाल तामाङ, हिमचुली स्कूल, खुदी-१, लमजुङ
- मनमोहन सुन्दर श्रेष्ठ, दुर्गा मावि, चन्द्रनिगाहपुर-१, रौतहट
- वासुदेव दाहाल, मदन आश्रित प्रावि, बेंगाडावर-७, धनुषा
- जनार्दन घिमिरे, भगवती मावि, नुवाकोट-५, अर्घाखाँची
- विष्णुभक्त जैसी, देउरादेवी प्रावि, सुतार, अछाम
- गणेश कु. वली, सरस्वती मावि, चेपाङ, सुर्खेत
- नन्दलाल वली, कालिका मावि, लालीकाँडा-१, दैलेख
- रञ्जिता ए.सी., किसान उमावि, झडेवा-९, पाल्पा
- नारायणबाबु जोशी, सरस्वती प्रावि, मार्बु-८, दोलखा
- हेमराज अर्याल, नलाङ मावि, नलाङ-८, धादिङ
- कृष्ण प्र. निहुरे, ककालिङ् हरिसिद्धि उमावि, ठूलो पाखर-३, सिन्धुपाल्चोक
- नीलकण्ठ ढुङ्गाना, जनप्रिय उमावि, दरबाङ्, म्याग्दी
- सरिता तिमल्सेना, भाषा निमावि, वडकादियाले-५, खोटाङ

**सुडोकु-३२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***राजन भुजेल*** **भाषा निमावि, वडकादियाले-५, खोटाङ**

**सही समाधान पठाउने अन्य सहभागी**
- रंगलाल सुनुवार, गोल्माडाँडा प्रावि, दाइजोर-८, रामेछाप
- भुवन आचार्य, जनज्योति प्रावि, रातमाटा, सिन्धुली
- प्रेम कु. आले, मधुगंगा निमावि, हत्पते-१, सिन्धुली
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- माधव प्र. ज्ञवाली, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- नवल कु. ठाकुर, कल्लाबारी मावि, दूधपोखरी-८, दोलखा
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- रूद्र ब. श्रेष्ठ, पाँचकन्या प्रावि, कदमबास-७, सिन्धुपाल्चोक
- सुमन लामा, गुह्येश्वरी मावि, सिनामंगल, काठमाडौं
- देवनारायण चौधरी, थानपोखरी मावि, ज्यामिरेझोर, उदयपुर
- गोविन्द प्र. ढुङ्गाना, महाँकाल निमावि, ठूलोपर्सेल-१, काभ्रे
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- वीरसिंह बगाल, खरकडा-४, दार्चुला
- टीकाबल्लभ पराजुली, लालीगुराँस प्रावि, किमाल-२, भोजपुर
- प्रदिप थापा/मनु गिरी, सप्तधारा मावि, जीता-८, लमजुङ
- लाल ब. डि.सी., सरस्वती मावि, सिमघाट, सहारे-८, सुर्खेत
- तेजिन थुलुङ राई, माङतेवा-५, मुर्मिटोल, सङ्खुवासभा
- प्रकाश पाण्डे, विष्णु उमावि, पोखराथोक-७, पाल्पा
- ध्रुव प्र. न्यौपाने, इथुङ् उमावि, रानीटार-६, पाँचथर
- शुभेच्छा डल्लाकोटी, राराहिल मेमोरियल स्कूल, कीर्तिपुर
- निरमाया श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, सिन्धुपाल्चोक
- टेक ब. चौहान, महेन्द्रोदय मावि, बोया-४, भोजपुर
- खिलराज थापा/कैलाश ढकाल, जनता मावि, डुम्रे-१, उदयपुर
- कृष्ण कु. नगरकोटी 'श्रेष्ठ', बालमन्दिर प्रावि, खोटाङ
- गंगादत्त भट्ट, गोल्मादेवी मावि, कदमबास-३, सिन्धुपाल्चोक
- देवचन्द्र श्रेष्ठ, ७१ 'क', बैकमार्ग, बागबजार, काठमाडौं
- तुल ब. पुन, भृकुटी प्रावि, भलाका राङसी, रोल्पा
- ओम खाम्चा, नारायण मावि, ठिमुरे-१, पाल्पा
- होमनाथ पराजुली, सिंहबाहिनी प्रावि, हैलौछा, भोजपुर
- पल्लवराज जोशी, गोकुलेश्वर बहुमुखी क्याम्पस, दार्चुला
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, धियाँल-७, मकवानपुर
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- मोहनदेव जोशी, रिठाचौपाता-८, दार्चुला
- चन्द्र प्र. वली, भैरव मावि, धुपिढुस्का, जुम्ला
- लालमणि भट्टराई, जोगवाणी प्रावि, भुवनपोखरी-३, पाल्पा
- सुनिल भट्टराई, कटुञ्जे मावि, कटुञ्जे, ओखलढुङ्गा
- राजेश पुन/ललित पुन, राङसी-२, रोल्पा
- निर्मला खत्री, कोपिला बाल विकास केन्द्र, वैजनाथ नमुना उमावि, कञ्चनपुर
- शम्भु ब. आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- प्रकाश खड्का, कालिका मावि, पिपलादी-८, कञ्चनपुर
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- दीपक भट्टराई, जोगवाणी प्रावि, भुवनपोखरी-३, पाल्पा
- पदम प्र. न्यौपाने, सेतीदेवी निमावि, साँघुटार-३, रामेछाप
- दीपेन्द्र कु. झा, भीमेश्वर निमावि, रामपुर-७, रामेछाप
- कौशल कु. यादव, मधेशी शिक्षक फोरम नेपाल, महोत्तरी
- अलका खतिवडा, कान्ति विद्यासदन, बुधबारे-७, झापा
- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- राम प्र. शर्मा 'पौडेल', बाल जागृति प्रावि, बगुवाखोला, म्याग्दी
- माधव प्र. ज्ञवाली, संस्कृत तथा साधारण मावि, गुल्मी
- कृष्णहरि थापा, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- नेत्र ब. के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- हरिनारायण खतिवडा, शारदा सं. मावि, रामेछाप-३, रामेछाप
- गणेश कु. वली, सरस्वती मावि, चेपाङ, सुर्खेत
- नन्दलाल वली, कालिका मावि, लालीकाँडा-१, दैलेख
- रमेश शर्मा, राजकुलेश्वर आधारभूत वि., भीमेश्वर-२, दोलखा
- रामजी राउत, जनज्योति प्रावि, माकुरे रिस्कु-४, उदयपुर
- गुप्त ब. भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी
- प्रमोद कु. दास, दीपेन्द्र निमावि, रिस्कु-६, उदयपुर
- लीला प्र. शर्मा 'पौडेल', भीम मावि, राजदाङ्, म्याग्दी
- चन्द्रकान्त पहाडी, दुधौली-९, सिन्धुली
- रामकुमार श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप

**सामान्यज्ञान-३२: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः दीपक भट्टराई जोगवाणी प्रावि, भुवनपोखरी-३, पाल्पा**

**सही समाधान पठाउने अन्य सहभागी**
- पशुपति भट्टराई, श्रीवेदवेदाङ्ग संस्कृत तथा साधारण उमावि, सिध्देश्वर-३, पाल्पा
- तीर्थराज गौली/काजी ब. थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- कृष्णहरि थापा, चन्द्रावती उमावि, लेखानी-५, उदयपुर
- लक्ष्मी थापा, त्रि.न.पा.-२, गाईघाट, उदयपुर
- घनश्याम डल्लाकोटी, पाँगा, कीर्तिपुर, काठमाडौं
- सदिच्छा डल्लाकोटी, राराहिल मेमोरियल स्कूल, कीर्तिपुर, काठमाडौं
- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत




**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० भदौ २०६८** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

आलोपालो

# छोराका शिक्षकलाई लिङ्कनको पत्र



**प्रिय शिक्षक मित्रहरू,**

मेरो मान्यता र अनुभवमा, मेरो छोराले के जानोस् भने
विश्वका सबै मानिस विवेकशील छैनन्,
अनि सच्चा पनि छैनन्
यसकारण उसलाई- को असल हुन् र को खराब हुन् भनेर
चिन्ने युक्ति सिकाइदिनोस् ।

उसलाई भनिदिनोस्- खराब भनिएको मानिसभित्र पनि
असल काम गर्ने गुण हुन्छन्
स्वार्थी भनिएका राजनीतिज्ञको भीडमै राजनेता पनि हुन्छन् ।
अनि, शत्रु मानिएकाहरू बीचमै असल मित्र पनि हुन्छन् ।

उसले बुझ्न धेरै समय लगाउला, तर बुझाइदिनोस्
अरूको धन पाए जत्तिपनि लिने भन्दा
स्व-आर्जनमा रमाउने चरित्रका मानिस असल हुन् ।

हारलाई सहर्ष स्वीकार्न र
विजयोल्लास मनाउन पनि सिकाइदिनोस्
उसलाई ईर्ष्या र शत्रुताको मार्गभन्दा टाढा पुऱ्याइदिनोस् ।
अनि अन्तरमनले खुसी हुन सकिने कला पनि सिकाइदिनोस्

उसलाई आजै भनिदिनोस्- घमण्ड गर्नेहरूको छिट्टै पतन हुन्छ
तपाईं सक्नुहुन्छ भने, उसलाई
विद्या र पुस्तकको शक्ति र महिमा पनि बताइदिनोस् ।
साथै, स्वतन्त्र भएर आकाशमा उडेका पक्षीहरू किन खुसी छन्
भन्ने रहस्य बुझ्न कोसिस गर्ने बानी बसाइदिनोस् ।

सूर्यको प्रकाशमा आनन्दले भुन्भुनाउँदै नाँच्दै गरेका माहुरीका
गीतका अर्थहरू बुझ्न सक्ने बनाइदिनोस्
हरिया वनस्पतिका फूलवृक्ष आदिले शोभायमान पर्वतको
सुन्दरताको प्रशंसा गर्न सक्ने बनाइदिनोस् ।

उसलाई प्रस्ट भनिदिनोस्-नक्कल गरेर उत्तीर्ण हुनुभन्दा
इमानदार हुँदा अनुत्तीर्ण हुनु चाहिँ इज्जतको कुरा हो ।
अनि बताइदिनोस्-आफूलाई सही लागेको विचार र
आफ्नो क्षमतामा विश्वास गर्ने बानी नै असल बानी हो ।

भद्रहरूसँग भद्र र कठोरसँग कठोर हुन पनि सिकाइदिनोस्
सक्दो कोसिस गरेर, मेरो छोरामा
यस्तो शक्ति भरिदिनुहोस् कि उसले निरर्थक होहल्ला मच्चाउने
भीडको पछि लाग्न नपरोस् ।

उसलाई सबैका कुरा सुन्नसक्ने क्षमताले भरिपूर्ण बनाइदिनोस्
साथै, सुनेका कुरालाई विवेकको चाल्नीमा छानेर
सत्य पहिल्याउने कला सिकाउन पनि नबिर्सिदिनोस् ।
सत्यको पक्षमा अटल भएर उभिने बानी बसाइदिनोस्
दु:खमा पनि शान्त रहने सहनशील बनाइदिनोस्
रुन पनि सिकाइदिनोस्
र, भनिदिनोस्, रुनु लाज लाग्ने कुरा होइन ।

बुद्धि र वर्कतले काम गर्ने जाँगर र हौसला भरिदिनोस्
भए जति क्षमता प्रदर्शन गर्ने आँट पनि भरिदिनुहोस् ।

त्यति मात्र होइन, आफ्नो हृदय र आत्माको मूल्यमा कुनै
सम्झौता नगर्ने हठ गर्न पनि सिकाइदिनुहोस्
भीडतन्त्रको कोलाहललाई सहजै पन्छाउन सक्ने बनाइदिनोस्
तर, साँचो कुरामा सदा अडिग रहन पनि सिकाइदिनुहोस् ।

ऊसँग नरम व्यवहार गर्नुहोला, तर दृढ बनाइदिनुहोला
उसलाई नपुल्पुल्याउनु होला- किनभने,
आगोको भट्टीमा नपोली राम्रो स्टील बनाउन सकिँदैन ।
उसमा यति धेरै साहसको भकारी भरिदिनुहोस् कि
समयका आँधी र हुरीलाई सहजै सामना गर्न सकोस् ।

उसलाई सहनशीलताको कुण्डको अमृतपान गराइदिनुहोला
अनि असल काम गर्ने नायक बन्ने बाटो देखाइदिनुहोला ।

कस्तै सङ्कटमा पनि अधैर्य र अस्थिरतालाई हटाउन सक्ने
धैर्यको पहिरन लगाइदिनुहोला ।
उसलाई सधैँभरि सम्झाइरहनुहोला,
अन्तरात्मा र विवेकप्रति सधैँ अटल विश्वास राख्नुपर्छ
अनि मात्र अरूप्रति आशा र भरोसा राख्न सकिन्छ ।

मेरो छोरो कलिलो बालकै छ,
त्यसलाई असल नागरिक बनाउन अवश्य कोसिस गर्नुहोला ।

तपाईं शिक्षकहरूलाई मेरो अन्तरहृदयदेखि अनुरोध छ,
तपाईंहरूले यति काम गर्न सक्नुहुन्छ,
त्यसको बोध तपाईंहरूलाई पनि होस् !

*(लिङ्कन अमेरिकाका १६औं राष्ट्रपति (सन् १८६१-६५) हुन् ।)*

सरलीकृत अनुवादः **हस्त गुरुङ**


See the world differently this morning.
The best global and local news, in one simple package.
Subscribers will get free access to NYTimes.com
Call : 4268656 subs@myrepublica.com
Rs. 25
International Herald Tribune
República
FEDERER FALLS TO SODERLING
International Herald Tribune
THE GLOBAL EDITION OF THE NEW YORK TIMES
Forecasts brightening for world economy
Report raises outlook, but also cautions of risks from Europe and Asia
E.U. agrees to release stress tests of big lenders
Move aimed at reviving confidence, but only 25 major banks are affected



MAW Morang Auto Works, Tripureshwor, Kathmandu : 01-4261160, 4261847